सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ चैत २०८२, बुधबार (25 March 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

न्यायिक विलम्बको चक्रव्यूहमा रवि

राजनीतिक 'प्रतिशोध' साध्दै मुद्दामाथि मुद्दा लगाएकाले 'रविले न्याय पाउनुपर्छ' भन्दै ४० लाखभन्दा धेरै नागरिकले हस्ताक्षर गरेका छन्, चुनावमा झन् उनकै पार्टीले अथाह जनमत पायो, तर न्यायपालिकाले भने महान्यायाधिवक्ताको निर्णय ठिक हो कि होइन भन्ने निर्णयसमेत नदिएर मुद्दा तन्काइरहेको छ

शिल्पा कर्ण, कमलराज भट्ट

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई लगाइएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोग संशोधन गर्ने महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णयको वैधानिकतालाई चुनौती दिँदै सर्वोच्च अदालतमा दायर रिटको सुनुवाइ अनिश्चित रूपमा लम्बिँदै गएको छ। लामिछाने पक्षका कानुन व्यवसायीहरूले यो ढिलासुस्तीलाई 'न्यायिक प्रक्रियाको नाममा नियोजित विलम्ब' भन्दै गम्भीर प्रश्न उठाएका छन्।

सर्वोच्च अदालतमा दायर तीनवटा उत्प्रेषण रिट अग्राधिकार प्राप्त मुद्दाका रूपमा दर्ता भए पनि सुनुवाइ हप्तौंदेखि 'हेर्न नमिल्ने' र 'हेर्दाहिँदै'मै थन्किएको छ।

२७ फागुनमा न्यायाधीश सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले मुद्दालाई तत्काल किनारा लगाउनुपर्ने प्रकृतिको ठहर गर्दै हेर्न नहुनेबाहेक पेसी स्थगित नहुने गरी १ चैतमै पूर्ण सुनुवाइमा लैजान आदेश दिएको थियो। तर, त्यसपछिको अवस्था फरक रह्यो। सोमबारदेखि सुरु सुनुवाइ 'हेर्दाहिँदै'मा राखेर मंगलबार पनि निरन्तर भएकामा अब बिहीबारका लागि पेसी तोकिएको छ।

> कानुनी रूपमा यो मुद्दाले रविको शपथ रोकिँदैन

'अग्राधिकार भनेको छिटो निर्णयका लागि हो, तर यहाँ त हप्तौंसम्म हेर्दाहिँदैमा राखेर मुद्दा लम्ब्याइँदै छ,' लामिछाने पक्षका कानुन व्यवसायी डा. नारायण कँडेलले भने, 'अदालत ल (कानुन)ले चल्नुपर्ने हो, तर ल, ल, ल, ल (लम्ब्याउने)ले चलेको छ।'

सात घण्टाको एकपक्षीय बहस, बेन्च मौन

न्यायाधीश विनोद शर्मा र अब्दुल अजिज मुसलमानको वर्तमान इजलासले सुनुवाइ प्रारम्भ गर्दा तय गरेको समय विभाजन र त्यसको वास्तविक कार्यान्वयनबिचको खाडल उदेकलाग्दो छ। सुरुमा न्यायाधीशहरूले टिफिन समयसम्म फाइल अध्ययन गर्ने र त्यसपछि क्रमशः निवेदक, सरकारी वकिल र प्रतिवादीको बहस सुनेर साँझसम्म फैसला सुनाउने कार्यतालिका बनाएका थिए। तर, व्यवहारमा निवेदक पक्षका कानुन व्यवसायीलाई असान्दर्भिक विषयमा घण्टौं समय खर्चिन छुट दिइयो।

निवेदक पक्षका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले अधिल्लो

» पृष्ठ २ मा क्रमशः



रवि लामिछानेको मुद्दामा महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्धको रिट दुई महिना पार गर्दा पनि 'हेर्दाहिँदै'मा

कहिले के भयो ?

- ३० पुस : लामिछानेविरुद्ध लगाइएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोग संशोधन गर्ने महान्यायाधिवक्ताको निर्णय
- २ माघ : निर्णयअनुसार अभियोग संशोधन
- ४ माघ : सर्वोच्चमा रिटहरू दर्ता
- ६ माघ : कारण देखाऊ आदेश, प्रमाण माग र अन्तरिम आदेशका लागि छलफलमा झिकाउने आदेश
- ८ माघ : हेर्न नमिल्ने
- ११ माघ : फेरि कागजात माग, अन्तरिम आदेश छलफलका लागि झिकाउने आदेश
- २५ फागुन : हेर्न नमिल्ने
- २७ फागुन : पूर्ण सुनुवाइको निम्ति पेस गर्ने
- १, २, ३ र ५ चैतमा सुनुवाइ : संशोधित निर्णय पेस गर्ने आदेश
- ९ र १० चैत : १२ गतेका लागि 'हेर्दाहिँदै'मा

इजलास फेरिँदै, निष्कर्ष टाढिँदै

१ चैतदेखि न्यायाधीश शारंगा सुवेदी र सुनीलकुमार पोखरेलको इजलासमा लगातार तीन दिन हेर्दाहिँदैमा राखेर बहस भयो। चौथो दिन भने महान्यायाधिवक्ताको संशोधित निर्णय फाइलमा नभेटिएको भन्दै सो पेस गर्न आदेश दियो इजलासले। जबकि पूर्वमहान्यायाधिवक्तासमेत रहेका वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले 'उक्त संशोधित निर्णय बहसकै क्रममा आफूले पेस गरिसकेको' बताएका थिए। त्यसपछि सोमबारदेखि न्यायाधीश विनोद शर्मा र अब्दुल अजिज मुसलमानको इजलासमा सुनुवाइ सुरु भयो। तर, यो बेन्चमा समेत दुई दिन हेर्दाहिँदैमा रहे पनि मुद्दा टुंगिन सकेको छैन। अदालतभित्रको यो अलमललाई केवल प्राविधिक कमजोरी मात्र ठान्न नमिल्ने विश्लेषकहरू बताउँछन्। कानुन तथा न्याय प्रशासनका जानकारहरूले नाम नबताउने सर्तमा सर्वोच्चमा विचाराधीन राजनीतिक दलका संवेदनशील मुद्दाहरू 'बार्गेनिङ चिप्स'का रूपमा प्रयोग भइरहेको संकेत देखिएको बताएका छन्।

■ कानुनका जानकारहरू भन्छन्-

अनावश्यक विलम्ब भयो



● **बलराम केसी**, सर्वोच्चका पूर्वन्यायाधीश

मुद्दा पनि ढिलो भयो, समय धेरै लाग्यो। पहिला नै सक्कल फाइल हेरेर, सबै कुरा बुझेर, रिट, अंग पुऱ्याएर बहस सुरु गरिदिएको भए हुन्थ्यो र सुनुवाइ सुरु भएपछि फाइल खोज्न लगाउनु कमजोरी भयो। तर, पन्छाउने खोजेजस्तो त लाग्दैन।



● **विपिन अधिकारी**, संविधानविद्

यो मुद्दा रास्वपाका लागि र रवि लामिछानेका लागि पनि महत्त्वपूर्ण छ। रिट जुरिडिक्सनमा यसलाई धेरै दिन लगाउनुपर्ने कारण छैन। किनभने जुन कानुन र तथ्यमा टेकेर महान्यायाधिवक्ताले निर्णय गरेको छ, त्यो ठिक छ कि छैन भन्ने मात्रै कुरा हो। त्यसका लागि फाइल हेरिसकिएको छ, हेर्दाहिँदैमा पनि धेरै लामो लगिएको छ। न प्रमाणको प्रश्न छ, न त तथ्यको प्रश्न छ, तथ्यमा त सम्बन्धित अदालतले गर्ने हो। कानुनको प्रश्न क्लियर्ली छ। लामो प्रक्रियामा जानु जरुरी छैन। सरकार बनाउने दलको सभापतिसँग जोडिएको विषय भएकाले चाँडो टुंग्याइदिए एउटा निकास हुन्छ।



● **दिनेश त्रिपाठी**, वरिष्ठ अधिवक्ता

अस्ति चार दिन सुनुवाइ गरिसकेपछि फेरि फाइल झिकाउने कुराले अदालतको किमती समय खर्चियो। सुनुवाइ गरेर त्यहीँ झिकाउन सकिन्थ्यो, अनावश्यक लम्बियो। एउटै मुद्दामा फुल फेज बहस नै कतिपटक भइसक्यो। जटिल मुद्दा भयो कि पन्छिने, आफ्नो ठाउँको नपरे हुन्थ्यो भन्ने प्रवृत्ति छ। यसलाई सुधार्नुपर्छ। सिद्धान्ततः सही, द्रुत र न्यायोचित सुनुवाइ हुनुपर्छ, विलम्ब हुनुभएन।



● **डा. नारायण कँडेल**, अधिवक्ता

अग्राधिकार भनेको छिटो निर्णयका लागि हो, तर यहाँ त हप्तौंसम्म हेर्दाहिँदैमा राखेर मुद्दा लम्ब्याइँदै छ। अदालत ल (कानुन)ले चल्नुपर्ने हो, तर ल, ल, ल, ल (लम्ब्याउने)ले चलेको छ।

विपत्का घटनाबाट बागमती प्रदेशमा १० वर्षमा १०३८ को मृत्यु



प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार ०७२ देखि ०८२ असार मसान्तसम्म १३ जिल्लामा ६ हजार ८३९ वटा विपत्का घटना हुँदा १ हजार ३८ को मृत्यु भएको छ भने १८१ जना बेपत्ता भएका छन्। घटनामा २३ सय ११ जना घाइते भएका छन्।

(विस्तृत पृष्ठ ३)

संविधान होइन, नेता सुधिनुपऱ्यो अब



अग्रलेख

● बलराम केसी

संविधान संशोधनले संविधान सुध्रेन्छ, तर त्यसले नेता सुधार्दैन। नेपालको आवश्यकता नेताको सुधार हो, संविधानको होइन।

(पृष्ठ ४)

कुन देशसँग कति छ रणनीतिक तेल भण्डार ?



इरानले अन्तर्राष्ट्रियस्तरमा विशाल परिणाममा तेल प्रवाह हुने समुद्री नाका हर्मुज अवरोध गरेपछि शक्तिराष्ट्रहरूले रिजर्भ तेल निकाल्न थालेका छन्

(पृष्ठ ५)

नागढुंगा सुरुङमार्ग सञ्चालन गर्न चिनियाँ कम्पनीको प्रस्ताव सबैभन्दा सस्तो



छनोट भएको विदेशी सेवाप्रदायक कम्पनीले पहिलो पाँच वर्ष सुरुङमार्ग सञ्चालन गर्ने

वैशाखमा ट्रायल, असारदेखि व्यावसायिक सञ्चालन

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.



■ कांग्रेस केन्द्रीय समिति बैठकमा प्रस्ताव

२४-२६ भदौमा १५औं महाधिवेशन



मंगलबार केन्द्रीय समिति बैठकमा सम्बोधन गर्दै सभापति गगन थापा
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

प्रस्तावित कार्यतालिका

- असारसम्म क्रियाशील सदस्यता वितरण र अद्यावधिक
- साउनभित्र जनसम्पर्क समितिको अधिवेशन
- ६ साउनमा ६ हजार ७४३ वडामै वडाअधिवेशन
- १२ साउनमा गाउँ-नगरपालिका अधिवेशन
- २३ साउनमा प्रदेश सभा क्षेत्रीय अधिवेशन
- ३० साउनमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन
- ६-७ भदौमा जिल्ला अधिवेशन
- १५-१६ भदौमा प्रदेश अधिवेशन
- २४-२६ भदौमा १५औं केन्द्रीय महाधिवेशन

> केन्द्रीय कार्यसमिति बैठकमा महामन्त्री प्रदीप पौडेलले पेस गरेको प्रस्तावमाथि केन्द्रीय सदस्यहरूले बोल्ने क्रम सुरु भएको छ, मंगलबार २६ जनाले धारणा राखेका छन्

पर्शुराम काफ्ले/नयाँ पत्रिका

गगन थापाले २४-२६ भदौमा पार्टीको १५औं केन्द्रीय महाधिवेशन प्रस्ताव गरेका छन्। मंगलबार पार्टी केन्द्रीय कार्यसमिति बैठकको सुरुमा सम्बोधन गर्ने क्रममा थापाले गरेको प्रस्ताव पार्टी

» पृष्ठ २ मा क्रमशः

● बैठकमा गगनको गर्जन

पार्टीको अब ग्रान्ड रिफर्म हुन्छ, मैला पातहरू हटाइन्छ

चुनावपछि पहिलोपटक केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै सभापति थापाले पार्टीभित्र अब व्यापक शुद्धीकरण र 'ग्रान्ड रिफर्म' (बृहत् सुधार) गरेर अघि बढ्ने उद्घोष गरे। 'पार्टीमा अब सानो सुधार होइन, ग्रान्ड रिफर्म चाहिएको छ। सत्ताका लागि सिद्धान्तहीन सम्झौता र राज्यशक्तिको दुरुपयोग गर्नेजस्ता मैला पातहरू अब हटाउनुपर्ने समय आएको छ,' थापाले भने, 'पार्टीको भद्दा संरचनाले यसको मौलिकता थिचिएको छ। चार पुस्ताको विविधतालाई काग्रेसको शक्तिमा बदल्नुपर्नेछ। काग्रेस पार्टीलाई केवल इलेक्सन मेसिन मात्र बनाउने होइन, एक जीवन्त सामाजिक आन्दोलनका रूपमा पुनर्जागृत गर्नुपर्ने संकल्प गर्ने वेला आएको छ।'

थापाले हतास मानसिकताका आधारमा नभएर राजनीतिक जवाफदेहिताको कसीमा उभिएर चुनावी हारको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिएको बताए। 'म यो टिमको क्याप्टेन हुँ र मेरो नेतृत्वमा हामी निर्वाचनमा गएका हौं। त्यसैले हारको जिम्मेवारी मैले लिनुपर्छ भन्ने मेरो दृढ निष्कर्ष थियो,' सभापति थापाले भने। तर, विशेष महाधिवेशनबाट आएको नेतृत्वले नै बाँकी जिम्मेवारी पूरा गर्नुपर्ने पार्टी निर्णय गरेपछि त्यसलाई सम्मान गरेको बताए। सभापति थापाले अब पार्टीमा नयाँ अध्यायको प्रारम्भ भएको पनि बताए। 'अब राजीनामाको अध्याय समाप्त भयो। पार्टीलाई १५औं महाधिवेशनतर्फ डोऱ्याउने जिम्मेवारी अब पूरा गर्नेछु,' थापाले भने।

पार्टीमा समानान्तर गतिविधि सुरु गर्ने तयारीमा रहेको देउवा समूहलाई लक्षित गर्दै सभापति थापाले पार्टीको 'गाडी' अब अगाडि बढिसकेको र अब नछोड्ने टिप्पणी गरे। उनले पूर्वसभापति देउवालाई लक्षित गर्दै विगतमा ५-६ पटक उम्मेदवार भएर चुनाव जितेकाहरूले यसपटक निर्वाचनका वेला पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गर्ने वा रुख चिह्नमा मत नमागेको भन्दै आलोचना गरे।

यस्तो प्रवृत्तिलाई उनले गम्भीरतापूर्वक 'नोटिस'मा लिएको बताए। 'पार्टीको सदस्य भएर शपथ खाएपछि उम्मेदवारलाई जिताउनु कर्तव्य हो। तर, ५-६ पटक विगतमा उम्मेदवार भएकाहरूले हिजो उनका लागि झोला बोकेर हिँडेका नेता-कार्यकर्तालाई मत माग्न एकपटक पनि नटेक्ने प्रवृत्तिलाई मैले गम्भीरतापूर्वक नोटिसमा लिएको छु,' थापाले भने।

७७ जिल्लामै पुग्यो एसइई प्रश्नपत्र

१९ चैतदेखि सुरु हुने एसइई सञ्चालन गर्न १९ सय ९१ परीक्षा केन्द्र, ५ लाख ९ हजार ९६१ परीक्षार्थी सामेल हुँदै



● **विष्णु ज्ञवाली**, डेपुटी कन्ट्रोलर, परीक्षा बोर्ड

एसइई आउन अब केही दिन मात्रै बाँकी छ। प्रश्नपत्र छाप्ने तथा सम्बन्धित जिल्लाहरूमा परीक्षा केन्द्र व्यवस्थापन गर्ने कार्य भइसकेको छ। सुरक्षा निकायसँग पनि सुरक्षा प्रबन्धबारे छलफल भइरहेको छ। परीक्षा मर्यादित रूपमा सञ्चालन हुन्छ, विद्यार्थीलाई परीक्षा हलमा कुनै पनि प्रकारको डिभाइस प्रतिबन्ध छ, परीक्षा केन्द्रहरू सुरक्षित बनाएका छौं।


शिवहरि घिमिरे/नयाँ पत्रिका

१९ चैतदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)का लागि ७७ जिल्लामै प्रश्नपत्र पुगेको छ। सबै जिल्लाका जिल्ला प्रहरी कार्यालयमा प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याइएको राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको हो।

उक्त प्रश्नपत्र र उत्तरपुस्तिका प्रहरीले परीक्षा मितिकै दिन वा अवस्था हेरेर त्यसअघि नै जिल्ला शिक्षा समन्वय इकाइसँग सहकार्य गरी परीक्षा केन्द्रहरूमा पुऱ्याउने योजना छ। जापानमा एकसहित देशभर एक हजार ९९१ परीक्षा केन्द्र तोकिएको छ भने पाँच लाख नौ हजार परीक्षार्थी सामेल हुँदै छन्। कुल परीक्षार्थीमा दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्र छन्।

'एसइई आउन अब केही दिन मात्रै बाँकी छ। प्रश्नपत्र छाप्ने तथा सम्बन्धित जिल्लाहरूमा परीक्षा केन्द्र व्यवस्थापन गर्ने कार्य भइसकेको छ। सुरक्षा निकायसँग पनि सुरक्षा प्रबन्धबारे छलफल भइरहेको छ,' परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले भने, 'परीक्षा मर्यादित रूपमा सञ्चालन हुन्छ, विद्यार्थीलाई परीक्षा हलमा कुनै पनि प्रकारको डिभाइस प्रतिबन्ध छ, परीक्षा केन्द्रहरू सुरक्षित बनाएका छौं।' एसइईको प्रश्नपत्र जनक शिक्षा सामग्री केन्द्रले छापेको हो। १९ चैतदेखि २९ चैतसम्म बिहान ८ बजेदेखि परीक्षा सञ्चालन

» पृष्ठ २ मा क्रमशः



● जापानमा एउटा परीक्षा केन्द्र, २३ विद्यार्थी


असार तेस्रो साता नतिजा सार्वजनिक

एसइई सकिएलगत्तै देशका अधिकांश जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा कापी परीक्षण हुनेछ भने कतिपय सुरक्षा संवेदनशील भएका जिल्लाको कापी परीक्षणको ठाउँ बोर्डले नै तोक्नेछ। बोर्डले परीक्षा सकिएको ठिक तीन महिनाभित्र परीक्षाफल प्रकाशन गर्ने वार्षिक क्यालेन्डर नै तय गरेको छ। असार तेस्रो साता नतिजा प्रकाशन गर्ने गरी परीक्षालगत्तै कापी परीक्षण थालिने बोर्डले जनाएको छ।

४७ सांसदले मातृभाषामा शपथ लिँदै

ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले आज र अन्य सांसदको भोलि शपथ लिने

नयाँ पत्रिका



प्रतिनिधिसभाका नवनिर्वाचित ४७ सांसदले १७ मातृभाषामा शपथ लिने भएका छन् । मातृ भाषामा शपथ लिन सांसदहरूले आफ्नो नाम संसद् सचिवालयमा टिपाएका छन् ।

शपथसम्बन्धी ऐनको दफा ५ मा कुनै सार्वजनिक पद धारण गर्ने व्यक्तिले नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिन सक्ने व्यवस्था छ । मातृभाषाको विवरण शपथ गराउने पदाधिकारीसमक्ष उपलब्ध गराउनुपर्ने पनि व्यवस्था छ । संसद् सचिवालयका अनुसार नेपाल भाषामा शपथ लिन अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुसुम महर्जन, कृपा महर्जन, गंगालक्ष्मी अवाल, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जित, विराजभक्त श्रेष्ठ, सहजान खातुनले निवेदन दिएका छन् ।

डोटेली भाषामा आकृति अवस्थी, दीपकराज बोहरा र हरिनादेवी कामीले शपथ लिँदै छन् । त्यस्तै, मैथिलीमा अंकिता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, कामिनी कुमारी, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्र साह कलवार, निशा मेहता, मनीष झा, मातृकाप्रसाद यादव, रामजी यादव, सीताराम साह, शम्भुकुमार यादव र जोगकुमार बरबरिया यादवले शपथ लिँदै छन् ।

बजिका भाषामा नीतिमा भण्डारी कार्की र राजेशकुमार चौधरीले शपथ लिने भएका छन् । भोजपुरीमा कन्हैया बनियाँ, बुद्धिप्रसाद पन्त र रवीन्द्र पटेलको शपथ हुनेछ ।

थारू भाषामा अमरकान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, प्रमिलाकुमारी गच्छदार, सुरेन्द्र चौधरी तथा कठरिया थारू भाषामा करिश्मा कठरिया र राना थारूमा कृपाराम रानाले शपथ लिनेछन् । मगही भाषामा प्रमोदकुमार महतो र राजकिशोर महतोले शपथ लिनेछन् ।

संस्कृतमा खुश्बु ओली, बान्तावामा ध्रुवराज राई, तामाङमा परशुराम तामाङ, चाम्लिङमा निश्कल राई, अवधिमा मोहम्मद इश्तियाक राई, बझांगीमा ऐनबहादुर महर, छन्त्यालमा गंगा छन्त्याल र मगर खाममा रेनुका काउचाले शपथ लिनेछन् ।

संसद् सचिवालयले १२ चैतमा प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूको शपथ गराउँदै छ । बुधबार ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपतिबाट शपथ लिएर भोलिपल्ट सदस्यहरूलाई सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा शपथ गराउनेछन् । शुक्रबार बालेन्द्र शाहले राष्ट्रपतिसमक्ष प्रधानमन्त्री पदको शपथ लिनेछन् ।

७७ जिल्लामै...

पृष्ठ १ बाट क्रमशः

हुनेछ । फाराम भरेका पाँच लाख नौ हजार ९६१ विद्यार्थीमा नियमिततर्फका चार लाख ४६ हजार ५७६ र ग्रेडवृद्धितर्फका ६३ हजार ४८५ छन् ।

अधिकांश परीक्षा केन्द्र सामुदायिक विद्यालयमा तोकिएको छ । केही भौतिक संरचना व्यवस्थित भएका र विद्यार्थी संख्या बढी भएका निजी विद्यालयमा पनि केन्द्र पारिएको छ । अधिकांश केन्द्रमा विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ । तर, आफ्नै विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ भने सोही विद्यालयको प्रधानाध्यापक केन्द्राध्यक्ष बन्न पाउँदैनन् । विद्यालय साटासाट गरेर खटाइने बोर्डले जनाएको छ ।

परीक्षा व्यवस्थित र सुरक्षित बनाउन नेपाल प्रहरीले देशभर करिब १२ हजार पाँच सय सुरक्षाकर्मी खटाउनेछ । परीक्षा बोर्डका प्रतिनिधि पनि अनुगमनमा पुग्नेछन् । सम्बन्धित जिल्लाको जिल्ला शिक्षा समन्वय इकाइले परीक्षा केन्द्रहरूमा अनुगमन गर्नेछ ।

पहिलो दिन १९ चैतमा अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । २० चैतमा अनिवार्य नेपाली, २२ चैतमा अनिवार्य गणित, २३ चैतमा संस्कृति तथा वेद विद्याश्रमतर्फका विषयको परीक्षा सञ्चालन हुनेछ । त्यस्तै, २४, २५, २६, २७, २८ र २९ चैतमा प्राविधिक धारतर्फका पुरानो र नयाँ पाठ्यक्रममा आधारित विषयको परीक्षा सञ्चालन हुने बोर्डको परीक्षा तालिकामा उल्लेख छ ।

'परीक्षाको तालिका लगातार छ, बिचमा बिदा राखेका छैनौँ, त्यसकारण विद्यार्थीले परीक्षाकै वेलाभन्दा पनि पहिले नै बढी तयारी भएर बस्नुपर्ने देखिन्छ,' बोर्डका डेपुटी कन्ट्रोलर ज्ञवालीले भने, 'परीक्षालाई लक्षित गरेर निजी र सामुदायिक विद्यालयले अतिरिक्त कक्षा पनि सञ्चालन गरिरहेका छन्, त्यसले विद्यार्थीलाई पक्कै सहज हुनेछ ।' एसइईलक्षित गर्दै अधिकांश स्थानीय तहहरूले सामुदायिक विद्यालयलाई विद्यार्थीको मागअनुसारको थप कक्षा पनि सञ्चालन गर्न निर्देशन दिएका छन् । अधिकांश सामुदायिक विद्यालयले बिहान १० बजेभन्दा अघि र बेलुकी ५ बजेपछि अतिरिक्त कक्षा सञ्चालन गरिरहेका छन् ।

जापानमा एउटा परीक्षा केन्द्र, २३ विद्यार्थी

एसइई दिने विद्यार्थीका लागि जापानमा एउटा परीक्षा केन्द्र तोकिएको छ । परीक्षा बोर्डका अनुसार जापानबाट यसपालि २३ विद्यार्थीले एसइई दिँदै छन् । त्यहाँस्थित नेपाली दूतावाससँगको समन्वयमा परीक्षा गरिने बोर्डले जनाएको छ ।

न्यायिक विलम्बको...

पृष्ठ १ बाट क्रमशः

इजलासमा झन्डै चार घण्टा र यसपटक करिब तीन घण्टा गरी सात घण्टाभन्दा बढी एकल बहस गरिसकेका छन् । बहसमा मुद्दासँग सम्बन्धित कानुनी सिद्धान्तभन्दा लामिछानेको राजनीतिक संलग्नता र व्यक्तिगत जीवनका विषय उठाइए, जसलाई बेन्चले नरोकेको आरोप छ ।

'मुद्दासँग सम्बन्धित कानुनी प्रश्नभन्दा बाहिर गएर व्यक्तिगत जीवन र राजनीतिक पृष्ठभूमिसम्मको चर्चा गरियो, तर इजलास मौन रह्यो,' लामिछाने पक्षका एक कानुन व्यवसायीले भने, 'यो न्यायिक समयको दुरुपयोग मात्र होइन, प्रक्रिया नियन्त्रणमा इजलास असफल भएको संकेत हो ।'

बहसका क्रममा कानुन व्यवसायीले विपक्षीको निष्ठामाथि प्रहार गर्ने र मुद्दासँग असम्बन्धित व्यक्तिगत विवरणमा समय खेर फाल्न थालेपछि मंगलबार महान्यायाधिवक्ताले कडा आपत्ति जनाइन् । इजलासले असान्दर्भिक कुरालाई नियन्त्रण गर्न नसकेपछि महान्यायाधिवक्ताले 'तपाईंहरूले मुद्दासँग असम्बन्धित कुराहरू यसैगरी सुन्दै जाने हो भने म बहस गर्दिनँ, सिधै फैसला गर्नुस्' भनेकी थिइन् ।

पर्दाभित्र 'बार्गेनिङ'को आशंका

अदालतभित्रको यो अलमललाई केवल प्राविधिक कमजोरी मात्र ठान्न नमिल्ने विश्लेषकहरू बताउँछन् । कानुन तथा न्याय प्रशासनका जानकारहरूले नाम नबताउने सर्तमा सर्वोच्चमा विचाराधीन राजनीतिक दलका संवेदनशील मुद्दाहरू 'बार्गेनिङ चिप्स'का रूपमा प्रयोग भइरहेको संकेत देखिएको बताएका छन् । 'फैसला गर्नुपर्ने मुद्दालाई जीवितै राखेर राजनीतिक सन्तुलन मिलाउने अभ्यास खतरनाक हो,' एक जानकारले भने, 'यसले न्यायपालिकाको स्वतन्त्रतामाथि नै प्रश्न उठाउँछ ।'

यस सन्दर्भमा माओवादी जनयुद्धका बाल सैनिकसम्बन्धी मुद्दाको उदाहरण पनि दिइएको छ । लेनिन विष्ट रिट निवेदक रहेको उक्त मुद्दा अहिले न्यायाधीश सपना प्रधान मल्लको पूर्ण इजलासमा छ । तत्कालीन माओवादी नेतृत्वले यो मुद्दालाई आफ्नो राजनीतिक भविष्यसँग जोडेर हेर्ने गरेको र माओवादीतर्फबाट निर्वाचित राष्ट्रिय सभाका अध्यक्ष प्रधानन्यायाधीशको नियुक्ति सिफारिस गर्ने संवैधानिक परिषद्मा सदस्य रहेको तथ्यलाई जोडेर हेरिएको छ ।

एकै कार्यकालका लागि दुईपटक निर्वाचित भएका जनप्रतिनिधि रवि लामिछाने २ कात्तिक ०८१ मा पक्राउ परेपछि सुरु भएको न्यायिक प्रक्रिया गत २३ र २४ भदौको परिवर्तन तथा २१ फागुनको निर्वाचनको परिणाम आएर तेस्रोपटक निर्वाचित भइसक्दा पनि कायमै छ ।

सभापति लामिछानेविरुद्ध तत्कालीन एमाले-कांग्रेस सरकारले प्रतिशोध साधेर मुद्दामाथि मुद्दा लगाएको आरोप रास्वपाले लगाउँदै आएको छ । कांग्रेस-एमालेलगायत दलकै कतिपय नेताहरूले पनि लामिछानेमाथि प्रतिशोध साधिएको बताउँदै आएका छन् । लामिछानेमाथि अन्याय भएको भन्दै रास्वपाले उनको पक्षमा हस्ताक्षर संकलन नै गरेको थियो । ४० लाखभन्दा धेरै नागरिकले रविको पक्षमा हस्ताक्षर गरेका थिए । हालै सम्पन्न चुनावमा उनले नेतृत्व गरेकै दललाई नागरिकले भारी मतले अनुमोदन गरिसकेको छन् । तर, न्यायाधीशहरू मुद्दाको फैसला दिन विलम्ब गरिरहेका छन् । जबकि अहिले सर्वोच्च अदालतले महान्यायाधिवक्ताको कार्यालयले गरेको निर्णय ठिक छ कि छैन भन्ने निर्णय मात्रै दिनुपर्ने हो ।

कानुनका जानकारहरू भन्छन्- अनावश्यक विलम्ब भयो

वरिष्ठ अधिवक्ता सुशील पन्त मुद्दामा अधिवक्ताहरूले दोहोऱ्याएर एउटै कुरा बोलिरहेको र समय व्यवस्थापन पनि फितलो भएको बताए । 'एउटै कुरा दोहोरिने र सुनिरहने भइरहेको छ । सजाय माफीको कुरा पनि बहसमा आइरहेको छ । माफी र अभियोग संशोधन एउटै होइन,' उनले भने, 'समय व्यवस्थापनमा अलि कमजोरी देखिन्छ । अब पर्सि सकिएला भन्ने अपेक्षा गरौँ ।'

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले जटिल मुद्दा पन्छाउने र विलम्ब गर्ने नेपाली न्याय प्रणालीको प्रवृत्ति लामिछानेको अभियोग संशोधन गर्ने महान्यायाधिवक्ताको निर्णयविरुद्धको रिटमा पनि देखिएको बताए । 'अस्ति चार दिन सुनुवाइ गरिसकेपछि फेरि फाइल झिकाउने कुराले अदालतको किमती समय खर्चियो । सुनुवाइ गरेर त्यहीँ झिकाउन सकिन्थ्यो, अनावश्यक लम्बियो,' उनले भने, 'एउटै मुद्दामा फुल फेज बहस नै कतिपटक भइसक्यो । जटिल मुद्दा भयो कि पन्छिने, आफ्नो ठाउँको नपरे हुन्थ्यो भन्ने प्रवृत्ति छ । यसलाई सुधार्नुपर्छ । सिद्धान्ततः सही, द्रुत र न्यायोचित सुनुवाइ हुनुपर्छ, विलम्ब हुनुभएन ।'

संविधानविद् विपिन अधिकारीले पनि कैयौँ मुद्दाहरूमा न्यायका लागि प्रक्रियागत समय लागे पनि यो मुद्दामा धेरै समय लगाउनुपर्ने अवस्था नरहेको बताए । 'यो मुद्दा त्यो पार्टीका लागि र रवि लामिछानेका लागि पनि महत्त्वपूर्ण छ । रिट जुरिडिक्सनमा यसलाई धेरै दिन लगाउनुपर्ने कारण छैन । किनभने जुन कानुन र तथ्यमा टेकेर महान्यायाधिवक्ताले निर्णय गरेको छ, त्यो ठिक छ कि छैन भन्ने मात्रै कुरा हो । त्यसका लागि फाइल हेरिसकिएको छ, हेर्दाहेर्दैमा पनि धेरै लामो लगिएको छ । न प्रमाणको प्रश्न छ, न त तथ्यको प्रश्न छ, तथ्यमा त सम्बन्धित अदालतले गर्ने हो । कानुनको प्रश्न क्लियर्ली छ,' उनले भने, 'लामो प्रक्रियामा जानु जरुरी छैन । सरकार बनाउने दलको सभापतिसँग जोडिएको विषय भएकाले चाँडो टुंग्याइदियो भने एउटा निकास हुन्छ ।'

पूर्वन्यायाधीश बलराम केसीले स्वच्छ र निष्पक्ष न्यायका लागि पक्ष राखेको वकिलको बहस सुनिदिनुपर्ने भए पनि यो मुद्दाको हकमा विलम्ब गरिएको बताए । 'मुद्दा पनि ढिलो भयो, समय धेरै लाग्यो । पहिला नै सक्कल फाइल हेरेर, सबै कुरा बुझेर, रिट, अंग पुऱ्याएर बहस सुरु गरिदिएको भए हुन्थ्यो,' उनले भने, 'सुनुवाइ सुरु भएपछि फाइल खोज्न लगाउनु कमजोरी भयो । तर, पन्छाउने खोजेजस्तो त लाग्दैन ।'

रास्वपा कानुन विभाग प्रमुख एवं सांसद सोविता गौतमले हिजो प्रतिशोध भएको स्विकारेर सरकार आफैँले मुद्दा फिर्ता लिएको विषयमा सर्वोच्च अदालतले विलम्ब गर्नु उपयुक्त नभएको बताइन् । 'यो मुद्दामा सरकार आफैँ हिजो प्रतिशोध भएको रहेछ भनेर जुन पोजिसन परिवर्तन भएको छ भने यसलाई विलम्ब गरिरहनुपर्ने धेरै कुरा छैन,' उनले भनिन्, 'यद्यपि, अदालती प्रक्रियाबाट ढिलो भएको हो भने छिटो टुंग्याइदिए सबैलाई निकास हुन्थ्यो । के फैसला गर्ने अदालतको क्षेत्राधिकारको कुरा हो । तर, विलम्ब गरिरहनु उपयुक्त छैन । फास्ट ट्र्याकबाट टुंग्याउन उपाय खोज्नुपर्छ ।'

गौतमले रवि लामिछाने जोडिँदा यो मुद्दामा विलम्ब उजागर भएको, तर मुद्दाहरूमा भइरहेको विलम्ब हटाउन प्रणालीमै सुधारको आवश्यकता रहेको बताइन् । 'संसदीय निर्वाचनपछि नयाँ सरकार बन्न खोजिरहेको छ । यो परिवेशमा जति छिटो टुंग्यायो, विषय त्यति सहज हुन्छ,' उनले भनिन्, 'समग्र मुद्दाहरूको सुनुवाइमा भइरहेको ढिलाइ अन्त्य गर्न के-कस्ता सुधार आवश्यक छन्, कानुन संशोधन गरेर सुधार गर्छौं ।'

के हुन्छ लामिछानेको शपथ ?

सहकारी ठगीका साथै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा लागेपछि अघिल्लो संसद्मा पूर्ण सहभागी हुन नपाएका रास्वपा सभापति रवि लामिछानेको शपथ यसपटक के हुन्छ भन्ने चासो छ । अघिल्लोपटक लामिछानेलाई संसद्को नियमावलीभन्दा सम्पत्ति शुद्धीकरण मुद्दा देखाएर तत्कालीन सभामुख देवराज घिमिरेले निलम्बन गरिदिएका थिए । रास्वपाले यसमा असहमति जनाएको थियो । उसले संसद् नियमावलीअनुसार पुर्पक्षका लागि थुनामा वा अन्तिम फैसलाबाट दोषी ठहर नभएसम्म निलम्बन नहुने र संसदीय काममा रोक लगाउन नपाउने तर्क गरेको थियो । तर, सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएको तत्कालीन सरकारले सम्पत्ति शुद्धीकरण ऐनअनुसार निलम्बनका लागि संसद् सचिवालयलाई सिफारिस गरेपछि सभामुखले निलम्बन गरेका थिए ।

सरकारले प्रतिशोध साधेर जननिर्वाचित प्रतिनिधिलाई निलम्बन गरेको भन्दै रास्वपाले त्यसविरुद्ध हस्ताक्षर अभियान नै चलाएको थियो । जसमा ४० लाखभन्दा धेरै नागरिकले ऐक्यबद्धता जनाएका थिए । गत २३ र २४ भदौको जेन-जी आन्दोलनको जगमा २१ फागुनमा भएको निर्वाचनमा रास्वपाले झन्डै दुईतिहाइ सिट प्राप्त गरेको छ । लामिछाने चितवन २ बाटै भारी मतले निर्वाचित भएर आएका छन् । संसद् सचिवालयले १२ चैतमा नवनिर्वाचित सांसदहरूको शपथ राखेकोमा लामिछानेको शपथ के हुन्छ ?

संसद् सचिवालयका महासचिव पदम पाण्डेयले कानुनबमोजिम लामिछानेको शपथ हुने बताए । 'जे हुन्छ, कानुनबमोजिम हुन्छ । कानुन भनेको प्रतिनिधिसभा नियमावली हो,' उनले भने ।

प्रतिनिधिसभा नियमावलीको नियम २४८ अनुसार फौजदारी मुद्दामा अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि मात्रै सांसद पद निलम्बन हुन्छ । 'तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षको लागि थुनामा रहेको अवधिभर सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुनेछैन,' नियम २४८ मा भनिएको छ, 'त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा सुविधासमेत स्थगित हुनेछ ।' लामिछाने अहिले पुर्पक्षका लागि थुनाको अवस्थामा नरहेको र अन्तिम फैसलाबाट दोषी पनि ठहर नभएकाले नियमावलीअनुसार शपथ गर्न पाउने संसद् सचिवालयले जनाएको छ ।

सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसीले पनि सर्वोच्चको नजिर र संवैधानिक हकले पनि शपथको अधिकार पाउने बताए । 'दोषी ठहर नहुन्जेल कसैलाई पनि दोषी मान्न मिल्दैन,' उनले भने ।

रास्वपा कानुन विभाग प्रमुख सोविता गौतम अदालतको आदेशले पुर्पक्षका लागि थुनामा वा अन्तिम फैसलाले दोषी भएकोबाहेक कुनै पनि सांसदको संसदीय अधिकार रोक्न नमिल्ने बताइन् । 'राजनीतिक प्रेरित मुद्दा लगाएर, कानुनलाई अस्त्रीकरण गरेर सांसदलाई मुद्दा लगाउने प्रवृत्ति राम्रो होइन । माथिको दुईवटै क्राइटेरियामा नपरेपछि संसदीय अभ्यासमा जान पाउनुपर्छ । हिजोको दिनमा सरकारले प्रतिशोध साधेर रोकेको हो । त्यसविरुद्ध लाखौँ जनताले हस्ताक्षर गरेर ऐक्यबद्धता जनाए । भर्खरै निर्वाचनको जनमतबाट पनि त्यो प्रतिशोध भन्ने देखिएको छ । लामिछानेमाथि जनताले ठूलो भरोसा गरेका छन् । शपथ लिन नपाउने भन्ने कुरै छैन,' उनले भनिन्, 'कानुनलाई अस्त्रीकरण गरेर उहाँलाई दबाउने, संसदीय अधिकारलाई खोस्ने प्रयास थियो । अब रोक्ने अधिकार छैन ।'

२४–२६...

पृष्ठ १ बाट क्रमशः

महामन्त्री प्रदीप पौडेलले बैठकमा औपचारिक रूपमा पेस गरेका छन् । बैठकमा केन्द्रीय सदस्यहरूको सुझाव समेटेर कांग्रेसले महाधिवेशनको निर्णय लिनेछ ।

बैठकमा पेस भएको कार्यतालिकाअनुसार असारसम्म क्रियाशील सदस्यता वितरण र अद्यावधिक टुंग्याइने, साउनभित्र जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गर्ने, ६ साउनमा ६ हजार ७४३ वडामै वडाअधिवेशन सम्पन्न गर्ने उल्लेख छ । १२ साउनमा गाउँ-नगरपालिका अधिवेशन, २३ साउनमा प्रदेश सभा क्षेत्रीय अधिवेशन र ३० साउनमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा एक मात्रै क्षेत्र भएको जिल्लाको अधिवेशन पनि सम्पन्न हुनेछन् । क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन हुनेछन् ।

प्रस्तावित कार्यतालिकाअनुसार ६ र ७ भदौमा जिल्ला अधिवेशन, १५-१६ भदौमा प्रदेश अधिवेशन सम्पन्न गर्ने तथा २४-२६ भदौमा केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका प्रस्ताव पेस भएको छ । यसबारे बैठकमा छलफल सुरु भएको छ । मंगलबार २६ जना केन्द्रीय सदस्यले यसबारे बोलेका छन् ।

मंगलबार बैठकमा केन्द्रीय सदस्यहरू डा. गोपाल दहित, तारामान गुरुङ, मैकुलाल वाल्मीकि, अजयबाबु सिवाकोटी, भरतकुमार शाह, सुधीर सिवाकोटी, शम्भुलाल श्रेष्ठ, नरेन्द्रकुमार केरुङ, रे शमबहादुर बानियाँ, जितनारायण श्रेष्ठ, रमेश धमला, दीपनकुमार श्रेष्ठ, वसन्त भट्टराई, जनकराज गिरी र शम्भुबहादुर बुढाथोकीले धारणा राखेका थिए । यसबाहेक तीर्थजंग शाही, टेकराज पौडेल, केशवराज शर्मा आचार्य, रामबहादुर कार्की, नारायणप्रसाद भट्टराई, शिवबहादुर सुनार, सूर्यबहादुर विक, दिनेश सुनार, छन्दबहादुर पहराई, जगदीशचन्द्र उपाध्याय, रामपल्टन साह, प्रदेश सभापतिहरू कृष्णप्रसाद यादव (मधेश) र इन्द्रबहादुर बानियाँ (बागमती)ले पनि धारणा राखेको कांग्रेसले जनाएको छ ।

सरकारलाई सुझाव, प्रतिपक्षी भूमिकामा जोड

बैठकमा सभापति थापाले कांग्रेस रचनात्मक प्रतिपक्षी भूमिकामा रहने र काण्डहरूको निष्पक्ष अनुसन्धान गरेमा सरकारलाई सहयोग गर्ने बताएका छन् । उनले ०४६ सालको जनआन्दोलनपछि सार्वजनिक पदमा बसेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्नुपर्ने माग पनि दोहोऱ्याए । 'गलत ढंगले आर्जन गरिएको सम्पत्ति जफत गरिनुपर्छ, यो हाम्रो प्रतिज्ञा-पत्रको मुख्य बुँदा हो,' थापाले भने, 'गिरिबन्धु, ललितानिवास, वाइडबडीजस्ता चर्चित प्रकरणहरू अब सार्वजनिक खपतको विषय मात्र नभई दुधको दुध पानीको पानी हुनुपर्छ र दोषीले सजाय पाउनुपर्छ । यस्ता काण्डहरूको निष्पक्ष अनुसन्धान गरेमा सरकारलाई कांग्रेसको पूर्ण साथ रहन्छ । कांग्रेसको रचनात्मक प्रतिपक्षी भूमिका रहन्छ ।' अर्को प्रसंगमा सभापति थापाले संविधानका आधारभूत स्तम्भ कायम राख्दै सुशासनका लागि संशोधन गर्नुपर्नेमा जोड दिए ।

श्री नन्द माध्यमिक विद्यालय
कृष्णपुर-३ देखतभुली कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद (भन्सार छुट सहित) गर्ने सम्बन्धी सूचना स्थगित सम्बन्धमा

प्रकाशित मिति : २०८२/१२/१० गते

यस विद्यालयले मिति २०८२/१२/०४ गतेमा बस खरिदका लागि बोलपत्र अह्वान गरिएकोमा विषय बिज्ञबाट पेश भएको स्पेसिफिकेशन संसोधन गरीदिन हुन भनी आपुर्तीकर्तावाट निवेदन पेश भएकोमा सो बारेमा बुझ्नु पर्ने भई केही समय लाग्ने भएकाले र कृष्णपुर न.पा.को मिति २०८२/१२/१० को च.न. १५२२ को खरिद पक्रिया स्थगित गर्ने सम्वन्धमा पत्रानुसार, अर्को सूचना प्रकासन नभएसम्मका लागि खरिद पक्रिया स्थगित गर्ने निर्णय भएको सम्वन्धित सबै पक्षलाई जानकारी गरिन्छ ।

भुवन राज पन्त
प्रधानाध्यापक

श्री वीणा माध्यमिक विद्यालय
कृष्णपुर-८ विचवा, कंचनपुर

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद (भन्सार छुट सहित) गर्ने सम्वन्धी सूचना स्थगित सम्बन्धमा

प्रकाशित मिति : २०८२/१२/१० गते

यस विद्यालयले मिति २०८२/१२/०४ गतेमा बस खरिदका लागि बोलपत्र अह्वान गरिएकोमा विषय बिज्ञबाट पेश भएको स्पेसिफिकेशन संसोधन गरीदिन हुन भनी आपुर्तीकर्तावाट निवेदन पेश भएकोमा सो बारेमा बुझ्नु पर्ने भई केही समय लाग्ने भएकाले र कृष्णपुर न.पा.को मिति २०८२ / १२ / १० को च.न. १५२२ को खरिद पक्रिया स्थगित गर्ने सम्वन्धमा पत्रानुसार, अर्को सूचना प्रकासन नभएसम्मका लागि खरिद पक्रिया स्थगित गर्ने निर्णय भएको सम्वन्धित सबै पक्षलाई जानकारी गरिन्छ ।

तारानाथ ओझा
प्रधानाध्यापक

श्री महाकाली माध्यमिक विद्यालय
कृष्णपुर-०६, बसन्तपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद (भन्सार छुट सहित) गर्ने सम्वन्धी सूचना स्थगित सम्बन्धमा

प्रकाशित मिति : २०८२/१२/१० गते

यस विद्यालयले मिति २०८२/१२/०४ गतेमा बस खरिदका लागि बोलपत्र अह्वान गरिएकोमा विषय बिज्ञबाट पेश भएको स्पेसिफिकेशन संसोधन गरीदिन हुन भनी आपुर्तीकर्तावाट निवेदन पेश भएकोमा सो बारेमा बुझ्नु पर्ने भई केही समय लाग्ने भएकाले र कृष्णपुर न.पा.को मिति २०८२ / १२ / १० को च.न. १५२२ को खरिद पक्रिया स्थगित गर्ने सम्वन्धमा पत्रानुसार, अर्को सूचना प्रकासन नभएसम्मका लागि खरिद पक्रिया स्थगित गर्ने निर्णय भएको सम्वन्धित सबै पक्षलाई जानकारी गरिन्छ ।

प्रधानाध्यापक
पुरन सिंह बोगटी

रिभरसिटि सेभिङ्ग एण्ड क्रेडीट को-अपरेटिभ लि.को
ऋण नतिर्ने ऋणीलाई पुनः १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

तपसिलमा उल्लेखित ऋणीले यस लि.बाट कर्जा लिई कारोबार गरी कर्जा वापत तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज दैदस्तुर समेतको रकम भाखा भित्र नबुझाई कर्जा सम्बन्धि शर्तबन्देजहरु उलंघन गरेको र ऋण तिर्न बारम्बार पत्रचार, फोन गर्दा समेत सम्पर्कमा नआई ऋणीले तिर्नु बुझाउन बेवास्ता गरेको हुदाँ यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज, दैदस्तुर रकम बुझाई कर्जा चुक्ता गर्नुहोला । अन्यथा तपाईं ऋणीले सुरक्षण वापत संस्थालाई दृ.ब लेखिलेखाई दिनुभएको चल/अचल सम्पत्ती सरकारी ऐन २०७४ बमोजिम लिलाम बिक्री गरि कर्जा असुल उपर गरीनेछ । साथै लिलाम बिक्रीबाट सम्पूर्ण कर्जाको सावाँ, व्याज, हर्जना असुल उपर नभएमा ऋणीको अन्य चल/अचल सम्पत्तीबाट समेत कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र.स.	ऋणीहरुको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : कृष्ण हरी खड्का** ना.प्र.नं. : ८०९३ पिताको नाम : टोप बहादुर खड्का बाजेको नाम : पदम बहादुर खड्का ठेगाना : साँघु बज्रयोगिनी वडा नं. ७	१. काठमाडौं जिल्ला, साँखु पुखुलाछी वडा नं. ४ कित्ता नं. : ४३७ क्षेत्रफल : ०-१२-३-०

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
बसन्तपुर, काठमाण्डौं, फोन नं.४२२६१२९
INVESTMENT FOR BETTER FUTURE

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/११

यस सा व उ स वाट संकलित साल चिरान काठ ४९०.१६ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

कालिका सा. वन उपभोक्ता समूह, देवघाट ३, तनहूँ ।

का.म.न.पा. ३० वडा डिल्लिबजार स्थित एलायन्स टावर (Alliance Tower) मा रहेको घरमा बस्ने काठमाडौं म.न.पा. वडा नं. ३० बस्ने राम सिंहको छोरो सुरज सिंहको नाममा कोठा खालि गरिदिने बारे ३५ दिने सार्वजनिक सुचना ।

यस का.म.न.पा. ३० वडा डिल्लिबजार स्थित एलायन्स टावर (Alliance Tower) घरको कित्ता ३२०१ को क्षे.फ.१-८-३-३ मा बनेको एलायन्स टावरको पछाडि रहेको २ तल्ला घरको माथिल्लो तल्लामा रहेको ३ वटा कोठा तपाई श्री सुरज सिंहले २० वर्ष देखि बस्दै आएको र विगत ९ महिना देखि भाडा नदिई हाल दुई महिना देखि सम्पर्क विहिन हुनुभएकोले तपाईको नाममा कोठा खाली गरिदिने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सुचनामा उल्लेखित समयावधि भित्र कोठा खाली नभएमा कानुन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

घरधनीः अजित अग्रवाल, का.म.न.पा. ३०

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८२/१२/११ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।११।१३ र २०८२।११।१४ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	Construction of Asphalt Road (Milan Tole), Ward No. 12 (RAT/CHITWAN/Works/SQ/15/2082-083)	श्री H.R.D. Construction Pvt. Ltd., Ratnanagar-12, Chitwan	रू. १६,६४,५४१।६७ (सोह्र लाख चौसठ्ठी हजार पाँच सय एकचालीस रूपैयाँ र पैसा सतसठ्ठी मात्र)
२.	Construction of Stone Masonary Wall (Near Chitrasari), Ward No. 08 (RAT/CHITWAN/Works/SQ/16/2082-083)	श्री Prannath Construction Pvt. Ltd., Ratnanagar-10, Chitwan	रू. १६,४२,९३८।८८ (सोह्र लाख बयालीस हजार नौ सय अठ्तीस रूपैयाँ र पैसा अठासी मात्र)
३.	Construction of Embankment (Kayar Khola), Ward No. 04 (RAT/CHITWAN/Works/NCB/17/2082-083)	श्री D & B Construction Pvt. Ltd., Bharatpur-12, Chitwan	रू. १५,३४,८९८।४९ (पन्ध्र लाख चौतीस हजार आठ सय अन्ठानब्बे रूपैयाँ र पैसा उनान्पचास मात्र)

प्रमुख प्रशासकीय अधिकृत

बागमतीमा विपत्बाट १० वर्षमा एक हजार ३८ को मृत्यु

आगलागीबाट सबैभन्दा ठुलो आर्थिक क्षति, मानवीय क्षतिको दृष्टिले पहिरो घातक

● **रविता कार्की**, सूचना अधिकारी
आन्तरिक मामिला तथा कानुन मन्त्रालय



बागमती प्रदेशमा विपत्का घटनामा आगलागीका घटना सबैभन्दा धेरै भएका छन्। १० वर्षमा चार हजार २३ आगलागीका घटना हुँदा १८० जनाको मृत्यु भएको छ। ९२८ वटा पहिरोका घटना हुँदा ४६७ जनाको मृत्यु भएको छ। १० वर्षमा आगलागी सबैभन्दा बढी भए पनि मानवीय क्षतिका हिसाबले पहिरो नै सबैभन्दा घातक देखिएको छ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा पछिल्लो १० वर्षमा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपत्का कारण एक हजार ३८ जनाले ज्यान गुमाएका छन्। प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार ०७२ देखि ०८२ असार मसान्तसम्म १३ जिल्लामा ६ हजार ८३९ वटा विपत्का घटना हुँदा १८१ जना बेपत्ता भएका छन्। घटनामा दुई हजार ३११ जना घाइते भएका छन्।

मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीका अनुसार यस अवधिमा विपत्ले १६ हजार ६५३ परिवारलाई प्रत्यक्ष प्रभावित बनाएको छ। आर्थिक रूपमा करिब ६ अर्ब ९५ करोड ४१ लाख रुपैयाँबराबरको क्षति भएको छ। विपत्का कारण चार हजार ७२७ घर पूर्ण रूपमा ध्वस्त भएका छन्। पाँच हजार ८९६ घरमा आंशिक क्षति पुगेको छ।

मन्त्रालयको तथ्यांकअनुसार सबैभन्दा धेरै विपत्का घटना काठमाडौं जिल्लामा भएका छन्। काठमाडौंमा १० वर्षमा एक हजार ७७८ घटना दर्ता भएका छन्। तर मानवीय क्षतिको हिसाबले चितवन सबैभन्दा अगाडि छ, जहाँ १४९ जनाको ज्यान गएको छ। सिन्धुपाल्चोकमा ११६ जनाको मृत्यु र ६५ जना बेपत्ता भएका छन्। जुन बेपत्ता हुनेमध्ये सबैभन्दा उच्च संख्या हो।

बागमती प्रदेशका काभ्रेमा ११९, काठमाडौं ११३, मकवानपुर ११२, धादिङ ९०, ललितपुर ७८, सिन्धुली ६८, रसुवा ५३, दोलखा ४४, रामेछाप ४१, नुवाकोट ३६ र भक्तपुरमा १९ जनाको मृत्यु भएको छ। घाइते हुनेमध्ये काठमाडौंमा सबैभन्दा धेरै ४४७ जना छन्। त्यसपछि मकवानपुर ३९१, चितवन ३१७, काभ्रे १६८, सिन्धुली १५१, धादिङ १३७, सिन्धुपाल्चोक १३३, ललितपुर १२६, भक्तपुर ११७, दोलखा ९३, नुवाकोट ८७, रसुवा ७८ र रामेछाप ६६ जना छन्।



११ र १२ असोज ०८१ को अविरल वर्षापछि आएको बाढीपहिरोले हेटौंडा-काठमाडौं जोड्ने कुलेखानी-छैमले-सिस्नेरी सडकखण्डअन्तर्गत रामचन्द्र भञ्ज्याङमा सडकमाथिबाट खसेको पहिरोले पुरेको टाटासुमो निकाल्ने कोसिस गर्दै एक्स्काभेटर र सुरक्षाकर्मीको टोली।

■ १० वर्षमा चार हजार २३ आगलागीका घटना, साढे पाँच अर्बको क्षति

सूचना अधिकारी रविता कार्कीका अनुसार विपत्का घटनाको प्रकृतिअनुसार प्रदेशमा आगलागी घटना सबैभन्दा धेरै भएको छ। उनले १० वर्षमा चार हजार २३ आगलागीका घटना हुँदा १८० जनाको मृत्यु र पाँच अर्ब ४२ करोडभन्दा बढीको क्षति भएको जानकारी दिइन्। तर, मानवीय क्षतिको दृष्टिले पहिरो सबैभन्दा घातक रहेको उनको भनाइ छ। कार्कीका अनुसार १० वर्षमा प्रदेशमा ९२८ वटा पहिरोका घटना भएकामा ४६७ जनाको मृत्यु भएको छ भने १०७ जना बेपत्ता भएका छन्।

'प्रदेशमा विपत्का घटनामा आगलागी घटना सबैभन्दा धेरै भएको छ। १० वर्षमा चार हजार २३ आगलागीका घटना हुँदा १८० जनाको मृत्यु भएको छ। ९२८ वटा पहिरोका घटना हुँदा ४६७ जनाको मृत्यु भएको छ,' उनले भनिन्, '१० वर्षमा आगलागी सबैभन्दा बढी भए पनि मानवीय हिसाबले पहिरो नै सबैभन्दा घातक देखिएको छ।'

३४१ बाढीका घटनामा १०० जनाको मृत्यु र एक अर्ब १९ करोड रुपैयाँ बराबरको क्षति भएको छ। चट्याङबाट ११४, वन्यजन्तु आक्रमणबाट ७३ जना र बाँकीको अन्य घटनाबाट ज्यान गएको उनले बताइन्। प्रदेशमा चट्याङका ३७२, जंगल आगलागीका ३५६, जनावर आतंकका ३३८, भारी वर्षाका २५८, हावाहुरीका १०४ तथा भूकम्प, सर्पदंश, हवाई दुर्घटनालगायत १०९ घटना भएको सूचना अधिकारी कार्कीले बताइन्। मन्त्रालयको तथ्यांकअनुसार ग्रामीण तथा पहाडी जिल्लाहरूमा पहिरो र बाढीको जोखिम उच्च रहेको देखाएको छ। विशेषगरी बागमती प्रदेशको सिन्धुपाल्चोक, धादिङ, रसुवा, दोलखाजस्ता जिल्ला बढी जोखिममा छन्।

मन्त्रालयले विपत् जोखिम न्यूनीकरण, प्रतिकार्य र पुनर्निर्माणमा विभिन्न कार्यक्रम अघि बढाएको जनाएको छ। सूचना अधिकारी कार्कीका अनुसार बाढीपहिरो र आगलागी पीडितका लागि राहत वितरणदेखि 'युनिफाइड कमान्ड टिम' र 'मनसुन प्रतिकार्य कमान्ड पोस्ट' स्थापना गरिएको छ। 'बाढीपहिरो र आगलागीपीडितका लागि राहत वितरणदेखि 'युनिफाइड कमान्ड टिम' र 'मनसुन प्रतिकार्य कमान्ड पोस्ट' स्थापना गरेर काम भइरहेको छ,' उनले भनिन्।

यस अवधिमा मनसुनजन्य तथा आगलागीबाट प्रभावितहरूको निजी आवास पुनर्निर्माणका लागि लागत साझेदारीमा १६ करोड ५७ लाख रुपैयाँ उपलब्ध गराइएको छ। यस्तै, मनसुनजन्य विपत् न्यूनीकरणका लागि स्थानीय तहलाई दुई करोड ३० लाख रुपैयाँ र जोखिममा रहेका बस्ती संरक्षण तथा पूर्वाधार मर्मतका लागि ३० स्थानीय तहलाई सात करोड ९० लाख रुपैयाँ विनियोजन गरिएको छ, जसअन्तर्गत हालसम्म तीन करोड ८५ लाख रुपैयाँ निकासा भइसकेको छ।

प्रदेशका १३ जिल्लामा तत्काल प्रतिकार्यका लागि प्रतिजिल्ला पाँच लाखका दरले ६५ लाख रुपैयाँ विपत् व्यवस्थापन कोषमार्फत पठाइएको छ। हेटौंडा, नुवाकोट र काभ्रेमा गोदामघर निर्माण गरी राहत सामग्री भण्डारण सुदृढ बनाइएको छ भने स्वयंसेवक समूह गठन, तालिम र कृत्रिम अभ्याससमेत सञ्चालन गरिएको सूचना अधिकारी कार्कीले बताइन्। 'हेटौंडा, नुवाकोट र काभ्रेमा गोदामघर निर्माण गरेर राहत सामग्री भण्डारणलाई व्यवस्थित बनाइएको छ, साथै स्वयंसेवक समूह गठन, तालिम र कृत्रिम अभ्यास पनि सञ्चालन भइरहेका छन्,' उनले भनिन्।

नयाँ संसद्मा एमालेको रणनीति : अध्यक्ष शोकमुक्त भएपछि निर्णय

ओलीको उपस्थितिमा दलको नेता छानिने

नयाँ पत्रिका



अकल्पनीय पराजयका कारण दोस्रोबाट तेस्रो दलमा खुम्चिएको एमाले सांसदहरूको शपथग्रहणपछि मात्रै आवश्यक रणनीति बनाएर नयाँ संसद्मा सहभागी हुने भएको छ। बिहीबार बस्ने पहिलो बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसदहरूलाई शपथग्रहण गराउँदै छन्।

पिताको निधनका कारण अध्यक्ष केपी ओली १२ दिनदेखि शोकमै रहेकाले संसदीय दल सञ्चालन, दलको नेता चयन, नयाँ संसद्मा पार्टीको भूमिकालगायतका कुनै पनि विषयमा एमालेले छलफल गरेको छैन। अघिल्लो संसद्मा ७९ सिटसहित उपस्थित एमाले प्रत्यक्षतर्फ नौ र समानुपातिकमा १६ सिट मात्र जितेर नयाँ संसद्मा २५ सांसदसहित तेस्रो दलका रूपमा प्रतिपक्षी भूमिका खेल्ने गरी सहभागी हुँदै छ।

● **पद्मा अर्याल**, सचिव, एमाले



सचिवसमेत रहेकी सांसद पद्मा अर्यालले अध्यक्ष ओली नै शोकमा रहेकाले नयाँ संसद्मा कसरी प्रस्तुत हुने विषयमा पार्टीभित्र छलफल हुन नपाएको जानकारी दिइन्। 'अध्यक्ष कमरेड शोकबाट बाहिर आएपछि संसद्मा कसरी अघि बढ्ने, पार्टीले कस्तो भूमिका खेल्नेबारेमा छलफल हुन्छ,' उनले भनिन्, 'हामी सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीलाई सहयोग नै गर्छौं, उहाँहरूले जे-जस्ता सपना, आश्वासन बाँड्नुभएको छ, त्यो पूरा गर्नतिर लाग्नुहोस् भन्ने शुभकामना छ। बैठक काम गर्नुभयो भने खबरदारी गर्छौं, अहिलेलाई यसभन्दा बढी टिप्पणी गर्नु वाञ्छनीय छैन।'

विगतमा संसद् सुरु हुनुअघि एमालेले सांसदहरूलाई अलग्गै राखेर विषयगत प्रशिक्षण चलाउने गरे पनि यसपटक त्यसबारे पार्टीले कुनै निर्णय गरेको छैन। संसदीय दलको बैठक बसेर नेता चयनलगायतका विषयमा निर्णय भइसकेपछि पार्टीले संसद्मा खेल्ने भूमिकाबारे पनि छलफल गर्ने एमालेको तयारी छ। चुनावमा नयाँ पार्टी, युवा अनुहारलाई मतदाताले बढी रुचाएको र मत पनि त्यहीअनुसार प्रकट भएकाले एमालेभित्र पनि पुराना पुस्ताका पुराना अनुहार नेताभन्दा प्रत्यक्षबाट निर्वाचित युवा अनुहारलाई दलको नेता चयन गर्न दबाब छ।

शीर्ष तहबाट चयन गर्दा उपाध्यक्षसमेत रहेका नेता रामबहादुर थापा बादलको नाम सर्वसम्मत हुने सम्भावना छ। तर, उनी समानुपातिक सांसद हुन्। त्यस्तै, महिला अनुहारअगाडि सार्दा सचिवसमेत रहेकी अर्यालको नाम पनि सर्वसम्मतिका लागि छलफल हुन सक्ने एमाले नेताहरूको भनाइ छ। तर, प्रत्यक्षबाट निर्वाचित युवा अनुहारका रूपमा भने इलाम २ बाट निर्वाचित सुहाङ नेम्बाङ या बभ्राङबाट निर्वाचित ऐन महरमध्येबाट दलको नेता चयन हुनुपर्ने मत पनि एमालेमा बलियो रूपमा उठेको छ। निर्वाचनमा प्रकट जनमतअनुसार नयाँ र युवा अनुहारलाई अगाडि सार्नुपर्ने मतलाई पार्टीले सकारात्मक सुझावकै रूपमा ग्रहण गर्ने सचिव अर्यालले बताइन्।

'बाहिर गरिएको अनुमान र अड्कलबाजी जे-जे भए पनि पार्टीभित्र दलको नेता चयनबारे संस्थागत छलफल भएको छैन र विषय पेचिलो पनि छैन। हामी पार्टी अध्यक्षको उपस्थितिमा दलको बैठक बस्छौं, उहाँको निर्देशन र सुझावअनुसार अगाडि जान्छौं,' अर्यालले भनिन्, 'बाहिर र पार्टीभित्रबाट प्रकट भएका सुझावहरूलाई हामीले सुझावकै रूपमा लिन्छौं र सबै पक्षलाई विचार गरेर उपयुक्त निर्णय लिन्छौं।'

संक्षेप

जेठानले गरे ज्वाइँको हत्या

रामेछाप/ दोरम्बा शैलुङ गाउँपालिका- ४ गौश्वारामा जेठानले ज्वाइँलाई हत्या गरेका छन्। घरायसी विवादका कारण अन्दाजी ६३ वर्षीय वीरबहादुर तामाङले ६० वर्षीय प्रेमबहादुर तामाङलाई मुक्काले हानेर मंगलबार बिहान हत्या गरेका हुन्। ससुराली आएका ज्वाइँको हत्या गरेर जेठान फरार भएपछि पीडित परिवारका सदस्यले इलाका प्रहरी कार्यालय टोकरपुरमा खबर गरेका थिए। घटनाको जानकारी पाएसँगै घटनास्थल पुगेको प्रहरीको टोलीले शवको मुचुल्का तयार गरी फरार रहेका वीरबहादुरलाई खारपानी भन्ने स्थानबाट पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले जानकारी दिए।

स्वास्थ्य केन्द्र लैजाँदै गर्दा बाटोमै प्रसूति

धनगढी/ कैलालीको विकट पहाडी क्षेत्र पर्ने मोहन्याल गाउँपालिका-३, बुढीआमामा एक महिलाले बाटौमै बच्चालाई जन्म दिएकी छिन्। स्थानीय २२ वर्षीया दुर्गा विकले प्रसूति केन्द्र जाने क्रममा बाटोमा छोरीलाई जन्म दिएकी हुन्। बेथा लागेपछि आफन्तले उनलाई सुरक्षित प्रसूतिका लागि फल्लेबिसौना आधारभूत स्वास्थ्य सेवा केन्द्रमा लैजाँदै थिए। सामान्य प्रसूति सेवा उपलब्ध रहेको स्वास्थ्य केन्द्र विकको घरबाट करिब एक घण्टाको पैदल दूरीमा पर्छ। फल्लेबिसौना स्वास्थ्य केन्द्रका अनमी रूपा साउदका अनुसार सोमबार दिउँसो बाटोमा बच्चा जन्माएकी दुर्गालाई एम्बुलेन्समा राखेर स्वास्थ्य केन्द्र लगिएको थियो। आमा र शिशुको स्वास्थ्य अवस्था सामान्य रहेकाले उनीहरूलाई मंगलबार घर पठाइएको साउदले बताइन्। 'सुत्केरी बेथा लागेर यहाँ ल्याउन लागेको जानकारी पाएपछि उनलाई ल्याउन एम्बुलेन्स लिएर गएका थियौं, हामी पुग्दासम्म बाटोमै बच्चा जन्मिसकेको थियो,' साउदले भनिन्। दुर्गाको घरबाट करिब २० मिनेटको पैदल दूरीसम्म कच्ची सडक रहेकाले गाडी जान्छ। स्वास्थ्य केन्द्रमा मासिक तीनजना सुरक्षित प्रसूति सेवा लिन आउने गरेका साउदले बताइन्। 'यहाँ सामान्य प्रसूति सेवा मात्र छ। जटिल अवस्थाका आए तराईका अस्पतालतिर रेफर गर्छौं,' उनले भनिन्, 'एउटा कोठाबाट प्रसूति केन्द्र चलाइरहेका छौं। दुई-तीनजनासँगै आउँदा एउटै कोठामा राख्नुपर्छ।'

गुरुजजुरका शिक्षक, कर्मचारीले सन्तानलाई सामुदायिकमै पढाउने

तुलसीपुर/ दाङको तुलसीपुर उपमहानगरपालिका- ५ स्थित गुरुजजुर नमुना माध्यमिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूले आफ्ना सन्तानलाई सोही विद्यालयमै पढाउने भएका छन्। विद्यालयका प्रधानाध्यापक विष्णुकुमारी केसीका अनुसार विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सबै शिक्षक तथा कर्मचारीहरूको आइतबार बसेको संयुक्त बैठकले यस्तो निर्णय गरेको हो। 'सबैले स्वस्फूर्त रूपमा निर्णय गरेका हौं, सबैले यही विद्यालयमा आफ्ना सन्तानलाई पढाउने गरी निर्णय गरेका छौं,' उनले भनिन्, 'यसले सामुदायिक विद्यालयको शिक्षा सुधारमा थप टेवा पुग्नेछ।' हाल विद्यालयमा ८० शिक्षक तथा कर्मचारी कार्यरत रहेको विद्यालयका सहायक प्रधानाध्यापक प्रमोदकुमार न्यौपानेले बताए। तीमध्ये केही शिक्षक, कर्मचारीका सन्तान सोही विद्यालयमा अध्ययन गरिरहेको र बाँकी शिक्षक कर्मचारीका सन्तान आगामी शैक्षिक सत्र ०८३ देखि पढाउने गरी निर्णय गरिएको हो। ११ फागुन ०११ म स्थापित विद्यालयमा हाल २७ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। सहायक प्रधानाध्यापक न्यौपानेका अनुसार विद्यालयमा दाङसहित १५ जिल्लाका विद्यार्थीले अध्यापन गरिरहेका छन्। हाल शिशु कक्षादेखि १२ सम्म सञ्चालनमा छ। शिक्षा, विज्ञान, व्यवस्थापन, मानविकी विषयमा कक्षा ११ र १२ मा अध्यापन हुने गर्छ।

स्थानीयको पहलमा थोपल खोलामा पुल बन्दै

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको नीलकण्ठ नगरपालिकाअन्तर्गत थोपल खोलामा स्थानीयवासीको पहलमा पुल निर्माण सुरु गरिएको छ। लामो समयदेखि पुल निर्माणको माग गरिए पनि सम्बन्धित निकायले चासो नदेखाएपछि स्थानीयले आफैं सहयोग संकलन गरी पहरेभिर कोत्रेस्थित थोपल खोलामा पुल निर्माण थालेका हुन्।

नीलकण्ठ नगरपालिकालगायत अन्य सरोकारवाला निकायसँग थोपल खोलास्थित पहरेभिर-कोत्रे क्षेत्रमा पटक-पटक पुल निर्माणको माग गरिए पनि अहिलेसम्म कुनै योजना परेको छैन। तर, आवतजावतमा अति नै समस्या भएपछि सहयोग जुटाएर पुल बनाउन थालेको स्थानीय विष्णु श्रेष्ठले बताए। 'निर्माण भइरहेको पुलका लागि हाल जग तथा म्यासोनरी पर्खाल लगाउने काम भइरहेको छ। दुवैतर्फ जग बसाल्ने, खोलाको बिचभागमा पिल्लर राख्ने र माथि फलामको पाता राख्ने तयारी गरिएको छ,' उनले भने।

'पञ्चायतकालदेखि भोलुंगे पुल बनाउन सर्भे गरिए पनि अहिलेसम्म पुल बनेन। कतैबाट योजना नपरेपछि हामी आफैंले रकम जुटाएर काम सुरु गरेका हौं। प्राविधिक मूल्यांकनअनुसार पुल निर्माणका लागि करिब १५ लाख रुपैयाँ लागत लाग्ने अनुमान छ,' उनले थपे, 'मैले निर्वाचन प्रहरीको रूपमा काम गर्दा पाएको तलब ४८



धादिङको नीलकण्ठ नगरपालिका वडा नम्बर ३ र १३ जोड्ने पहरेभिर कोत्रेमा निर्माणाधीन पुल।

हजारमा २२ हजार थपेर ७० हजार रुपैयाँ सहयोग गरेको छु। अन्य स्थानीयले पनि आ-आफ्नो क्षमताअनुसार सहयोग गरिरहनुभएको छ।'

पुल निर्माणमा स्थानीयको सक्रियता बढेपछि सहयोगी हातहरू पनि बढेको स्थानीय होमनारायण श्रेष्ठ बताउँछन्। 'सबैले सहयोग गर्छौं भनिरहेका छन्। रसिद छाप्न दिएका छौं, केही दिनबाट रकम संकलन द्रुत रूपमा अघि बढ्छ। विकास निर्माणको काम हो। पुल बने हामी स्थानीयहरूलाई नै सहयोग पुग्ने हो। सबैले सकेको सहयोग गरे चाँडै नै यो पुल बन्छ,' उनले भने।

पहरेभिर कोत्रेस्थित थोपल खोलामा पुल बन्ने भएपछि बुद्धसिंह तामाङले पनि पाँच हजार सहयोग गरेका छन्। ०७२ को भूकम्पले आफ्नो थातथलो छाडेर विस्थापित भई उनी सालबोटेमा बस्दै आएका छन्। छरछिमेकी सबै मिलेर थालेको पुण्यको काममा हातेमालो गर्न सहयोग गरेको उनले बताए।

क्षयरोगबाट आठ महिनामा १८ जनाको मृत्यु

बागलुङ/ बागलुङमा क्षयरोगका कारण पछिल्लो आठ महिनामा १८ जनाको मृत्यु भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका अनुसार गलकोट नगरपालिकामा आठ, बडिगाड गाउँपालिकामा पाँच, ढोरपाटन नगरपालिकामा दुई, बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा एक-एकजनाको मृत्यु भएको कार्यालयका जनस्वास्थ्य प्रशासक प्रवीण शर्माले जानकारी दिए। गत आर्थिक वर्षमा १९ जनाको मृत्यु भएको थियो।

मंगलबार विश्व क्षयरोग दिवसको अवसरमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक तथ्यांकअनुसार चालू आवमा जिल्लामा कुल १४४ जना क्षयरोगका विरामी छन। जसमा पुरुष ८६ र महिला ५८ जना रहेको कार्यालय प्रमुख शर्माले बताए। जिल्लामा सबैभन्दा बढी ३८ जना क्षयरोगीका संख्या बडिगाड गाउँपालिका र सबैभन्दा कम बरेङ गाउँपालिकामा एकजना छन्।

अघिल्लो आवमा कुल २६४ क्षयरोगका विरामी रहेको बागलुङमा साउनयता १४४ पुगिसकेको छ। जिल्लामा क्षयरोगको पत्ता लगाउने दर बढ्दै गएको हुँदा शंकास्पद विरामीको परीक्षणपश्चात संक्रमित पनि बढ्दै गएको प्रदेश जनस्वास्थ्य कार्यालयका वरिष्ठ क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताए। रोग नियन्त्रणका लागि बागलुङका स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा परीक्षण र औषधी प्रदान गरिँदै आएको उनले बताए।

अझै पनि सम्भावित संक्रमितमध्ये ६८ प्रतिशत मात्रै भेटिएकाले खोजपडतालबाट मात्र निवारण सम्भव भएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका निमित्त प्रमुख घनश्याम सापकोटाले बताए। अहिले पहिलो चरणमा जिल्लाका चार स्थानीय तहलाई क्षयरोगमुक्त बनाउने अभियानसमेत चलेको छ। गलकोट नगरपालिका, बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका र बडिगाड गाउँपालिकाले यो अभियान थालेका हुन्।

झापा, मोरङ र सुनसरीमा बर्ड-फ्लुको संक्रमण

५५ हजार कुखुरा, एक लाख अन्डा, १७ हजार केजी दाना नष्ट

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा बर्ड-फ्लु संक्रमण तीव्र रूपमा फैलिएको छ। बर्ड-फ्लु संक्रमण पुष्टि भएका क्षेत्रहरूमा नियन्त्रणका लागि जिल्ला प्राविधिक समितिको निर्णयअनुसार प्रभावित स्थानको तीन किलोमिटर क्षेत्रमा चार किल्ला तोकेर पक्षी र पक्षीजन्य वस्तुको नष्ट गर्ने क्रम अघि बढाइएको छ। साथै, ४१ दिनसम्म संक्रमित क्षेत्रमा आवतजावत तथा पक्षीजन्य पदार्थको ओसारपसार र उत्पादनमा पूर्ण प्रतिबन्ध लगाएको छ।

उद्योग कृषि सहकारी मन्त्रालय कोशीका पशुपक्षी महाशाखाका अनुसार मंगलबारसम्म झापा, मोरङ र सुनसरीको १२ स्थानमा रहेका कुखुरा फर्महरूमा बर्डफ्लु संक्रमण भएको पुष्टि भइसकेको छ। यसैले ती स्थानहरूमा चार किल्ला तोकेर फर्महरूमा रहेका कुखुरा, अन्डा र स्टकमा रहेका दानाहरू स्थानीय प्राविधिकले धमाधम नष्ट गर्न थालेका छन्।

मन्त्रालयको पशुपक्षी महाशाखा प्रमुख डा. दीपा दिवालीका अनुसार मंगलबारसम्म बर्डफ्लु संक्रमण पुष्टि भइसकेका मोरङका ६, सुनसरीका ५ र झापाको १ गरी जम्मा १२ स्थानमा रहेका कुखुरा फर्मबाट ५५ हजार कुखुरा, एक लाख अन्डा १७ हजार केजी दाना नष्ट गरिसकिएको छ।

गत ४ चैतदेखि सुरु भएको बर्डफ्लु संक्रमण हालसम्म विराटनगर महानगरपालिका- ४ स्थित दाहाल कृषि



फार्म, सुन्दरहरैंचाको हलेसी महादेव फार्म र उर्लाबारीको अठियाबारी फार्म, कटहरीको ए टु जेड तथा कामख्या पोल्ट्री फार्ममा बर्डफ्लु संक्रमण भएको पुष्टि भइसकेको छ। सुनसरीको इटहरी उपमहानगरपालिका- १९ मा रहेको ओको कृषि फर्म, इटहरी- १७ मा रहेको लक्ष्मी पोल्ट्री फार्म, इटहरी- १८ मा रहेको रानी कृषि फार्म, इटहरी- ११ मा रहेको आलम कृषि फर्म, गढी गाउँपालिका- ५ मा रहेको संगीत कृषि फर्ममा पनि बर्डफ्लु संक्रमण भएको पुष्टि भएको छ। साथै, झापा दमक नगरपालिका- १० मा रहेको दमक एग्रिकल्चरमा बर्डफ्लुको संक्रमण देखिएको छ।

पशुपछी रोग अन्वेषण प्रयोगशाला विराटनगरका अनुसार ४ चैतदेखि नै कोशी प्रदेशका तराईका जिल्लामा बर्डफ्लु संक्रमण पुष्टि हुन सुरु भएको थियो। यसैले तीव्र रूपमा बर्डफ्लु संक्रमण फैलिरहेको भन्दै उच्च सतर्कता अपनाउन कोशी सरकारको कृषि मन्त्रालयले ८ चैतमा मातहतका कार्यालयमार्फत कुखुरा व्यवसायी, पालिका र जिल्लास्थित कार्यालयलाई आग्रह गरेको थियो

पशुपक्षी रोग अन्वेषण प्रयोगशाला विराटनगरका प्रमुख डा. कमल गिरीका अनुसार प्रयोगशालामा परीक्षण गर्दा शंकास्पद देखिएका करिब ५० वटा स्याम्पल परीक्षणका लागि केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशाला काठमाडौंमा पठाउँदा विभिन्न स्थानमा रहेका फर्महरूका १२ वटा नमुनामा एच५एन१ पुष्टि भएको हो। उनका अनुसार गत साउनयता शंकास्पद देखिएका १९८ नमुना परीक्षणका लागि केन्द्रमा पठाउँदा ४५ नमुनामा बर्डफ्लु पुष्टि भइसकेको छ। पशुपक्षी विज्ञले बर्डफ्लु संक्रमण हुनुमा फागुन चैतमा तापक्रम कम हुनु, खुला भारतीय नाकाहरूबाट अवैध कुखुरा र दानाहरूको आयात नरोकिनु र व्यवसायीहरूले फर्महरूमा उच्च सतर्कता नअपनाउनु र शंकास्पद अवस्थामा पनि कुखुरा, अन्डा र दाना ओसारपसार भइरहनु मुख्य कारण मानेका छन्।

संविधान होइन, नेता सुधिनुपर्‍यो अब

संविधान संशोधनले संविधान सुध्रिन्छ, तर त्यसले नेता सुधार्दैन । नेपालको आवश्यकता नेताको सुधार हो, संविधानको होइन ।



● बलराम केसी

अग्रलेख

तत्कालीन सरकारबाट आन्दोलनमा उत्रेका युवा विद्यार्थीको हत्या गरेपछि जेन-जी आन्दोलनको बलमा गठबन्धन सरकार ढल्यो । राष्ट्रपतिको सक्रियतामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो । सो सरकारले २१ फागुनमा आमचुनाव गरायो । चुनावले रास्वपालाई दुईतिहाईनिकट बहुमत दियो । जेन-जी आन्दोलनपछि राष्ट्रपतिले धारा ७६ र १३२ हेरेर बसेको भए संविधान नबच्ने र संकटकाल लाग्ने अवस्था थियो । तत्कालका लागि अप्रिय तर राष्ट्रहितका लागि आवश्यक धारा ६१(४) का आधारमा राष्ट्रपति सक्रिय हुनुभयो । त्यसैका कारण चुनाव सम्पन्न भयो । संविधान ट्र्याकमा आयो ।

जेन-जी आन्दोलनको पहिलो उपलब्धि संसद् विघटन हो । संसद् विघटनको उपलब्धि आमचुनाव हो । आमचुनावको उपलब्धि पुराना दलको पराजय र रास्वपाको सरकार गठन हो । नयाँ सरकारप्रति आमनेपालीको समर्थन छ । बन्दै गरेको सरकारसित झन्डै दुईतिहाइको बहुमत छ । यस्तोमा विपक्षी कमजोर छ भन्ने मदमा सत्ताको दुरुपयोगतिर लाग्यो भने ऊ असफल हुने पक्का छ । 'सुशासन' दिएर, 'भ्रष्टाचार' नियन्त्रण गरेर तथा कार्की आयोग र मानव अधिकार आयोगले दोषी देखाएका पात्रलाई कारबाही गरियो भने सरकार पनि सफल हुनेछ र जेन-जी आन्दोलनका सहिदप्रति पनि न्याय हुनेछ ।

सुधार संविधानमा होइन, नेतामा : गणतन्त्रको ११ वर्षमा पालैपालो उनै अनुहार पटक-पटक दोहोरिँदै, तेहरिँदै प्रधानमन्त्री बने । भ्रष्टाचार र आफ्नो अक्षमतालाई तिनले कहिल्यै स्विकारेनन् । आफ्नो अक्षमता र असफलता लुकाउन संविधानलाई दोष दिए । संविधान संशोधनको नारा दिएर जनताको ध्यान मोड्ने प्रयास गरे । जनतालाई झुक्याएरै ११ बर्ष शासन गरे । तर, रास्वपाले यही संविधानबाट झन्डै दुईतिहाइ बहुमत ल्याएर यही संविधानबाटै पनि पाँच वर्ष स्थिर सरकार दिन सकिन्छ भन्ने देखाइदियो । झन्डै पाँच दर्जन देशमा संसदीय व्यवस्था छ । संसदीय व्यवस्थाको आभारभूत संरचना भनेकै सरकार संसद्प्रति उत्तरदायी हुने व्यवस्था हो, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री होइन । बेलायत संसदीय व्यवस्थाको जन्मदाता हो । जापान, भारत, पश्चिम युरोप, स्क्यान्डिनेभियन देश, अस्ट्रेलिया, न्युजिल्यान्डलगायत देशमा संसदीय व्यवस्था छ । ती देशले प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित हुनुपर्छ भनेनन् । संसदीय व्यवस्थाको आधारभूत संरचनाविपरीत यहाँ भने अमेरिकाको राष्ट्रपतीय प्रणालीअनुरूप प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री चाहियो भनिँदै छ । केही महिनाअघि जापानमा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को प्रधानमन्त्री फुमियो किसिदा हुनुहुन्थ्यो । लोकप्रियता घट्यो भनेर उहाँले प्रधानमन्त्री र दलको नेता दुवैबाट राजीनामा गरेर नयाँ अध्यक्षका लागि बाटो खोलिदिनुभयो । साने ताकायिची दलकी नेता बन्नुभयो । दुईतिहाइ बहुमतले प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो । हाम्रा भने प्रधानमन्त्रीको लोभले विधानमा राखिएको ७० वर्षे उमेरको हद र दुईपटकको पदावधिको सीमा पनि हटाउँछन् । चुनावअगाडि दुईतिहाइ बहुमत आउँछ भनेर हल्ला गर्छन् । नराम्रो पराजय व्यहोर्नुपर्दा पनि राजीनामा गर्दैनन् । नैतिकता र इमानदारीविहीन छन् । संविधानलाई दोष दिएर दुनियाँ हसाउँछन् ।

संविधान संशोधन गर्नुपर्दैन भन्ने लेखकको भनाइ होइन । प्रधानमन्त्रीको पदावधि दुईपटक, शैक्षिक योग्यता, संघीयता, संवैधानिक परिषद्, न्यायपरिषद्, न्यायपालिका, संवैधानिक निकायलगायत कतिपय विषयमा संशोधन आवश्यक छ । रास्वपाको झन्डै दुईतिहाइ बहुमतले गर्दा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका लागि संविधान संशोधन चाहिँदैन भनिएको हो । संविधान संशोधनले संविधान सुध्रिन्छ, तर त्यसले नेता सुधार्दैन । नेपालको आवश्यकता नेताको सुधार हो, संविधानको होइन । संविधान संशोधन गरेर टाउकाको रोगमा पेटको उपचार नगरौँ ।

संकटलाई सर्वोच्च अदालतले बचायो : सर्वोच्च अदालतले कानुनलाई आफ्नो बाटो लिन दिएर संवैधानिक संकट टाऱ्यो । चुनाव हुन नसकेको भए संविधान र राजनीतिमा संकट आउने थियो । संसद् विघटन र सुशीला कार्कीलाई प्रधानमन्त्री बनाएकामा दुई दलले 'जुडिसियलाइजेसन अफ पोलिटिकल इस्यु' बनाए । मान्य सिद्धान्तअनुसार विवाद 'सबजुडाइस' भए पनि चुनाव सम्पन्न भएर नयाँ सरकार गठन भइसकेकाले अब दुई दलको रिटमा जोकोहीले धारा १७ (१) को वाक् तथा प्रकाशन स्वतन्त्रता प्रयोग गर्न सक्छ । निर्वाचनअगाडि फैसला गर्न एक नेताले अप्रत्यक्ष दबाब पनि दिए । नेताले बोलेका कुरा वाक् तथा प्रकाशन स्वतन्त्रता नाघेर अदालतको अवहेलनाको लक्ष्मणरेखाभित्र छिर्ने खालको थियो । निर्वाचन सफलतापूर्वक सम्पन्न भएर धारा ७६(१) को सरकार गठनमा सर्वोच्च अदालतलको भूमिका महत्त्वपूर्ण छ ।

रिट २ 'वर्ग'को थियो । एउटा संविधान र कानुनको व्याख्या देख्न चाहने- बौद्धिक वर्ग । अर्को 'वर्ग' संसद् पुनर्स्थापना गराएर सातबुँदे सम्झौताबाट पाएको बाँकी दुई वर्ष



पुनः प्रधानमन्त्री बन्ने स्वार्थी सोचका थिए । तिनलाई व्याख्याको मतलब थिएन । सर्वोच्चले अग्राधिकार र अन्तरिम आदेश दुवै दिएन । सन्तुलन र पुग्ने क्षति हेरेर दिने वा नदिने अदालतको स्वविवेकमा सर्वोच्च डगेन ।

संसद् पाँचवर्षे कार्यकाल पूरा गरेपछि वा सरकार असफल भयो भने विघटन हुन्छ । २३ र २४ भदौको घटना सरकारको अक्षमता र असफलताको प्रमाण थियो । संसद्बाट अर्को सरकार गठन सम्भव थिएन । संसद् विघटन गरेर पूर्वप्रधानन्यायाधीशको प्रधानमन्त्रीत्वमा सरकार गठन गर्नुपर्‍यो । चुनावको मिति पनि तोकियो । संसद् विघटन हुनासाथ सरकार गठन भयो । लगत्तै २१ फागुनमा आमचुनाव हुने मिति तोकियो । संसद् विघटनको प्रभावकारी उपचार आमचुनाव नै हो । आमचुनाव 'पोलिटिकल प्रोसेस' हो भने रिट 'जुडिसियल प्रोसेस' हो । दुई दलका तर्फबाट अति विलम्ब गरेर 'आए आँप गए झटारो' शैलीमा दुई रिट परे । रिट दर्ता पनि गर्नु र निर्वाचन पनि लड्नस, रिटको सिद्धान्तविपरीत थियो । रिट कायम राख्नेले चुनाव लड्न हुँदैनथ्यो ।

संसद् विघटनलाई गलत भन्ने हो भने गलत निर्णयको फाइदा लिन नपाइने रिटको मान्यता हो । संसद् विघटनले पाँच वर्ष प्रधानमन्त्री बनिरहन पाउने र नपाउँदा हक हनन भएको मान्ने हो भने त्यस्तो हनन भएको हकको प्रचलन गराउने अन्य उपचारको व्यवस्था गरिएको हुनुहुँदैन वा भए पनि पाउने उपचार अपर्याप्त र अप्रभावकारी हुनुपर्छ । चुनाव संसदीय राजनीतिमा संसद् विघटनविरुद्धको प्रभावकारी र पर्याप्त उपचार तथा 'पोलिटिकल प्रोसेस' हो । निर्वाचनको मितिसमेत तोकेको देखेर हुन सक्छ, सर्वोच्चले 'जुडिसियल प्रोसेसबाट पोलिटिकल प्रोसेस' मा हस्तक्षेप गर्न आवश्यक देखेन । चुनाव प्रभावकारी उपचार भएकाले रिटलाई नियमित प्रक्रियामा पठाएर 'कानुनले आफ्नो बाटो लिन्छ' भन्ने मान्य सिद्धान्तमा सर्वोच्च अड्यो ।

> नयाँ सरकारले लोकतन्त्रमा शासन व्यक्तिबाट होइन, कानुनबाट चल्छ भन्ने बुझ्नुपर्‍यो । संसदीय संस्कारअनुरूप चल्नुपर्‍यो । नियुक्तिमा भागबन्डा र भनसुन बन्द गर्नुपर्‍यो । सुशासन दिनुपर्‍यो । रोजगारी सिर्जना गर्नुपर्‍यो ।

सर्वोच्चले संविधानको मर्म र भावनाअनुसार कानुनलाई आफ्नो बाटो लिन दिएर वर्षौंअगाडि परेका अन्य निवेदनको पालो नमिची सराहनीय काम गऱ्यो । चुनावजस्तो पोलिटिकल प्रोसेसमा सर्वोच्च बाधक नबनी, नयाँ संसद् गठन गरेर, चुनावमार्फत रिट निवेदक दलका नेतालाई पुनः प्रधानमन्त्री बन्ने अवसर दिएकै हो । तर, जनताले पत्याएनन् त के गर्नु ? बरु अन्य विचाराधीन मुद्दालाई उछिनेर दुई दलको निवेदनलाई अग्राधिकार दिएको भए पालो कुरिरहेका अन्य निवेदकमाथि अन्याय हुने थियो । त्यसैले, विघटनविरुद्ध परेको रिटमा सर्वोच्चको स्वविवेकलाई सराहना गर्नुपर्छ ।

रास्वपा युवा पुस्ताको नयाँ दल हो । नेतृत्वको अकर्मण्यताका कारण पुराना दुई दलदेखि जनता निराश थिए । रवि लामिछाने नेतृत्वको रास्वपा र काठमाडौंका पूर्वमेयर बालेन्द्र शाहको मिलन खुसीको कुरा हो । उनीहरूलाई जनताले विश्वास गरेका छन् । बालेन शाह प्रधानमन्त्री बन्ने र लामिछानेले पार्टी सञ्चालन गर्ने भनिएको छ । यतिखेर रास्वपाको उदयले पुराना नेताको होस गुम भएको छ । रास्वपाको झन्डै दुईतिहाइको बहुमत र एमालेको लज्जास्पद हारले गर्दा अब संसद् घेराउ, संसद् बहिष्कार र संसद्भित्र हंगामा नहोला । संसद्भित्रका ती नाटक अब माइतीघर मण्डलामा सरेर जुलुस, चक्काजाम, नेपाल बन्दजस्ता असंवैधानिक र असंसदीय कार्य भने नहोला भन्न सकिन्न ।

सम्भावित त्यस्ता अवरोधको सामना संविधान र कानुनले गर्दैन । भ्रष्टाचार नियन्त्रण र सुशासनले गर्छ । रास्वपाका सांसद युवा र नयाँ छन् । कतिपय सांसदमा संसदीय अभ्यास र अनुभव नहुन सक्छ । सांसद र मन्त्रीको हैसियतले कार्य सम्पादन विवादित बन्न सक्छ । तर, उनीहरूको निष्ठा, स्वच्छता र इमानदारीमा शंका गरिँदैन । आमनेपालीको विश्वास डगमगाउन दिनुभएन । दिने हो भने आज पराजित भएका तत्त्व पुनः सल्बलाउन थाल्नेछन् ।

नयाँ सरकारले रचनात्मक काम गरेर देखाउनुपर्छ । बहुमत छ, विपक्षी कमजोर छ, कार्यकाल पाँच वर्ष बाँकी छ, अविश्वासको प्रस्ताव ल्याउन सक्दैनन् भन्ने सोच बन्यो भने सत्ताको उन्मादमा गलत काम पनि हुन सक्छ । 'पावर करप्ट्स'ले छुनु भएन । भ्रष्टाचारमा पुराना दलले अपनाएको 'कम्पेन्सेटोरी जुडिसप्रुडेन्स सिन्ड्रोम'ले छोएर अगाडिकाले त भ्रष्टाचार गरेकै हुन्, हामीले चाहिँ किन नहुने भन्ने सोच विकास हुनुभएन ।

अन्त्यमा, नयाँ सांसद र दलका नेताले संवैधानिक अभ्यास पालना गर्नुपर्‍यो । लोकतन्त्रमा शासन व्यक्तिबाट होइन, कानुनबाट चल्ने हो भन्ने सम्झनुपर्‍यो । सबै संसदीय संस्कारअनुरूप चल्नुपर्‍यो । दल 'पार्टी कल्चर'मा चल्नुपर्‍यो । नियुक्तिमा भागबन्डा र भनसुन बन्द गर्नुपर्‍यो । सुशासन दिनुपर्‍यो । रोजगारी सिर्जना गर्नुपर्‍यो । रोजगारी सिर्जनाका लागि सरकारले औद्योगिक, व्यापारिक र अर्थशास्त्रीको समूहलाई बोलाएर आयकर तपाईंहरूले तिर्नुपर्छ, तर तपाईंहरूले चाहेका मनासिब सुविधा र अवधिमा उद्योग सञ्चालन गर्न के-कस्ता सहुलियतका कानुन चाहिन्छन्, आफैँ मस्यौदा गरेर ल्याउनुहोस्, हामी कानुन बनाइदिन्छौँ भन्न सक्नुपर्‍यो ।

गिरिबन्धु, भुटानी शरणार्थी, गोकर्ण रिसोर्ट, ओम्नीजस्ता दर्जनौँ भ्रष्टाचारका फाइल खोल्नुपर्‍यो । शक्ति पृथकीकरणको सिद्धान्तलाई कडाइसाथ पालना गर्नुपर्‍यो । नियुक्तिमा 'राइट म्यान इन द राइट प्लेस' हुनुपर्‍यो र बितेका सरकारले गरेका ज्यादती, गल्ती र मनपरीलाई सच्याउनुपर्‍यो । साथै, आफूले त्यस्तो गल्ती दोहोऱ्याउनुभएन । कार्की आयोग र मानव अधिकार आयोगको प्रतिवेदनले दोषी देखाएका सबैलाई डटेर कानुनअनुसार कारबाही गर्नुपर्‍यो । अवश्यै सफल भइन्छ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

३ प्रश्न

वरिष्ठ छातीरोग विशेषज्ञ
डा. नवीनप्रकाश साहलाई



नेपालमा क्षयरोग संक्रमणको अवस्था कस्तो छ ?

हामीकहाँ क्षयरोग संक्रमणको अवस्था मध्यम स्तरमा छ । गत वर्ष नेपालमा करिब ६७ हजार सक्रिय क्षयरोगी उपचारमा आउने आकलन गरिएको थियो । तर, यसको झन्डै ४० प्रतिशत बिरामी उपचार प्रणालीमै आएनन् । निष्क्रिय क्षयरोगीमध्ये पनि ७४ प्रतिशतको अवस्था पत्तै लागेन । यसरी उपचारमा नआउनेले समुदायमा धेरैलाई यो रोग सारिसकेका हुन सक्छन् । क्षयरोग नियन्त्रणमा उपचारमा नआउने यिनैले बढी चुनौती थपिरहेका छन् ।

क्षयरोग नियन्त्रणमा हाम्रो उपचार प्रणाली प्रभावकारी हुन नसकेको त होइन ?

त्यस्तो होइन, उपचार अत्यन्त प्रभावकारी छ । उपचार प्रणालीमा जोडिएका ९७ प्रतिशत क्षयरोगीको उपचार सफल भएको छ । बाँकी तीन प्रतिशतको चाहिँ निकै ढिला उपचारमा आएकाले या औषधि सेवनमा हेलचेक्र्याइँ गरेकाले मृत्यु भएको अवस्था हो । कतिपय दूरदराजका क्षयरोगीले खोकी त सधैँ लागिरहन्छ नि भनेर वास्ता नगर्ने, कतिपयचाहिँ स्वास्थ्य संस्थासम्म जाने नसक्ने, स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने सचेतना पनि नहुने या उपचार प्रणाली महँगो हुन्छ भन्ने भ्रम आदिले गर्दा उपचारमै नजाने अवस्थाले गर्दा केही केसमा असफलता देखिएको हो । यसका साथै, कतिपय स्थानमा दक्ष जनशक्तिको कमीले पनि समस्या सिर्जना गरेको हुन सक्छ भने कतिपय स्थानमा चाहिँ दक्ष जनशक्ति भएर पनि आवश्यक उपकरण नहुँदा पहिचानमा समस्या भएको हुन सक्छ ।

आगामी दिनमा क्षयरोग नियन्त्रणमा प्रभावकारिता ल्याउन स्थानीय सरकारको भूमिका कस्तो हुनुपर्ला ?

आखिरमा लागू गर्ने त स्थानीय सरकारले नै हो । बिरामीसित नजिक हुने सरकार पनि ऊ नै हो । कतिपय पालिकाले राम्रो गरिराख्नुभएको पनि छ । तर, अझै धेरै गर्न भने बाँकी नै छ । कतिपयसित स्रोतको अभाव पनि हुन सक्छ । दक्ष जनशक्ति र आवश्यक उपकरणको अभाव पनि हुन सक्छ । त्यसको परिपूर्ति हुन सक्यो भने क्षयरोगको उपचार थप प्रभावकारी हुन सक्छ ।

प्रेरक प्रसंग

बुहारीको बुद्धिमत्तापूर्ण निर्णय

एक गाउँमा दुई दाजुभाइ प्रेमपूर्वक बसोवास गर्थे । सँगै रहँदाबस्दा एक दिन उनीहरूबिच कुनै विषयमा सामान्य विवाद भयो । दाजुभाइबिच विवाद भएको थाहा पाएपछि उनीहरूको प्रेम देखेर जल्ने केही गाउँलेले दुवैको कान फुकेर विवादको झिल्कोलाई डढेलो बनाइदिए । दाजुभाइबिचको सामान्य विवादलाई गम्भीर दुस्मनीमा परिणत गरिदिए । विवाद बढ्दै जाँदा दाजुभाइबिच आवतजावत र बोलचालसमेत बन्द भयो । दुवै एक-अर्काको मुखसम्म हेर्न नचाहने भए ।



त्यसको केही वर्षपछि एक दिन केही गाउँले दाजुको घरबाहिर जम्मा भएर कुनै विषयमा उनलाई गालीगलोज गर्दै धम्क्याइरहेका पनि थिए । यो सब देख्दा भाइ आफ्नो कोठाको झ्यालबाट हेरेर मुसुमुसु हाँसिरहेको थियो । उसले मनमनै सोच्यो- बल्ल आज दाइले स्वाद पाउने भयो । त्यसलाई गाउँलेले ठिक पार्ने भए । त्यत्तिकैमा भाइकी पत्नी हतारिँदै बाहिरबाट पति भएको कोठामा प्रवेश गरी र भनी- बाहिर हेर्नुस् त, केही गाउँले दाजुलाई धम्क्याउँदै छन् । दाजु एक्लै पर्नुभयो । हामी यसरी चुप लागेर बस्नुहुँदैन । दाजुलाई सहयोग गर्न हामी जानैपर्छ, बुझ्नुभयो ?

भाइले पत्नीतिर हेर्दै भने- यो के भन्दै छ्यौ तिमी ? हामीलाई रिस गर्ने त्यस्तो दुस्मनलाई दाजु भनेर सहयोग गर्ने ? पतिको कुरा सुनेर पत्नीले भनी- दाजुभाइबिच सामान्य कुराले मनमुटाब भयो भन्दैमा दाजुलाई दुस्मन ठान्ने हो त ? हाम्रो माइतमा त दाजुभाइ अप्ठ्यारोमा पर्दा चुप लागेर बस्ने संस्कार छैन । त्यसैले, तपाईं जानुस् या नजानुस्, मचाहिँ गएँ । यति भनेर पत्नी हतारहतार एउटा लाठो उठाएर बाहिर निस्किइन् । पत्नी निस्किएको देखेपछि भाइ पनि लाठो टिपेर बाहिर निस्कियो ।

भाइ र बुहारी आफ्नो सहयोगमा आएको देखेपछि दाजु, भाउजू र उनीहरूका छोराछोरी पनि एकसाथ निस्किए । यसरी दुवै दाजुभाइका परिवार एकसाथ निस्किएको देखेपछि गालीगलोज गर्ने गाउँले त्यहाँबाट भागे । आज भाइकी पत्नीको बुद्धिमत्तापूर्ण निर्णयले वर्षौंसम्म टाढा भएका दाजुभाइको मिलन भयो । दुवै दाजुभाइले अंकमाल गरी एक-अर्कासित माफी मागे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एन्फा र राखेपलाई प्रश्न

पछिल्लो केही समययता नेपाली फुटबलको आकाशमा कालो बादल मडारिन थालेको छ । अरू कसैका कारण नभई स्वयं नेपाली फुटबलको आधिकारिक निकाय अखिल नेपाल फुटबल एसोसिएसन (एन्फा) समग्र नेपाली खेलकुदको आधिकारिक निकाय राखेपबिचको जुहारीका कारण यस्तो अवस्था सिर्जना भएको हो । यतिखेर एन्फा आफ्नै विधानविपरीत जसरी भए पनि अहिले नै निर्वाचन गराइछाड्ने एकोहोरो रटानमा छ भने राखेप जसरी भए पनि यसलाई रोक्ने पक्षमा छ । यसैको परिणामस्वरूप राखेपले दशरथ रंगशाला नदिँदा हडकडसितको खेल नै रद्द भयो । यो सबै लडाइँ केका लागि हो ?

● **सुगन्धा पुलामी**, त्रिपुरेश्वर, काठमाडौं

समयमा काम नहुने रोग

नयाँ निर्वाचनपछि सांसदले शपथ लिनैका लागि पनि संसद् भवनको अभाव छ । जेन-जी आन्दोलनमा नयाँबानेश्वरस्थित संसद् भवनमा आगजनी भएपछि अहिले संसद्को बैठक बस्ने स्थानकै अभाव छ । सिंहदरबार हातााभित्र निर्माणाधीन संसद् भवन धेरै अघि नै तयार भइसक्नुपर्ने थियो । तर, साढे ६ वर्ष बितिसक्दा पनि सो भवन निर्माणले पूर्णता पाउन सकेको छैन । अहिले छैटौँपटक म्याद थप गरिएको छ । यो रोगले कहिलेसम्म निरन्तरता पाउने हो ?

● **सर्वोत्तम पाठक**, खुसिबु, काठमाडौं

प्रधानमन्त्री कार्कीलाई प्रश्न

छोटो समयमै नयाँ निर्वाचन गराएकी प्रधानमन्त्री सुशीला कार्कीको सबैले तारिफ गरिरहेका छन् । तर, उनीद्वारा नियुक्त महान्यायाधिवक्ता सविता भण्डारीले विगतमा किशोरीको डिम्ब बिक्री प्रकरणमा आफ्नै संस्थालाई दिएको उन्मुक्ति, अहिले वर्ल्डलिंकलाई अर्बौंको करछलीको मुद्दामा दिएको उन्मुक्ति तथा फेक रेस्क्युसम्बन्धी मुद्दामा बलियो प्रमाण हुँदाहुँदै पनि मुख्य आरोपीलाई नै उन्मुक्ति दिने खालका निर्णय गरेको सम्बन्धमा प्रधानमन्त्री कार्की जानकार छिन् कि छैनन् ?

● **वसन्त पुन**, सामाखुसी, काठमाडौं

नयाँ सरकारलाई सुझाव

देशमा भ्रष्टाचार अति बढ्यो, सुशासन कायम गर भनेर जेन-जी युवाले गरेको आन्दोलनको जगमा बन्न लागेको नयाँ सरकारको पहिलो प्राथमिकतामा शिक्षा र स्वास्थ्य पर्न सकोस् । अहिले सरकारी अस्पतालले दिँदै आएको स्वास्थ्य बिमा सुविधा बन्द गरिएको छ । यसले केही हदसम्म भए पनि सर्वसाधारणलाई राहत दिएको थियो । यो किन बन्द गरियो ? अबको सरकारले बरु नेताको तलबभत्ता कटौती गरोस् । तर, जनतालाई दिइँदै आएको बिमासेवालाई निरन्तरता देओस् ।

वीर, शिक्षण र कान्ति बाल अस्पताल सधैँ घाटामा कसरी जान्छ ? एउटा एमर्जेन्सी बेडमा दुईजनासम्म बिरामी राखिएका हुन्छन् । बिरामीले भर्ना हुन बेड नपाएर 'पावर' लगाउनुपर्छ । तैपनि, अस्पताल भने घाटामा जान्छ रे, कसरी ? अब बन्ने स्वाथ्यमन्त्रीले हरेक साता कसैलाई थाहा नदिई प्रत्येक अस्पताल अनुगमन गर्नुपर्‍यो । सरकारी अस्पतालमा जागिर खाएर निजी अस्पताल धाउने डाक्टरलाई कारबाही गर्न पऱ्यो । बिरामीसँग भर्कोफर्को गर्ने डाक्टर र नर्सलाई कारबाही गर्नुपऱ्यो । डाक्टर र नर्सलाई खान पुग्ने तलब देऊ । त्यति गर्दा पनि तिनले बिरामीलाई हेर्दैनन् भने त्यस्तालाई कारबाही गर ।

सिस्टम बसाल्यो भने भोलिका दिनमा जनताले सलाम गर्नेछन् ।

हरेक उच्चपदस्थ व्यक्तिले नेपालकै सरकारी अस्पतालमा उपचार गर्नुपर्छ भन्ने नीति संसद्बाटै बनाऊ । हिजोकोले केही गरेनन् भनेर आज आएकाले पनि यति गर्न सकेनन् भने जनताले मान्नेछैनन् । संसद्मा जाने र तलबभत्ता पचाउने काम मात्र नहोस् । जनतालाई परेको समस्याप्रति पनि चासो जाओस् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

चुनाव नजिकिँदा ओर्बानले बढाए युक्रेनप्रति शत्रुता

बढ्दो महँगी र बेरोजगारीले बिच्किएका मतदाताको ध्यान अन्यत्र मोड्न ओर्बानले सीमापारिको युक्रेनसित विवाद बढाउन थालेका छन्



देश/विदेश

● मार्क रोस्को लुस्टाउ

गत महिनायता हंगेरी र युक्रेनबिचको सम्बन्ध निरन्तर बिग्रिरहेको छ । मार्चको सुरुमा हंगेरीबाट युक्रेनमा लाखौँ अमेरिकी डलरबराबरको नगद र सुन ढुवानी गरिरहेका सात युक्रेनी बैंक कर्मचारी पक्राउ परे । हंगेरीको कर प्राधिकरणले उनीहरूलाई सम्पत्ति शुद्धीकरणको आशंकामा हिरासतमा राखिएको बताएको छ । तर, लगत्तै युक्रेनले यस कदमप्रति आक्रोशित प्रतिक्रिया जनायो । सामाजिक सञ्जालमा एक पोस्ट गर्दै युक्रेनी विदेशमन्त्री एन्ड्री सिबिहाले हंगेरीको कदमलाई 'राज्य आतंकवाद र फिरौती'को संज्ञा दिए ।

यो घटनाअघि नै हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले युक्रेनले आफ्नो देशको ऊर्जा प्रणालीमा क्षति पुऱ्याउने योजना बनाएको आरोप लगाउँदै ऊर्जा संयन्त्रमा सेना तैनाथ गरेका थिए । ओर्बानले त्यसअघि किभलाई युक्रेनी भूमि हुँदै आएको ड्रुज्बा पाइपलाइनबाट रुसी तेल आपूर्ति रोकेको आरोप लगाएका थिए । तथापि, युक्रेनविरुद्धको पछिल्लो तनाव वृद्धिपछाडि ओर्बानको खास उद्देश्य भने अर्कै छ । अप्रिलमा हंगेरीमा संसदीय चुनाव हुँदै छ । बढ्दो मुद्रास्फीति र सीमित रोजगारीका कारण बिच्किएका मतदाताको ध्यान अन्यत्र मोड्न ओर्बानले सीमापारिको युक्रेनसित विवाद बढाउन थालेका हुन् ।

हंगेरीको युक्रेनसँगको विवादमा इतिहास पनि जोडिएको छ । पहिलो विश्वयुद्धमा पराजयपछि विशाल अस्ट्रो-हंगेरीयन साम्राज्य टुक्राएर कैयौँ देश बनाइएका थिए । त्यसरी बनेका विभिन्न मध्ययुरोपेली देशको नयाँ सिमानाभित्र हंगेरीयन समुदाय पर्न गए । त्यस्तैमध्ये एक क्षेत्र थियो, ट्रान्सकार्पाथिया । चेकोस्लोभाकियाको एक क्षेत्र रहेको यो भागलाई सन् १९४६ मा सोभियत संघले कब्जा गऱ्यो । र, त्यसलाई आफ्नो एक एकाइ युक्रेनमा जोड्यो । र, सन् १९९१ मा सोभियत संघ विघटनयता ट्रान्सकार्पाथियाको बाँकी भाग स्वतन्त्र युक्रेनमा पर्छ ।

ओर्बानले आफ्नो राष्ट्रवादी राजनीतिक करिअरमा छिमेकी देशमा पारिएका हंगेरियन अल्पसंख्यकप्रति हुने दुर्व्यवहारलाई प्रमुख रूपमा उठाउँदै आएका छन् । सन् २०१० मा दोस्रोपटक प्रधानमन्त्री बनेपछि उनले छेउछाउका देशका हंगेरियनलाई दोहोरो नागरिकता तथा हंगेरियन राहदानी प्रदान गर्ने लामो समयदेखिको प्रतिज्ञा पूरा गरे । पछि सन् २०१४ मा ओर्बानले युक्रेनमा जातीय हंगेरियनलाई 'स्वायत्तता' प्रदान गर्नुपर्ने आह्वान गरे । त्यसवेलादेखि उनले निरन्तर ट्रान्सकार्पाथिया क्षेत्रका हंगेरियन अल्पसंख्यकप्रति युक्रेनी सरकारले गलत व्यवहार गरिरहेको गुनासो गर्ने गरेका छन् ।

सन् २०१४ मा पूर्वी युक्रेनमा रुसले आक्रमण गरेपछि किभले देशभर अल्पसंख्यक भाषाको प्रयोगमाथि प्रतिबन्ध लगाउने कानुन लागू गऱ्यो । यी कानुन युक्रेनी भाषालाई प्रवर्द्धन गर्दै देशका उलेख्य क्षेत्रमा बोलिने रुसी भाषाको प्रयोग घटाउने उद्देश्यले ल्याइएको थियो । तर, ओर्बानले यो कानुनलाई 'ट्रान्सकार्पाथिया'का हंगेरियन अल्पसंख्यकको भाषिक अधिकारमाथि प्रहारका रूपमा औंल्याउँदै विरोध जनाए । उनले युक्रेन र युरोपेली संघ (इयू)बिचको सहयोगलाई प्रवर्द्धन गर्ने विभिन्न उपायलाई रोक्न यही अल्पसंख्यक अधिकार रक्षाको तर्क गर्दै आएका छन् ।

जातीय हंगेरियन समुदायको अधिकारसम्बन्धी ओर्बानको अभियानको प्रमुख केन्द्रबिन्दु युक्रेन रहेको छ । तथापि, बुडापेस्टद्वारा लक्षित देश युक्रेन एक्लो भने होइन । ओर्बानले जुलाई २०२३ को एक भाषणमा दक्षिणी छिमेकी स्लोभाकियालाई पनि उल्लेख गरेका थिए, जहाँ ठुलो जातीय हंगेरियन अल्पसंख्यक बसोवास गर्छन् ।

युक्रेनमा युद्ध जारी रहेको र छिमेकी देश रुससँग नजिकिँदै गएकाले ओर्बानका लागि जातीय हंगेरियन समुदायको अधिकार रक्षाको मुद्दा उठाउन जटिल भएको छ । अक्टोबर २०२३ देखि रुसी समर्थक रोबर्ट फिको नेतृत्वको स्लोभाकिया सरकारले जनवरीमा 'बेनेस डिक्री'विरुद्ध बोल्ने कार्यलाई अपराधीकरण गर्ने नयाँ कानुन पारित गऱ्यो । दोस्रो विश्वयुद्धपछि बनेका कैयौँ कानुन संग्रह बेनेस डिक्री प्रयोग गरी सन् १९४० को दशकमा स्लोभाकिया सरकारले हजारौँ हंगेरीलाई देशनिकाला गरेको थियो । तर, विश्वभरका हंगेरियन अधिकारका पक्षधर दाबी गर्ने ओर्बान छिमेकी स्लोभाकियाको नयाँ कानुनप्रति भने नरम देखिएका छन् ।

ओर्बानको प्रारम्भिक प्रतिक्रिया सावधानीपूर्वक देखियो । उनले यसबारे समकक्षी फिकोसँग कुरा गर्ने वाचा त गरेका छन्, तर त्यसअघि परिस्थितिको 'पर्याप्त गहिरो बुझाइ' राख्ने बताएका छन् । उता आगामी चुनावमा ओर्बानका प्रतिद्वन्द्वी पिटर मग्यारले भने राजधानी बुडापेस्टमा अवस्थित स्लोभाक दूतावासअगाडि विरोध प्रदर्शनको नेतृत्व गरे । पर्याप्त दबाबपछि ओर्बानले युरोपेली आयोगमा यस कानुनविरुद्ध अपिल गर्ने घोषणा गरे । नयाँ कानुनले ओर्बानलाई धर्मसंकटमा पारेको छ । हंगेरियन अधिकारमाथि आक्रमणका लागि स्लोभाकियाको आलोचना नगरूँ, चुनावमा असर पर्ने डर, आलोचना गरूँ रुसी साझेदारसँग मतभेद बढ्ने जोखिम ।

आगामी चुनावपछि हंगेरी सरकारको नेतृत्व, जसले गरे पनि छिमेकी देशमा रहेका हंगेरियन अल्पसंख्यकप्रति ती देशका सरकारले गर्ने व्यवहारले कटुता सिर्जना गरिरहने सम्भावना छ । जस्तो- ओर्बानका प्रमुख प्रतिद्वन्द्वी मग्यारले कतिपय ओर्बानका कठोर नीतिलाई निरन्तरता दिने संकेत गरेका छन् । जस्तो- सन् २०२५ मा उनले युक्रेन र रोमानियामा रहेका जातीय हंगेरियनसँग भेट्न त्यस भेगको यात्रा गर्ने कुरा गरे । हंगेरियन अल्पसंख्यकप्रतिको व्यवहारलाई उठाएर छिमेकी राज्यलाई गाली गर्ने उनको रेकर्ड हेर्दा मग्यारको जितले पनि हंगेरी र युक्रेनबिचको तनाव अन्त्य भइहाल्ने संकेत देखिँदैन । तथापि, उनको जित ओर्बानको नेतृत्वमा वर्षौंको शत्रुतापछि एक नयाँ सुरुवात भने हुन सक्छ ।

(लुस्टाउ सेन्ट्रल युरोपेली विश्वविद्यालयको 'इन्स्टिच्युट फर एड्भान्स्ड स्टडी'सँग आबद्ध छन्)
द कन्भर्सेसनबाट

कुन देशसँग कति छ रणनीतिक तेल भण्डार ?

इरानले अन्तर्राष्ट्रियस्तरमा विशाल परिणाममा तेल प्रवाह हुने समुद्री नाका हर्मुज अवरोध गरेपछि शक्तिराष्ट्रहरूले रिजर्भ तेल निकाल्न थालेका छन्



इरानले हर्मुजको जलमार्गलाई बन्द गरेका कारण विश्वव्यापी तेल र ग्यास आपूर्तिमा ठुलो अवरोध आएको छ। धेरै देशले आर्थिक संकटबाट बच्न आफ्नो रणनीतिक तेल भण्डारमा प्रयोग गर्न थालेका छन्। फेब्रुअरी २८ मा इरानमाथि अमेरिका-इजरायल युद्ध सुरु भएदेखि तेहरानले खाडीबाट विश्वको २० प्रतिशत तेल र तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोक्ने जहाजको बाटो अवरुद्ध गरेको छ। खाडी तेल र ग्यास उत्पादकका लागि हर्मुज एक मात्र जलमार्ग हो। गत साता ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर माथि पुग्यो, जबकि युद्धपूर्वको मूल्य करिब ६५ डलर थियो।

संयुक्त राज्य अमेरिकाको ट्रम्प प्रशासनले जलमार्ग पुनः खोल्न प्रयास गरेको छ र असफल भएको छ। पहिलो, यसले पश्चिमा राष्ट्रहरूलाई जलमार्गबाट ढुवानीलाई सहयोग गर्न युद्धपोत पठाउन आह्वान गरेको छ, जुन विकल्प सबैले अस्वीकार गरेका छन्। त्यसपछि, आइतबार ट्रम्पले इरानलाई जलमार्ग पुनः खोल्न वा अमेरिकी पावर प्लान्टमा आक्रमणको सामना गर्न ४८ घण्टाको समय दिए। यद्यपि, आइतबार इरानले इजरायल र अमेरिकी सैन्य आधारका पावर प्लान्टमा जवाफी प्रहार गर्ने बताएको छ। सोमबार, इरानले आफ्नो ऊर्जा पूर्वाधारमा अमेरिकी आक्रमण जारी रहेमा हर्मुज जलमार्ग पूर्ण रूपमा बन्द गर्ने बताएको छ। विगत तीन सातामा खाडीभरि ऊर्जा पूर्वाधारमा इरानी आक्रमण तीव्र भएपछि साउदी अरेबिया, युएई, इराक र कुवेतलगायत देशले पनि आफ्नो तेल उत्पादन कटौती गरेका छन्, जसले विश्वव्यापी तेल र ग्यास आपूर्तिबारे थप चिन्ता बढाएको छ।



● प्रियंका शंकर
शंकर स्वतन्त्र पत्रकार हुन्।

सोमबार ट्रम्पले इरानका पावर प्लान्टमा भएका सबै अमेरिकी हमला पाँच दिनका लागि रोक्न आदेश दिँदा आफ्नो हर्मुज अल्टिमेटमबाट पछि हटेको देखिन्थ्यो। यसैबिच अमेरिकाले इरानसँग वार्ता गरिरहेको दाबी गऱ्यो, जसलाई तेहरानले भ्रामक समाचार भनेर ठाडै अस्वीकार गऱ्यो। अराजकताको पृष्ठभूमिमा मार्च ११ मा अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) का ३२ सदस्य देशले आफ्नो रणनीतिक आपत्कालीन भण्डारबाट ४० करोड ब्यारेल तेल छोड्न सहमत भए। यो एजेन्सीको इतिहासमा सबैभन्दा ठुलो स्टक हो। यो २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि समूहका सदस्यले १८ करोड २० लाख ब्यारेल तेल छोडेकोभन्दा धेरै मात्रा हो।

■ चीन

बेइजिङ आइइएको सदस्य होइन, तर ऊसँग विश्वको सबैभन्दा ठुलो रणनीतिक तेल भण्डार छ। चीनको पारिस्थितिकी तथा वातावरण मन्त्रालयका अनुसार बेइजिङले 'तेल आपूर्ति जोखिमलाई सम्बोधन गर्न र प्रशोधित तेलका लागि चीनको घरेलु बजारमा विश्वव्यापी रूपमा ऊर्जा मूल्यमा हुने उतारचढावको प्रभावलाई कम गर्न २००४ मा राज्य रणनीतिक तेल भण्डार आधार कार्यक्रम सुरु गरेको थियो'। सिन्ह्वाको २००७ को रिपोर्ट अनुसार, 'यी आधारहरू ३० दिनको आयात बराबरको रणनीतिक तेल भण्डार वा लगभग १ करोड टन कायम राख्न डिजाइन गरिएको हो।' यी रणनीतिक तेल भण्डारहरू मुख्यतया चीनको पूर्वी र दक्षिणी तटीय क्षेत्रहरू जस्तै शान्डोङ, झेजियाङ र हेनानमा छन्। चीनले आधिकारिक रूपमा आफ्नो कच्चा तेलको भण्डारको बारेमा जानकारी प्रकाशित गर्दैन, त्यसैले देशमा कति तेलको भण्डार छ भन्ने कुरा स्पष्ट छैन। यद्यपि, ऊर्जा विश्लेषण फर्म भोर्टेक्साका अनुसार २०२५ मा, 'चीनको तटवर्ती कच्चा तेलको भण्डार निरन्तर बढ्दै गयो र वर्षको अन्त्यसम्ममा १.१३ अर्ब ब्यारेलको कीर्तिमानी मात्रामा पुग्यो।'

■ अमेरिका

आइइए सदस्यमध्ये अमेरिकासँग ४१५ मिलियन ब्यारेल तेलका साथ सबैभन्दा ठुलो रणनीतिक तेल भण्डारमध्ये एक छ। भण्डारहरू अमेरिकी ऊर्जा मन्त्रालयमातहत राखिएका छन्। यसले आइइएसँगको समन्वयित प्रयासमा यस वर्ष आफ्नो एसपिआरबाट १७२ मिलियन ब्यारेल तेल जारी गर्ने पुष्टि गरेको छ। शुक्रबार ट्रम्पको प्रशासनले घोषणा गऱ्यो कि यसले पहिले नै तेल कम्पनीलाई एसपिआरबाट ४५.२ मिलियन ब्यारेल कच्चा तेल साप्ट दिइसकेको छ। अरब तेल प्रतिबन्धले पेट्रोलको मूल्यमा वृद्धि ल्याएपछि अमेरिकाले १९७५ मा आफ्नो एसपिआर सिर्जना गरेको थियो। त्यतिबेला प्रतिबन्धले अमेरिकी अर्थतन्त्रलाई धक्का दिएको थियो। यी भण्डार ठुला अमेरिकी प्रशोधन वा पेट्रोकेमिकल केन्द्रहरू नजिक छन् र प्रतिदिन विश्वव्यापी रूपमा ४.४ मिलियन ब्यारेल तेल ढुवानी गर्न सकिन्छ। रोयटर्स समाचार एजेन्सीको गणनाअनुसार एसपिआरले हाल लगभग २०० दिनको नेट कच्चा तेल आयातलाई समेट्छ।

युद्धको समयमा वा आँधीबेहरीले अमेरिकी मेक्सिकोको खाडीमा रहेको तेल पूर्वाधारमा असर पारेको बेला तेल बजारलाई शान्त पार्न अमेरिकी राष्ट्रपतिले तेल भण्डार प्रयोग गरेका छन्।

■ जापान

आइइए सदस्य राष्ट्र जापानसँग विश्वको सबैभन्दा ठुलो रणनीतिक तेल भण्डार पनि छ। जापानी मिडिया निक्केई एसियाका अनुसार २०२५ को अन्त्यमा देशमा लगभग ४७ करोड ब्यारेल आपत्कालीन भण्डार थियो, जुन २५४ दिनको घरेलु खपत पूरा गर्न पर्याप्त छ। यो मात्र १४६ दिनलाई पुग्ने तेल सरकारी स्वामित्वमा छ भने १०१ दिनलाई पुग्ने निजी क्षेत्रको स्वामित्वमा छ, र बाँकी तेल उत्पादक देशहरूले संयुक्त रूपमा भण्डारण गरेका छन्। १९७३ मा विश्वव्यापी तेल संकटपछि भविष्यमा हुने आर्थिक अवरोध रोक्न जापानले १९७८ मा आफ्नो राष्ट्रिय तेल भण्डार प्रणाली स्थापना गरेको थियो। त्यो तेल संकटले जापानको जोखिम र तेलमाथि विदेशी निर्भरता बढायो। जापान विश्वको सबैभन्दा ठुलो तेल आयातकर्तामध्ये एक हो, जसले आफ्नो ऊर्जा आवश्यकताको लगभग ८० प्रतिशत विदेशबाट आयात गरिएको जीवाश्म इन्धनमा निर्भर छ।

जापानको भण्डार मुख्यतया दक्षिणी जापानको कागोसिमामा रहेको सिबुसी आधारको प्रमुख भण्डारण स्थलसहित १० तटीय राष्ट्रिय भण्डार आधारमा छन्। मार्च १६ मा जापानले हर्मुज जलमार्ग पूर्ण रूपमा बन्दपछि उत्पन्न विश्वव्यापी ऊर्जा संकटको बिचमा आफ्नो आपत्कालीन भण्डारबाट तेल निकाल्न थालेको घोषणा गऱ्यो।

■ बेलायत

बेलायतको ऊर्जा सुरक्षा विभाग र नेट जिरोका अनुसार फेब्रुअरी २६ सम्म बेलायतसँग रणनीतिक भण्डारको रूपमा लगभग तीन करोड ८० लाख ब्यारेल कच्चा तेल र तीन करोड ब्यारेल परिष्कृत उत्पादन थिए। यो भण्डार लगभग ९० दिन टिक्न सक्ने मानिन्छ। देशले १९७० को दशकको तेल संकटपछि र आइइएसँगको आफ्नो दायित्व पूरा गर्न १९७४ मा आफ्नो भण्डार स्थापना गरेको थियो। संगठनका सदस्यले कम्तीमा ९० दिनलाई पुग्ने तेल आयात भण्डारणमा राख्न आवश्यक छ। बेलायतको रणनीतिक भण्डार धेरैजसो निजी तेल कम्पनीद्वारा राखिएका छन्, तर तिनीहरूलाई सरकारले नियमन गर्छ। साउथ वेल्सको मिलफोर्ड हेभन र उत्तरपूर्वी बेलायतको हम्बर तेल रिजर्भका प्रमुख स्थान हुन्। इरान युद्धबिच तेल संकटलाई सम्बोधन गर्न आफ्नो भण्डारबाट तेल निकाल्ने आइइएका ३२ राष्ट्रमध्ये यो देश पनि एक हो।

■ इयू

जर्मनी, फ्रान्स, स्पेन र इटलीलगायत इयू सदस्य राष्ट्र, जो आइइएका सदस्य हुन, उनीहरूसँग पनि रणनीतिक तेल भण्डार छ।

जर्मनीको अर्थ मन्त्रालयका अनुसार जर्मनीसँग ११ करोड ब्यारेल कच्चा तेल र ६ करोड ७० लाख ब्यारेल पेट्रोलियम उत्पादन सरकारी स्वामित्वमा छन्। वर्तमान विश्वव्यापी तेल संकटको समयमा ती रिजर्भलाई सरकारले प्रयोग गर्ने तयारी गरेको छ।

फ्रान्सले २०२४ को अन्त्यमा लगभग १२ करोड ब्यारेलबराबरको कच्चा र तयारी तेल भण्डारमा रहेको रिपोर्ट गरेको छ। यो सरकारले सार्वजनिक गरेको पछिल्लो तथ्यांक हो। त्यसमध्ये लगभग नौ करोड ७० लाख ब्यारेल सरकारले अनुमोदन गरेको संस्था एसएजिइएसएसँग रहेको छ, जसमा लगभग ३० प्रतिशत कच्चा तेल, ५० प्रतिशत ग्यास, नौ प्रतिशत पेट्रोल, ७.८ प्रतिशत जेट इन्धन रहेको छ। अर्को तीन करोड ९० लाख ब्यारेल देशका तेल सञ्चालकहरूसँग रहेको छ।

मार्च १६ मा हर्मुज जलमार्ग पूर्ण रूपमा बन्द गरेपछि उत्पन्न आपूर्ति अभावलाई सम्बोधन गर्न ९० दिनमा लगभग एक करोड १५ लाख ब्यारेल तेल भण्डार छाड्ने स्वीकृति दिएको स्पेनी ऊर्जामन्त्री सारा आगेसेनले पत्रकारहरूलाई बताइन्। स्पेनमा कुल १५ करोड ब्यारेल कच्चा तेल भण्डार छ।

कानुनअनुसार इटालीसँग २०२४ मा लगभग सात करोड ६० लाख ब्यारेल भण्डार थियो, जुन इटालीको औसत खुद तेल आयातको ९० दिनको प्रतिनिधित्व गर्छ।

- अलजजिराबाट

रणनीतिक तेल भण्डार के हो ?

रणनीतिक तेल भण्डार वा रणनीतिक पेट्रोलियम भण्डार (एसपिआर) कच्चा तेलको आपत्कालीन भण्डार हो, जुन कुनै देशको सरकारले सरकारी सुविधामा (फेसिलिटीहरूमा) राख्छ। यो तेल भण्डार युद्ध र आर्थिक संकटजस्ता आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिन्छ। सरकारले सामान्यतया निजी कम्पनीसँग सम्झौता गरेर तेल किन्छन्, ताकि तिनीहरूको भण्डार भरियोस्। आइइएका अनुसार यसका सदस्यले हाल यी सार्वजनिक आपत्कालीन तेल भण्डारहरूको १.२ अर्ब ब्यारेलभन्दा बढी राख्छन्, जसमा निजी संस्थाहरूद्वारा राखिएका थप ६०० मिलियन ब्यारेल उद्योग भण्डार छन्। अन्य भण्डार चीनजस्ता गैरआइइए सदस्यद्वारा पनि राखिएका छन्। कुन देशसँग कति रणनीतिक तेल भण्डार छ ? के त्यसले इरान युद्धको सामना गर्न सक्छ ?

रणनीतिक तेल भण्डार कच्चा तेलको आपत्कालीन भण्डार हो, जुनसुकै देशको सरकारले सरकारी सुविधामा (फेसिलिटीहरूमा) राख्छ। यो तेल भण्डार युद्ध र आर्थिक संकटजस्ता आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिन्छ। आइइएका अनुसार यसका सदस्यले हाल यी सार्वजनिक आपत्कालीन तेल भण्डारहरूको १.२ अर्ब ब्यारेलभन्दा बढी राख्छन्, जसमा निजी संस्थाहरूद्वारा राखिएका थप ६०० मिलियन ब्यारेल उद्योग भण्डार छन्।

इतिहासमा आज

मार्च २५



सन् २०१९ : अमेरिकाको बोस्टन सहरस्थित जोन्स होपकिन्स मेडिसिन अस्पतालमा विश्वमा पहिलोपटक एचआइभी दाताको मिर्गौला एचआइभी भएका अर्का व्यक्तिमा प्रत्यारोपण गरियो।

● **सन् १६५५** : खगोलशास्त्री क्रिस्चियन हुइगेन्सले शनिग्रहको सबैभन्दा ठुलो उपग्रह 'टाइन पत्ता लगाए, जुन त्यतिबेला सौर्यमण्डलका ग्रहका पत्ता लागेको छैटौं उपग्रह थियो।

● **सन् १८०७** : ब्रिटिस संसद्ले आफ्नो साम्राज्यभर दासप्रथा अन्त्य गर्न ल्याएको कानुनलाई राजाले स्वीकृति दिए।

● **सन् १९४९** : सोभियत संघले 'अप्रेसन प्रिबिओई' सुरु गऱ्यो, जसमा एस्टोनिया, लात्भिया र लिथुनिया क्षेत्रमा कृषि सामूहीकरणमा अवरोध पुऱ्याएको आरोपमा नब्बे हजारलाई साइबेरिया निर्वासनमा पठायो।

● **सन् १९५७** : रोम सन्धिले 'युरोपियन इकोनोमिक कम्युनिस्ट (इइसी)' गठन गऱ्यो।

● **सन् १९६०** : अमेरिकाले विश्वमा पहिलोपटक आणविक ऊर्जाले चल्ने पनडुब्बी (युएसएस हालिबुट)बाट आणविक हतियार बोक्ने क्षमताको 'गाइडेड' मिसाइल (रेगुलस प्रथम)को सफल परीक्षण गऱ्यो।

● **सन् १९६५** : डा. मार्टिन लुथर किङ, जुनियरले अश्वेतको अधिकारको पक्षमा पच्चीस हजार प्रदर्शनकारीको नेतृत्व गर्दै सेल्मादेखि सुरु भएको ५४ माइल लामो मार्चपास मोन्टगोमेरीमा अन्त्य गरे।

अमेरिका-इरानबिच यसै हप्ता पाकिस्तानमा वार्ताको तयारी

इस्लामाबाद / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिंटन र तेहरानबिच वार्ता चलिरहेको दाबी इरानले अस्वीकार गरे पनि आगामी दिनमा दुई देशबिच वार्ता आयोजना गर्न तयार रहेको पाकिस्तानको विदेश मन्त्रालयले बताएको छ। त्यसको केही घण्टापछि नै पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले पनि सामाजिक सञ्जाल 'एक्स'मा लेखेर उनको देश 'जारी द्वन्द्वको व्यापक समाधानका लागि अर्थपूर्ण र निर्णायक वार्तालाई सहज बनाउन आयोजक हुन तयार रहेको' बताए। अमेरिकी तथा इजरायली मिडियाले भने आधुनिक इतिहासको सबैभन्दा ठुलो ऊर्जा संकट निम्तिएको अवस्थामा इरान युद्ध अन्त्य गर्ने सन्दर्भमा पाकिस्तान, इजिप्ट र टर्कीएले कूटनीतिक रूपमा मध्यस्थ गरिरहेको समाचार लेखेका छन्। केही समाचारले त यसै हप्ताभित्र इस्लामाबादमा वार्ता आयोजना हुन सक्ने औंल्याएका छन्।


अमेरिकी मिडिया आउटलेट 'एक्सियोस'का अनुसार इस्लामाबादमा हुने बैठकका लागि दुई सम्भावित ढाँचाबारे छलफल भइरहेको छन्। एउटामा इरानी विदेशमन्त्री अब्बास अराघची, अमेरिकी दूत स्टिभ विटकफ र ट्रम्पका ज्वाइँ जेरेड कुसनर समावेश हुनेछन्। अर्कोमा भने अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानको संसद्का सभामुख मोहम्मद बागेर गालिबाफलाई भेट्ने बताइएको छ। यस सन्दर्भमा केही संकेत भने समाचारले नै पुष्टि गरेका छन्। आइतबार पाकिस्तानी सेना प्रमुख फिल्ड मार्सल असिम मुनिरले राष्ट्रपति ट्रम्पसँग फोनवार्ता गरेका थिए। लगत्तै अर्को दिन प्रधानमन्त्री सेहबाज सरिफले इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग फोनमा कुराकानी गरे। त्यसपछि पाकिस्तानी विदेशमन्त्री इसाक दारले इरानी तथा टर्किस समकक्षीसँग छुट्टाछुट्टै फोनवार्ता गरेका थिए।

चुनावको मुखमा बनर्जीमाथि दबाब बढाउँदै भाजपा

लगातार १५ वर्षसम्म पश्चिम बंगालको सत्तामा रहेकी ममताले अन्ततः सत्ताविरोधी भावनाको सामना गर्ने अवस्था देखिएको छ



● आर. जगन्नाथन
जगन्नाथन स्वराज्य पत्रिकाका पूर्वसम्पादकीय निर्देशक हुन्।



पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जीको सबैभन्दा ठुलो शक्ति सडकमा उनको लडाकुपन हो, शासन होइन। सन् २०११ मा राज्यमा दशकौं शासन गरेको वाम मोर्चालाई पराजित गर्न उनको त्यही सडकको लडाकुपनले काम गरेको थियो। राज्यमा वामपन्थीको शासनकालमा सत्तादेखि सडकसम्म वामपन्थी नेता कार्यकर्ताले पूर्ण कब्जा जमाएका थिए। यस प्रभुत्वलाई धक्का दिन ममता अघि सरिन् र सफल भइन्। अहिले लगातार १५ वर्ष सत्तासीन भए पनि अन्ततः ममता आफैंले सत्ताविरोधी भावनाको सामना गर्ने अवस्था देखिएको छ। त्यसबाहेक सात परिस्थितिले पश्चिम बंगालमा भाजपालाई सघाउँदै लगेको छ।

मुख्यमन्त्री रहेर पनि ममता पछिल्लो केही महिनादेखि सडकमा संघर्षरत देखिइन्। तथापि, यसपटक उनले गलत लडाइँ रोजेकी छिन् : देशको निर्वाचन आयोगविरुद्ध। तमिलनाडु, केरला र बिहारलगायत धेरै राज्यमा सहज रूपमा सम्पन्न मतदाता सूचीको संशोधन अभियान 'स्पेसल इन्टेन्सिभ रिभिजन(एसआइआर)' होस् वा प्रवर्तन निर्देशनालयले छापा मारेको आइपिएसी (भारतीय राजनीतिक कार्यसमिति) होस्, ममता बनर्जीले हरेक विषयमा खुला टकरावको बाटो रोजिन्।

र, यस क्रममा ममता बनर्जीले राज्यमा आफ्नो प्रमुख प्रतिबन्दीका रूपमा उदाएको भाजपासँग लड्नुपर्ने महत्त्वपूर्ण समय गलत निकायसँग लडेर बिताइन्। अर्थात् उनले आफ्ना मतदाताहरूसँग संलग्न हुन सक्ने समय अन्यत्र खेर फाले। यो भाजपालाई फाइदा हुने पहिलो कारण रह्यो।

दोस्रो, भाजपाले ममता नेतृत्वको 'तृणमूल कांग्रेस (टिएमसी) 'विरुद्ध तीव्र अभियान चलाएको छ, जुन मुख्यतः पार्टीको शासनशैलीप्रति लक्षित छ, न कि यसअघिको जस्तो ममताप्रति। तृणमूल कांग्रेस (टिएमसी)को शासनलाई भाजपाले व्यंग्यात्मक रूपमा 'तोलामूल' नाम दिएको छ, जसले घुसखोरी र जबर्जस्तीको प्रणालीलाई जनाउँछ।

बंगालमा भाजपा बलिया देखिनुको तेस्रो कारण राज्यका सबैभन्दा बलियो आफ्ना नेता शुभेन्दु अधिकारीलाई ममताविरुद्ध उतार्ने निर्णयले पनि काम गरेको छ। यसअघिको विधान सभा चुनाव (जुन सन् २०२१ मा सम्पन्न भएको थियो) शुभेन्दुले ममता बनर्जीलाई उनको पुरानो राजनीतिक गढ नन्दीग्राममै पराजित गरेका थिए। यसपटक, उनी कोलकाताको उनको गृह गढ भवानीपुरमा ममतालाई चुनौती दिइरहेका छन्। खासमा, यो त्यही रणनीति हो जुन सन् २०१५ मा अरविन्द केजरीवालले नयाँदिल्लीको सिटमा तत्कालीन मुख्यमन्त्री शीला दीक्षितविरुद्ध चुनौती दिँदा प्रयोग गरेका थिए। र, फेरि १० वर्षपछि भाजपाले उनै केजरीवालविरुद्ध उही रणनीति प्रयोग गऱ्यो र आफ्नो सबैभन्दा बलियो उम्मेदवार प्रवेश बर्मालाई केजरीवालविरुद्ध मैदानमा उतारेर उनलाई पराजित गरिदियो।

चौथो पक्ष, तृणमूलको गढ मानिने कोलकाताको मुटुमा शुभेन्दु अधिकारीको उम्मेदवारीले बंगालका मतदातालाई ममताको विकल्प रहेको बलियो सन्देश दिएको छ। पाँचौं, अहिले राजनीतिक उभार भाजपाको पक्षमा देखिएको छ, तृणमूलतर्फ होइन। हाल उपलब्ध एक मत सर्वेक्षण 'म्याट्रिज-आइएएनएस'को सर्वेक्षणले भाजपा पक्षमा ४१-४३ प्रतिशत मतदाता र तृणमूलको पक्षमा ४३-४५ प्रतिशत मतदाता देखाएको छ। अन्य दलहरू पक्षमा १३-१५ प्रतिशत रहेको सो मत सर्वेक्षणको निष्कर्ष छ।

दुई ठुला दलबिचको प्रत्यक्ष प्रतिस्पर्धा हुने यस्तो निकट प्रतिस्पर्धामा भाजपाले तृणमूलबाट केवल २-३ प्रतिशत 'स्विङ' गरे पुग्छ। कुनै दललाई मत दिने निश्चित समूहबाहिर त्यस्तो बदलिने सम्भावना अल्पसंख्यक र हिन्दु मतदाताको एक हिस्सामा देखिन्छ। खासमा, भाजपाको जित-हार त्यही हिन्दु मतदाताको 'स्विङ' हुने हिस्सामा निर्भर छ। यस्तोमा मुख्य प्रश्न, ममता बनर्जीले आफूसँग कति हिन्दु मत कायम राख्न सक्षम हुनेछिन् भन्ने हुन्छ।

यसपटक भाजपाले ममता बनर्जीलाई सत्ताच्युत गर्ने सम्भावना उच्च देखिएको छ। हुन त एउटा मतसर्वेक्षणका आधारमा गरिएको विश्लेषणले मात्र भाजपाले जित्छ कि हार्छ भनेर बलियो आधार त दिन सक्दैन, तर यदि अस्थिर मतदाताले यसपटक साँच्चै परिवर्तन सम्भव देखे भने उनीहरूले आफ्नो मत परिवर्तनको पक्षमा हाल्नेछन्।

यदि ७० प्रतिशत गैरअल्पसंख्यक मतमध्ये ४५ प्रतिशत भाजपाले पायो भने तृणमूल कांग्रेस गम्भीर संकटमा पर्नेछ। यस परिदृश्यमा पश्चिम बंगालको चुनाव सन् २००४ को आमनिर्वाचनजस्तो हुनेछ। त्यसवेला चुनावको मिति घोषणा हुँदाको दिनसम्म अटलबिहारी बाजपेयी नेतृत्वको एनडिए मतसर्वेक्षणमा अगाडि थियो, तर पछि चुनावमा भने गठबन्धनले हार भोग्यो। तृणमूल कांग्रेसको उस्तै अवस्था हुन सक्छ। सत्तारूढ दलको प्रभुत्वको कारण केही मतदाता विपक्षी पार्टीप्रति खुल्न हिचकिचाउँदा त्यस्तो अवस्था आएको हुन सक्छ।

भाजपा अहिले तृणमूलमाथि हाबी हुने छैटौं कारण निर्वाचन आयोगको एक निर्णयसँग जोडिएको छ। सन् २०२१ मा विधानसभा चुनाव आठ चरणमा भएको थियो। तर, यसपटक निर्वाचन आयोगले धेरै चरणको चुनाव हुँदा सत्तारूढ दलसँग मतदातालाई हिंसा र धम्की दिने समय हुने भन्दै केवल दुई चरणमै चुनाव गर्ने निर्णय गरेको छ। अप्रिल २३ र अप्रिल २९ मा हुने चुनावका लागि २,३०० केन्द्रीय सशस्त्र प्रहरी तैनाथ गरिएका छन्। यसले मतदाताहरूलाई धम्क्याउने प्रयासहरू केही हदसम्म नियन्त्रण हुन सक्छ।

अन्ततः, सातौं कारण ममता बनर्जीका असफल सडक संघर्ष हुनेछ। पछिल्लो समय ममताले लडेका सबै संघर्ष असफल भए। उनी न त निर्वाचन आयोगलाई निर्णय बदल्न असफल भइन् न सर्वोच्च अदालतलाई। एसआइआरसम्बन्धी उनको कुनै पनि प्रमुख माग पूरा भएन। मतदाता नामावलीबाट नाम हटाइएका मतदाताहरूको अन्तिम अपिल अब न्यायिक अधिकारीद्वारा निरूपण हुने भएकाले उनले राजनीतिक आरोप लगाउन सक्नेछैनन्। मुख्यमन्त्रीका रूपमा एआइआर ढिलो गर्ने उनको प्रयासले गर्दा अहिले धेरै मतदाताहरूसँग नामावली पुनरावेदन गर्न थोरै समय बाँकी रहेको छ। यी सबका बिच ममता पहिलेजस्तो अजेय देखिदिनन्।

यसपटक भाजपाले ममता बनर्जीलाई सत्ताच्युत गर्ने सम्भावना उच्च देखिएको छ। हुन त एउटा मतसर्वेक्षणका आधारमा गरिएको विश्लेषणले मात्र भाजपाले जित्छ कि हार्छ भनेर बलियो आधार त दिन सक्दैन, तर यदि अस्थिर मतदाताहरूले यसपटक साँच्चै परिवर्तन सम्भव देखे भने तिनले आफ्नो मत परिवर्तनको पक्षमा हाल्नेछन्।

- द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ११ चैत ०८२

एक महिनामै ३४३ अंकले बढ्यो नेप्से

राष्ट्र बैंकले कर्जा नीति खुकुलो बनाएयता प्रायः उकालो लागेको नेप्से निर्वाचनको परिणामले थप उचालिएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि अस्थिर बनेको नेपालको सेयर बजार परिसूचक (नेप्से) पछिल्लो एक महिनामा तीन सय ४३ अंकले वृद्धि भएको छ। गत ११ फागुनमा २६१६.९७ विन्दु रहेको नेप्से परिसूचक करिब एक महिनामा ३४३ अंकले बढेर १० चैतमा (मंगलबार) २९६०.४ विन्दुमा पुगेको छ।

१२ फागुनमा नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिमार्फत कर्जा नीतिलाई खुकुलो बनाएको थियो। त्यसयता बजार प्रायः निरन्तर बढिरहेको छ। २१ फागुनको निर्वाचनपछि बजार थप उचालिएको देखिन्छ। निर्वाचनपछि २५ फागुनमा खुलेको बजार परिसूचक एकै दिन १६२.९३ अंकले बढेको थियो।

विगतमा चालू पुँजी कर्जाको दुरुपयोग भएको निष्कर्षसहित केन्द्रीय बैंकले चालू पुँजी कर्जा मार्गदर्शनमार्फत कडाइ गरेको थियो। कसिलो कर्जा व्यवस्थाले बैंक तथा वित्तीय संस्थाले अधिक तरलताका बाबजुद कर्जा विस्तार गर्ने समस्या भोग्नुपर्‍यो। साथै, निर्देशित कर्जाले बैंकहरूमा दबाब सिर्जना गरेको बैंकर बताउँछन्। केन्द्रीय बैंकले बजारमा तरलता प्रवाहलाई सहजीकरण गर्ने उद्देश्यले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत केही व्यवस्था खुकुलो बनायो।

सोही कारण सेयर बजार चलायमान देखिएको जानकारहरू बताउँछन्। २१ फागुनमा सम्पन्न निर्वाचनको परिणाम आएपछि लगानीकर्तामा थप उत्साह बढेको देखिन्छ। सोही कारण २६ फागुनमा नेप्सेमा सर्वाधिक २१ अर्ब २२ करोड रुपैयाँको कारोबार भएको छ। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक भएयता एक महिनाको अन्तरालमा तीनपटक मात्रै बजार परिसूचक घटेको देखिन्छ।

जेन-जी आन्दोलनपछिको अस्थिरतालाई पन्छाउँदै २१ फागुनको निर्वाचनले स्पष्ट बहुमतको सरकार बन्ने वातावरण सिर्जना गरेपछि लगानीकर्तामा मनोबल उच्च देखिएको लगानीकर्ता छोटेलाल रौनियारको भनाइ छ। उनले भने, '३५ वर्षमा ३० वटा सरकार बनेको परिवेशमा लगानीकर्तामा निराशा थियो। युवा देशभित्र रोजगारी नपाएर विदेसिनुपरेको अवस्था थियो भने उद्योगधन्दा क्षमताअनुसार सञ्चालनमा थिएनन्। तर, निर्वाचनको परिणामअनुसार बहुमतको सुविधाजनक सरकार बन्ने निश्चित भएको छ। यसले सेयर बजारमा उत्साह बढाएको छ। प्रधानमन्त्रीको शपथपछि बजारमा थप उत्साह बढ्ने अपेक्षा गर्न सकिन्छ।'

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले पदभारलगत्तै सेयर बजार सुधारका लागि कार्यदल गठन गरेर प्राप्त प्रतिवेदन कार्यान्वयनमा लगेकाले पनि बजारमा बढ्दो प्रवृत्ति देखिएको रौनियारको भनाइ छ। उनले भने, 'निक्षेपको ब्याजदर न्यून छ। अहिले ऋणको ब्याजदर पनि सस्तो छ। त्यसैले बजार बढ्ने नै हो।'

यसअघि धितोपत्र बोर्डले ब्रोकरमार्फत मार्जिक सुविधा दिने व्यवस्था लागू गरे पनि सीमित ब्रोकरले मात्रै यस्तो सुविधा दिइरहेको उनको गुनासो छ। बैंकबाट ६ प्रतिशत ब्याजदरमा मार्जिन सुविधा पाइरहँदा ब्रोकरमार्फत १० प्रतिशतभन्दा बढी ब्याजदर लगाइएकाले सेयर बजारमा तरलता बढ्न सहज नभएको उनले बताए। उनले भने, 'बैंकले ६ प्रतिशत ब्याजदरमा ऋण दिइरहेको छ भने ब्रोकरले आठ प्रतिशत ब्याजदर लिए पो लगानीकर्ता उत्साहित हुने अवस्था आउँथ्यो। त्यसैले यसलाई सम्बोधन गर्न नियामक निकायले ध्यान पुऱ्याउनुपर्छ।'

मंगलबार १४ अर्ब ८३ करोडको कारोबार

मंगलबार नेप्से २३.८३ अंकले बढेर परिसूचक २९६०.४० को विन्दुमा कायम भएको छ। तीन करोड ३८ लाख कित्ता सेयर किनबेच हुँदा १४ अर्ब ८३ करोड ९१ लाख रुपैयाँबराबरको कारोबार भएको छ। एक सय ३६ कम्पनीको सेयर मूल्य बढेको छ भने एक सय १७ कम्पनीको सेयर मूल्य घटेसँगै ११ कम्पनीको सेयर मूल्य भने स्थिर देखिएको छ। सबैभन्दा बढी राधी विद्युत् कम्पनीको सेयर कारोबार भएको छ। यस कम्पनीको ६७ करोड ४३ लाख रुपैयाँबराबरको सेयर कारोबार भएको छ। त्यस्तै, अपि आवर कम्पनीको ५७ करोड ८७ लाख रुपैयाँबराबरको कारोबार भएको छ। सबैभन्दा बढी सालपा विकास बैंक र रिलायन्स स्पिनिङ मिल्सका लगानीकर्ताले कमाएका छन्। यी दुई कम्पनीका लगानीकर्ता १० प्रतिशतका दरले बढेका छन्। यससँगै आज फर्स्ट माइक्रोफाइनान्स लघुवित्तका लगानीकर्ताले गुमाएका छन्। यस कम्पनीका लगानीकर्ताले ६.५६ प्रतिशतका दरले गुमाएका छन्।

नागढुंगा सुरुङमार्ग सञ्चालन गर्न चिनियाँ कम्पनीको प्रस्ताव सबैभन्दा सस्तो

छनोट भएको विदेशी सेवाप्रदायक कम्पनीले पहिलो पाँच वर्ष सुरुङमार्ग सञ्चालन गर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

जापानी ऋण सहयोगमा निर्माणको अन्तिम चरणमा रहेको नागढुंगा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनको ठेक्का चिनियाँ कम्पनीले पाउने भएको छ। प्राविधिक रूपमा छनोट भएका सात प्रतिस्पर्धीमध्ये युक्सिन-एआरटी संयुक्त उपक्रमको वित्तीय प्रस्ताव सबैभन्दा कम देखिएको छ। योसँगै अब परियोजना सञ्चालनको ठेक्का पनि सोही कम्पनीले पाउने देखिएको विभागका एक उच्च अधिकारीले जानकारी दिए।

युक्सिन चिनियाँ र एआरटी नेपाली कम्पनी हो। परियोजना कार्यालयले ठेकेदार छनोटको प्रस्ताव विभागीय स्वीकृतिका लागि सडक विभागमा पठाएको छ। विभागबाट स्वीकृति आएपछि परियोजना कार्यालयले सम्बन्धित कम्पनीलाई ठेक्का दिने गरी आशयपत्र जारी गर्नेछ।

यद्यपि, परियोजना प्रमुख सौजन्य नेपालले अहिले नै कुन कम्पनीले ठेक्का पाउँछ भन्न नमिल्ने बताए। 'अहिले यो ठेक्का मूल्यांकनकै चरणमा छ। विभागीय स्वीकृतिका लागि सडक विभागमा फाइल पठाएका छौं। त्यहाँबाट स्वीकृति आएपछि छनोट हुने कम्पनीलाई ठेक्का दिने गरी आशयपत्र जारी गर्छौं,' उनले भने, 'अब एक सातामा आशयपत्र जारी गर्ने लक्ष्य छ।'

नेपालमा सञ्चालनमा आउन लागेको यो पहिलो आधुनिक सुरुङमार्ग हो। तर, नेपालमा सुरुङमार्ग सञ्चालन गरेको अनुभव कुनै पनि निकाय तथा कम्पनीसँग छैन। त्यसमाथि सडक विभागले जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनसँग निर्माणसम्बन्धी मात्रै काम गर्ने गरी ठेक्का सम्झौता गरेको थियो। सोही कारण विभागले सुरुङमार्ग सञ्चालनमा पहिलो पाँच वर्षका लागि विदेशी सेवाप्रदायक कम्पनी ल्याउने गरी १६ कात्तिकमा बोलपत्र आह्वान गरेको थियो। त्यसमा विदेशी कम्पनीले नेपाली कम्पनीलाई संयुक्त उपक्रममा अनिवार्य राख्नुपर्ने सर्त थियो। सर्तअनुसार विभिन्न १० कम्पनीले प्रस्ताव पेस गरेकामा प्राविधिक रूपमा सात कम्पनी उत्तीर्ण भएका थिए।

त्यसमा काष्ठमण्डप-गान्सु हेडटोङ जेभी (बल्खु- १४), एसएक्सआरबी-ब्राइट बुल जेभी (धरान- १३, सुनसरी), जेटिसिजी-डाँफे जेभी (शान्तिनगर), इएमएसएल-पिएसिपिएल जेभी (अहमदाबाद, गुजरात, भारत), समानान्तर-सिएफएचइसी जेभी (पुरानो बानेश्वर- ९), युक्सिन-एआरटी संयुक्त उपक्रम (बालाजु- ११) र वेदान्सी-रेन्केन संयुक्त उपक्रम (बुढानीलकण्ठ- ४) प्राविधिक रूपमा सफल भएका हुन्। यीमध्ये युक्सिन-एआरटी संयुक्त उपक्रमको वित्तीय प्रस्ताव सबैभन्दा न्यून भएको स्रोतको भनाइ छ।

'प्राविधिक रूपमा उत्तीर्ण भएकामध्ये जसको वित्तीय प्रस्ताव न्यून छ, उसले नै ठेक्का पाउने हो,' स्रोतले भन्यो, 'यसमा युक्सिन-एआरटी संयुक्त उपक्रमको वित्तीय प्रस्ताव सबैभन्दा कम छ। सम्भव उसले नै यो ठेक्का पाउनेछ।'


फाइल तस्बिर

■ वैशाखमा ट्रायल, असारदेखि व्यावसायिक सञ्चालन

सडक विभागले आगामी वैशाखमा सुरुङमार्गलाई ट्रायल (परीक्षण)का रूपमा सञ्चालन गर्ने लक्ष्य लिएको छ। यही चैत महिनाभित्र सर्भिस प्रोभाइडर कम्पनीसँग ठेक्का सम्झौता गर्ने विभागको तयारी छ। छनोट हुने कम्पनीले ठेक्का सम्झौता गरेको १५ दिनभित्र फिल्डमा परिचालन भइसक्नुपर्नेछ। सम्झौता गरेको तीन महिनामा सुरुङमार्गलाई सञ्चालनमा ल्याउनुपर्नेछ। नयाँ ठेकदार फिल्डमा परिचालन हुनका लागि हाल परियोजना निर्माण गरिरहेको जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले सरकारलाई परियोजना हस्तान्तरण गर्नुपर्नेछ। त्यसपछि सरकाले सर्भिस प्रोभाइडर कम्पनीलाई परियोजना हस्तान्तरण गर्नेछ। जापानिज कम्पनीलाई दिइएको ठेक्काको म्याद १२ वैशाखसम्मको छ। हाल परियोजनाको निर्माण सम्पन्न भइसकेको छ। अब टोल बुथको अन्तिम चरणको मात्रै काम गर्न बाँकी छ। त्यसो हुँदा १२ वैशाखअघि नै जापानिज कम्पनीले परियोजना हस्तान्तरण गर्ने तयारी छ। त्यसलगत्तै सर्भिस प्रोभाइडर कम्पनी फिल्डमा परिचालन हुनेछ। वैशाखमै परीक्षणका रूपमा सुरुङमार्ग सञ्चालन गराउने तयारी छ। त्यसपछि उक्त कम्पनीले सम्झौता गरेको तीन महिनाभित्र अर्थात् असारभित्र सुरुङमार्गलाई व्यावसायिक रूपमा सञ्चालनमा ल्याउनेछ।

■ यी हुन् छनोट हुने कम्पनीले गर्नुपर्ने काम

छनोट हुने कम्पनीले पाँच वर्षसम्म सुरुङमार्ग सञ्चालन तथा मर्मतसम्बन्धी सम्पूर्ण काम गर्नुपर्नेछ। सुरुङ २४सै घण्टा सञ्चालन गर्नुपर्ने हुनाले दुर्घटना, आगालगी वा प्रणाली बिग्रिएमा तत्कालै आपत्कालीन सेवा आवश्यक हुन्छ। सेवाप्रदायकले सिफ्ट प्रणालीमा कर्मचारी खटाउने, आपत्कालीन टोली स्थापना गर्ने हुनाले समयमै सेवा दिने व्यवस्था गर्नुपर्ने हुन्छ। यसका लागि एक सय ५० जना कर्मचारी चाहिने देखिएको छ। सुरुङ सञ्चालन तथा मर्मत प्रमुखको नेतृत्वमा कर्मचारी रहनेछन्। सुरक्षा व्यवस्थापन युनिटमा सबैभन्दा बढी ६४ जना कर्मचारी रहने व्यवस्था गरिएको छ। त्यसपछि टोल उठाउन ५४ जना कर्मचारी रहनेछन्। ट्राफिक सुविधा अनुगमन तथा नियन्त्रणका लागि १४ जना, सिभिल संरचना तथा अन्य संरचना मर्मतका लागि आठ-आठजना कर्मचारी रहने व्यवस्था गरिएको छ। सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि उपभोग दस्तुर (टोल ट्याक्स) स्वीकृत गरिएको छ।

कति तोकिएको छ शुल्क ?

सुरुङमार्ग हुँदै काठमाडौं भित्रिँदा कार तथा भ्यानहरूलाई ६५ रुपैयाँ, मिनीबस तथा ट्रकलाई एक सय १५ रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय ६० रुपैयाँ र भारी उपकरणलाई ६ सय रुपैयाँ शुल्क तोकिएको छ। यस्तै, सुरुङमार्ग हुँदै काठमाडौंबाट बाहिरिँदा कार तथा भ्यानलाई ६० रुपैयाँ, मिनीबस तथा ट्रकलाई ८० रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय रुपैयाँ र ठुला उपकरणलाई दुई सय ५० रुपैयाँ शुल्क तोकिएको छ। सडकको बोर्डमा जम्मा हुने गरी सेवाप्रदायक कम्पनीले नै टोल ट्याक्स उठाउनुपर्नेछ।

परियोजनामा मुख्यतः मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग छन्। पश्चिम धादिङको सिस्नेखोलाबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख ०८१ र २,५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। मुख्य टनेल नियमित यातायात प्रयोजन र रेस्क्यु टनेल उद्धारकार्यमा प्रयोग हुनेछ। पछि ट्राफिक बढेको अवस्थामा रेस्क्यु टनेल विस्तार गरेर नियमित रूपमा सञ्चालन गर्ने तयारी छ।

परियोजनाको लागत २८ अर्ब रुपैयाँ रहेको छ। त्यसमा साढे २२ अर्ब रुपैयाँ जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले ऋण दिइरहेको छ। बाँकी सरकारले लगानी गरेको छ। यो आयोजना बनाउन विभाग र निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनबिच २३ सेप्टेम्बर ०१९ मा सम्झौता भएको थियो। त्यसमा डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ निर्माणको काम सुरु गरेको थियो। त्यसको साढे पाँच वर्षमा परियोजना सञ्चालनमा आउन लागेको हो।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
INTEREST RATE STARTING FROM 6.07% p.a.
T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

मेची भन्सारमा आठ महिनामा लक्ष्यको ९६ प्रतिशत राजस्व संकलन

झापामा **चिरञ्जीवी घिमिरे**

मेची भन्सार कार्यालय काँकडभिट्टाले चालू आर्थिक वर्षको आठ महिनामा लक्ष्यको ९६ दशमलव प्रतिशत राजस्व संकलन गरेको छ। चालू आर्थिक वर्षको फागुनसम्म कार्यालयले १२ अर्ब पाँच करोड ५५ लाख राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो। भन्सारले ११ अर्ब ५८ करोड ६ लाख ३१ हजार राजस्व संकलन गरेको हो। जसमा आयातबाट ११ अर्ब ३५ करोड ८२ लाख २७ हजार र निर्यातबाट २२ करोड २४ लाख चार हजार राजस्व संकलन भएको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ। चालू आवमा भने भन्सार कार्यालयले १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेको छ।

यस वर्षको फागुनमा पेट्रोलियम पदार्थको आयातमा वृद्धि हुँदा राजस्व संकलन बढेको मेची भन्सार कार्यालय काँकडभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए। चालू आर्थिक वर्षको आठ महिनामा मेची भन्सार कार्यालयबाट १३ अर्ब ६३ करोड ५८ लाख २५ हजार मूल्यबराबरको पेट्रोलियम आयात भएको छ। यसबाट ६ अर्ब ६६ करोड ८२ लाख ६ हजार राजस्व संकलन भएको उनले बताए।

पेट्रोलियम पदार्थबाट संकलन हुने राजस्व गत आर्थिक वर्ष ०८१/८२ को फागुन मसान्तसम्मको भन्दा ८ दशमलव ९ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ। 'विशेष गरेर फागुन महिनामा इन्धन धेरै आएका कारण राजस्व संकलन वृद्धि भएको छ। सधैं इन्धनले कुल राजस्वको ६५ प्रतिशत ओगट्थ्यो। यस वर्ष ७५ प्रतिशत इन्धनले ओगट्यो,' उनले भने, 'त्यसबाहेक हामीले चोरी तस्करी नियन्त्रणका लागि निगरानी गर्‍यौं। यसले राजस्व वृद्धि भयो।'

आयात बढ्यो, निर्यात घट्यो

मेची भन्सार कार्यालय काँकडभिट्टाबाट भारतसँगै बंगलादेश, भुटानलगायत देशसँग व्यापार हुँदै आएको छ। पूर्वीनाकाबाट आयातमा गत आर्थिक वर्ष ०८१/८२ मा फागुन मसान्तसम्मको तुलनामा चालू आर्थिक वर्षको यही अवधिमा आयात बढेको छ भने निर्यात घटेको छ। भन्सार कार्यालयका अनुसार फागुन मसान्तसम्म गत आर्थिक वर्षको तुलनामा ११ दशमलव २१ प्रतिशतले आयात बढेको छ भने शून्य दशमलव ६४ प्रतिशतले निर्यात घटेको छ। आठ महिनामा ३४ अर्ब ६४ करोड ८४ लाख ९० हजारबराबरको आयात भएको छ। जबकि, गत आर्थिक वर्ष ०८१/०८२ मा यही अवधिमा ३१ अर्ब १५ करोड ४८ लाख २६ हजारबराबरको आयात भएको थियो।

काँकडभिट्टाबाट चालू आर्थिक वर्षको आठ महिनामा १७ अर्ब ७९ करोड १४ लाख ९० हजारबराबरको नेपाली सामग्री निर्यात भएको छ। यो गत आर्थिक वर्ष ०८१/८२ मा यही अवधिको भन्दा शून्य दशमलव ६४ प्रतिशतले कमी हो।

बागमतीमा बजेट निर्माण सुरु

मकवानपुर/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया सुरु गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान तथा मूल्यांकन गर्दै बजेटको प्रारम्भिक खाका तयार पारेको हो। मंगलबार बसेको बजेट स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी वर्षको बजेटको आकार र स्रोतको बाँडफाँटबारे प्रारम्भिक निर्णय गरेको छ।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको नेतृत्वमा बसेको बैठकले चालू आर्थिक वर्षको राजस्व संकलन, संघीय अनुदान र आन्तरिक आम्दानीको अवस्थालाई आधार मानेर आगामी बजेटको रूपरेखा तय गरेको हो। मन्त्री तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेट चालू वर्षको तुलनामा उल्लेख्य रूपमा घट्ने देखिएको छ। चालू आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी वर्ष करिब ५० अर्ब रुपैयाँको हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ।

मध्यपूर्व तनावको प्रत्यक्ष प्रभाव नेपालको पर्यटनमा

शान्ता कमली/नयाँ पत्रिका

मध्यपूर्वका देशमा बढ्दो तनावले नेपालको समग्र पर्यटन क्षेत्रमा प्रत्यक्ष असर पर्न थालेको छ। हवाई यात्रा महँगो र असुरक्षित बन्दै जाँदा नेपाल भ्रमणका लागि योजना बनाएका धेरै विदेशी पर्यटकले यात्रा रद्द गरेको पर्यटन व्यवसायीले बताएका छन्। विशेषगरी युरोपियन र अमेरिकी क्षेत्रबाट आउने पर्यटकको मध्यपूर्वका देशहरू ट्रान्जिट हुने उडान प्रभावित हुँदा नेपालमा होटेल बुकिङ धमाधम रद्द भइरहेका छन्। जसले गर्दा चितवन, पोखरा, अन्नपूर्ण क्षेत्र, लुम्बिनी र काठमाडौं उपत्यकासहित देशभरका प्रमुख पर्यटकीय गन्तव्यमा पर्यटक आगमन उल्लेखनीय रूपमा घटेको छ।

विगतका वर्षहरूमा फेब्रुअरीदेखि अप्रिलसम्मको मुख्य सिजनमा होटेलहरू ७०-८० प्रतिशतसम्म अकुपेन्सी हुने गरेकोमा यो वर्ष औसत २०-३० प्रतिशत मात्र अकुपेन्सी देखिएको व्यवसायीहरू बताउँछन्। क्षेत्रीय होटेल संघहरूका अनुसार ठुला अन्तर्राष्ट्रिय ट्राभल एजेन्सीहरूले समूहगत बुकिङसमेत रद्द गरेका छन्। हवाई भाडा अत्यधिक बढ्नु, उडान अनिश्चित हुनु र सुरक्षाप्रति बढ्दो चिन्ताका कारण पर्यटकहरू वैकल्पिक गन्तव्य रोज्न थालेका छन्।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत सिइओ दीपकराज जोशीले युरोप र अमेरिकी पर्यटकको आगमनमा बढी असर परेको बताए। उनले भने, 'अब पर्वतारोहण र पदयात्राको समय भएकाले पर्यटकहरू टिकट काटेर पनि पर्ख र हेरको अवस्थामा छन्।'



मध्यपूर्व तनाव कम भएमा पर्यटक आगमन बढ्नेमा उनको विश्वास छ। २०२६ मा २० प्रतिशत पर्यटक वृद्धि गर्ने लक्ष्य बोर्डको छ। चुनाव सफलतापूर्वक सम्पन्न भएकाले विश्वमा राम्रो म्यासेज गएको र अब पर्यटन क्षेत्र राम्रो हुने उनले बताए। उनका अनुसार फेब्रुअरी २०२६ मा एक लाख पाँच हजार चार सय ४१ पर्यटक नेपाल भित्रिएका छन्। गत वर्षको तुलनामा यस वर्ष ८.८ प्रतिशत पर्यटक बढेका हुन्। फेब्रुअरी २०२५ मा ९६ हजार आठ सय ८० पर्यटक नेपाल आएका थिए।

कोभिडअघिको २०१९ को तुलनामा समेत आगमनमा सुधार भएको छ। त्यस वर्ष एक लाख दुई हजार चार सय २३ पर्यटक आएको बोर्डको तथ्यांक छ। फेब्रुअरी २०२५ को दाँजोमा यस वर्ष १८.५ प्रतिशतले भारतीय पर्यटक आगमन बढेको छ।

Nagarjun Municipality
Office of Municipal Executive
Harisiddhi, Sitapaila.

Notice of Intention to Award Contract

(Date of Publication : 2082/12/11)

In reference to the notice published on the National daily, pursuant to public procurement act clause 27 (2&3), it is hereby notified to all the concerned bidders that it is our intention to award the contract as mentioned below.

SN	Contract ID / Name of Works	Lowest Evaluated Substantially Responsive Bidder	Amount (Inclusive VAT and PS)
1.	Nagarjun/NCB/G/07/2082/83 Supply, Delivery and Installation of Desktop Computer, Laptop and Printers	Star Office International, Putalisadak, Kathmandu	NRs. 39,92,855/- (In words: Thirty-Nine lakh Ninety-Two Thousand Eight Hundred Fifty-Five Rupees Only.)
2.	Nagarjun/NCB/W/37/2082-83 Ichangunarayan Khane Pani	VISION-CAMPAIGN J.V., Sankhamool-10, Kathmandu	NRs. 1,83,80,711.76/- (In words: One Crore Eighty-Three Lakh Eighty Thousand Seven Hundred Eleven Rupees and Seventy-Six Paisa Only.)
3.	Nagarjun/NCB/W/39/2082-83 Ward No. 05 Bhivinna Bhitri Sadak Staronnati	Kailash Engineering and Construction Company Pvt. Ltd, Nagarjun-08, Kathmandu	NRs. 42,17,043.85/- (In words: Forty-Two lakh Seventeen Thousand Forty-Three Rupees and Eighty-Five Paisa Only.)

Chief Administrative Officer

श्री उदय माध्यमिक विद्यालय
कृष्णपुर नगरपालिका-२ बंक, कञ्चनपुर

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद (भन्सार छुट सहित) गर्ने सम्बन्धी सूचना स्थगित सम्बन्धमा

प्रकाशित मिति : २०८२/१२/१० गते

यस विद्यालयले मिति २०८२/१२/०४ गतेमा बस खरिदका लागि बोलपत्र आह्वान गरिएकोमा विषय विज्ञबाट पेश भएको स्पेसिफिकेशन संसोधन गरीदिन हुन भनी आपुर्तीकर्तावाट निवेदन पेश भएकोमा सो बारेमा बुझ्नु पर्ने भई केही समय लाग्ने भएकाले र कृष्णपुर न.पा.को मिति २०८२ / १२ / १० को च.न. १५२२ को खरिद पक्रिया स्थगित गर्ने सम्बन्धमा पत्रानुसार, अर्को सूचना प्रकासन नभएसम्मका लागि खरिद पक्रिया स्थगित गर्ने निर्णय भएको सम्बन्धित सबै पक्षलाई जानकारी गरिन्छ।

बम्मन राना
प्रधानाध्यापक

Nepal Electricity Authority
Grid Operation Department, Minbhawan.
(Tel No : 01- 4106919)

Notice of Price Bid Opening

Notice Publication Date : 25th March 2026

Sealed Tender No./ Type of Bidding	Name & Address of Qualified Bidders in Technical Evaluation	Price Bid Opening Date, Time & Place
GOD/2082/083-06	1. M/s Urja-EEE JV 2. M/s MSIPL-MBPL JV	Date : 2082/12/18 Time: 12:00 PM at Grid Operation Department, Minbhawan, Kathmandu.

एसबिआईको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले ग्लोबल मनी विक २०२६ मनाएको छ। यसै अवसरमा बैंकले देशका विभिन्न ४४ स्थानमा २ देखि ८ चैतसम्म विद्यार्थी तथा युवालक्षित वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ। सातै प्रदेशमा आयोजना गरिएको उक्त कार्यक्रमले स्कुल तथा कलेजका विद्यार्थीलाई बचतको महत्त्व, ऋण तथा लगानी, डिजिटल बैंकिङ, डिजिटल ठगीलगायत विभिन्न विषयमा जानकारी गराएको थियो। उक्त कार्यक्रम कोशी प्रदेशको इटहरी, भोजपुर, विराटनगर, बरगाछी, बिर्तामोड, इलाम, दमक र फिदिममा सञ्चालन गरिएको थियो ।



त्यसैगरी, मधेशका सिमरा, बर्दीबास, वीरगन्ज, चन्द्रनिगाहापुर, राजगढ, पिडारी चोक र जनकपुर, बागमतीका पाटन, धादिङ, नारायणगढ र हेटौँडामा कार्यक्रम गरिएको बैंकले जनाएको छ। गण्डकीका दुलेगौँडा, पोखरा, आबुखैरेनी, बेँसीसहर, दमौली, वालिङ, कावासोती, बिरौटा र शिशुवामा पनि वित्तीय साक्षरता आयोजना गरिएको छ। लुम्बिनीका सुनछहारी, दाङ, बुटवल, भैरहवा, सन्धिखर्क, लमही र रामपुर बजार, कर्णालीका सुर्खेत र चामुण्डा, सुदूरपश्चिमका धनगढी, गन्यापधुरा, डडेलधुरालगायतका स्थानमा सञ्चालित कार्यक्रममार्फत तीन हजारभन्दा बढी विद्यार्थी तथा युवा लाभान्वित भएका छन्।

सिद्धार्थ बैंकको विद्यार्थीलक्षित वित्तीय सचेतना

काठमाडौं/ सिद्धार्थ बैंकले विद्यार्थीलाई वित्तीय रूपमा सक्षम र सचेत बनाउन वित्तीय सचेतना कार्यक्रम गरेको छ। बैंकले ग्लोबल मनी विक-२०२६ का अवसरमा साताभर विविध कार्यक्रम आयोजना गरेको जनाएको छ। बैंकका अनुसार सातै प्रदेशमा विद्यालय एवं क्याम्पस गरी ३८ स्थानमा विद्यार्थीलक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ। बैंकले



प्रदान गर्ने सेवा, डिजिटल कारोबार र यसमा अपनाउनुपर्ने सावधानीबारे सचेत गराई वित्तीय ज्ञान, सिप, मनोवृत्ति तथा व्यवहारमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रममा २१ सय ७१ जना विद्यार्थीको सहभागिता थियो। साथै, चार सय ७८ जना विद्यार्थीलाई बैंकका विभिन्न शाखा भ्रमण गराइएको थियो।

ग्लोबल आइएमई र तिलगंगाबिच सहकार्य

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबिच सम्झौता भएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्राडा सन्दुक रुइतको उपस्थितिमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानकी प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। हस्ताक्षर समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, बैंकका उच्चपदस्थ कर्मचारीलगायत प्रतिष्ठानका कर्मचारीसमेतको उपस्थिति थियो।

समझदारीअनुसार तिलगंगाले ग्लोबल आइएमईको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रूपमा कमजोर, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकको निःशुल्क रूपमा



मोतीविन्दुको पहिचान गरी शल्यक्रिया गर्नेछ। साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्र-छात्राको आँखा परीक्षण गरी आवश्यकताअनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिनेसमेत समझदारी भएको छ। अध्यक्ष ढकालले बैंकले नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताए। त्यसैगरी, कार्यकारी निर्देशक प्राडा रुइतले सहकार्यमा अवसर र चुनौती दुवै रहेको बताउँदै ग्लोबल आइएमईसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए।

सिटिजन्स बैंकको वित्तीय साक्षरताबाट ६ हजारजना लाभान्वित



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सातै प्रदेशमा रहेका आफ्ना एक सय आठ शाखा कार्यालयबाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। विश्व लगानी सप्ताह-२०२६ मा बैंकले सर्वसाधारणलक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गरेको हो। यस ग्लोबल मनी विकबाट करिब ६ हजारजना लाभान्वित भएको बैंकले जनाएको छ।

कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थी वर्गमा वित्तीय साक्षरताको आवश्यकता र महत्त्वबारे विस्तृत प्रकाश पारिएको थियो। यससँगै वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमबारे समेत जानकारी गराइएको थियो। नगद कारोबार, लेनदेन तथा विप्रेषणजस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीकै प्रयोग गर्नसमेत उक्त कार्यक्रमबाट आग्रह गरिएको छ। यसबाट बैंकिङ प्रणाली मजबुत हुनुका साथै युवा र विद्यार्थीमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ।

नबिल बैंकद्वारा ११ हजारभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरता



काठमाडौं/ नबिल बैंक लिमिटेडले 'ग्लोबल मनी विक' अभियानअन्तर्गत ११ हजारभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरेको छ। यही मार्च १६ देखि २२ सम्म सञ्चालन भएको अभियानमार्फत सातवटै प्रदेशका ११ हजार ८७ विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरिएको बैंकले जनाएको छ।

बैंकले मुलुकका विभिन्न स्थानमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले बचत, लगानी, डिजिटल बैंकिङ, वित्तीय ठगीलगायत विषयमा विद्यार्थी तथा युवाहरूलाई अभिमुखीकरण गराएको हो।

बैंकले विभिन्न शाखा कार्यालयमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

अभियानअन्तर्गत कोशी प्रदेशका दुई हजार ६४, मधेशका एक हजार तीन सय ८१, बागमतीका दुई हजार ६ सय आठ, गण्डकीका एक हजार दुई सय ७८, लुम्बिनी प्रदेशका एक हजार तीन सय ३८, कर्णालीका एक हजार पाँच सय चार र सुदूरपश्चिम प्रदेशका नौ सय १४ विद्यार्थी लाभान्वित भएको बैंकले जनाएको छ। वित्तीय साक्षरता अभियानलाई थप फराकिलो बनाउँदै बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामग्री उत्पादन गरी प्रकाशन तथा प्रसारण पनि गर्दै आएको छ।

सांग्रिलाको फरक क्षमता भएका व्यक्तिलक्षित वित्तीय सचेतना कार्यक्रम



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले फरक क्षमता भएका व्यक्तिका लागि वित्तीय साक्षरता कार्यक्रम गरेको छ।

नेपाल बहिरा महासंघसँगको समन्वयमा बैंकले ८ चैतमा ४० जना फरक क्षमता भएका व्यक्तिमाझ कार्यक्रम गरेको हो। कार्यक्रममा प्रशिक्षक विनोदनरसिंह श्रेष्ठले आम्दानी, बचत, वित्तीय सुरक्षा, बैंकसँगको कारोबार, डिजिटल साक्षरता, स्मार्ट मनी, लगानी, प्रतिफल, जोखिमलगायत विषयमा प्रशिक्षण दिएका थिए। सांकेतिक भाषा दोभासे उमा पौडेल र प्रकाश महर्जनले सहजीकरण गरेका थिए।

महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले यस्ता कार्यक्रम उपयोगी रहेको बताउँदै आर्थिक क्षेत्रका विभिन्न उपयोगी तालिमका लागि बैंक र वित्तीय संस्थासँग सहकार्य गरिरहेको बताए। बैंकले हाल मुलुकभर एक सय नौ शाखा कार्यालय र ३० वटा एटिएममार्फत सेवा प्रवाह गर्दै आएको छ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०१/२९ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८२ फागुन मसान्तको खूद सम्पति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	८०१,८६९,५४५	७६०,२३३,१४८
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	२२,९९८,०७५	२३,८३५,३५२
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	-	-
कुल लगानी (क)		**८३९,८६७,६२१**	**७९९,०६८,५००**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२३५,७१४,५१८	२०६,१७१,०१३
२	अन्य सम्पत्ति	५७३,३००	२६,९६०,४१४
जम्मा (ख)		**२३६,२८७,८१८**	**२३३,१३१,४२७**
	चालु दायित्व		
१	चालु दायित्व	१,४७३,६११	१,८०१,५५३
२	भुक्तानी दिनुपर्ने शुल्क	१४५,७७९	-
जम्मा (ग)		**१,६१९,३९०**	**१,८०१,५५३**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०७४,५३६,०४८**	**१,०३०,३९८,३७३**
१	योजना व्यवस्थापक शुल्क	१,३२४,७७०	१,२२८,००९
२	डिपोजीटरी शुल्क	१७६,६३६	१६३,७३५
३	कोष सुपरीवेक्षक शुल्क	८८,३१८	८१,८६७
	खुद सम्पत्ति	**१,०७२,९४६,३२४**	**१,०२८,९२४,७६२**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.५२**	**१०.०९**

२०८२ फागुन मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	४६,६०१,०३१	४२,९७९,११३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	२१,०५४,१६२	(२१,२२३,०६३)
	जम्मा आम्दानी	**६७,६५५,१९३**	**२१,७५६,०५०**
खर्च			
१	सुचना तथा प्रकाशन खर्च	१५४,३८०	१३६,३००
२	बैंक शुल्क	१,६१०	१,५४५
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	३२,०३०	२७,६८२
४	योजना व्यवस्थापन शुल्क	१०,३५७,०६६	९,०३२,२९५
५	डिपोजीटरी शुल्क	१,३८०,९४२	१,२०४,३०६
६	कोष सुपरीवेक्षक शुल्क	६९०,४७१	६०२,१५३
७	योजना लेखापरीक्षण शुल्क	७५,३३३	६५,९१७
८	सिडिएससि वार्षिक शुल्क	१०८,८९८	९४,११५
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	अन्य खर्च	२,०१४,४८१	१,७७३,३१६
	जम्मा खर्च	**१४,८२०,२१०**	**१२,९४२,६२९**
	कुल नाफा/(नोक्सान)	**५२,८३४,९८३**	**८,८१३,४२१**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ फागुन मसान्तसम्म गरेको लगानीको परल मूल्य रु. ८१९,२९८,६९१.६५७ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
क) वाणिज्य बैंक			
१	एनएमबि बैंक लिमिटेड	१०९,०००	२८,०१३,०००
२	सानिमा बैंक लिमिटेड	४३,०००	१५,११४,५००
३	नेपाल बैंक लिमिटेड	८५,२३१	२२,६७१,४४६
४	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१६,०००	१०,६८८,०००
५	प्रभु बैंक लिमिटेड	१००,०००	२१,३२०,०००
६	एभरेष्ट बैंक लिमिटेड	२०,५००	१४,४७३,०००
७	प्राइम कमर्सियल बैंक लिमिटेड	५५,४८०	१४,०३६,४४०
८	माछापुच्छ्रे बैंक लिमिटेड	७०,००४	१७,५३६,००२
९	नबिल बैंक लिमिटेड	१२०,९३०	६३,९७१,९७०
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	१४,५००	३,२५८,१५०
११	कृषि विकास बैंक लिमिटेड	१००,०३०	३१,६०९,४८०
१२	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड	७,०००	१,५०५,७००
ख) विकास बैंक			
१	महालक्ष्मी विकास बैंक लिमिटेड	६९,३७६	२७,१९५,३९२
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	१००,०००	३८,९७०,०००
३	कामना सेवा विकास बैंक लिमिटेड	३९,९९९	१९,५१९,५१२
४	गरिमा विकास बैंक लिमिटेड	३५,०००	१४,७१७,५००
५	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	५४,०७२	२३,०१८,४५०
६	सालपा विकास बैंक लिमिटेड	५९१	५६०,६२३
ग) जीवन विमा कम्पनी			
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५१,८११	२४,९३१,४५३
२	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,१७९	२१,५२९,५४८
३	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१६,०००	७,३९२,०००
घ) निर्जीवन विमा कम्पनी			
१	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,१७६	२१,४१५,६३८
२	प्रभु इन्स्योरेन्स लिमिटेड	५३,८४९	४१,२४२,९४९
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४९,९९३	२६,७०१,२६१
४	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	४७,३६६	२१,५५६,२६७
५	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	४५,०००	२७,६५२,५००
ङ) हाइड्रोपावर कम्पनी			
१	अपि पावर कम्पनी लिमिटेड	४५,०००	१५,१३३,५००
२	पिपुल्स पावर लिमिटेड	२	८१२
३	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	२३,०००	७,२४५,०००
४	अरुण काबेली पावर लिमिटेड	६,०००	१,७७०,०००
५	सानिमा माइ हाइड्रोपावर लिमिटेड	५,०००	२,७९३,५००
६	माबिलुङ्ग इनर्जी लिमिटेड	७०७	५५१,४६०
७	दरमखोला हाइड्रो इनर्जी लिमिटेड	१,३७७	१,११५,३७०
८	बुङ्गल हाइड्रो लिमिटेड	९६९	६४४,३८५
९	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१७,५००	१०,९३२,२५०
१०	साहस उर्जा लिमिटेड	११,०००	६,७७६,०००
११	नेपाल हाइड्रो डेभलोपर्स लिमिटेड	७,०००	४,८५८,०००
१२	सोलु हाइड्रोपावर लिमिटेड	३,४२१	३४२,१००
१३	बुटवल पावर कम्पनी लिमिटेड	३,०००	२,२३१,७००
च) म्युचुअल फण्ड			
१	गरिमा समृद्धि योजना	३५०,०००	३,४४७,५००
२	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१९,१००,०००
३	एनएमबि हाइब्रिड फण्ड २	५००,०००	४,८०५,०००
४	एचएलआई लार्ज क्याप फण्ड	५००,०००	४,७७०,०००
५	सिटिजन्स सन्तुलित योजना	४००,०००	३,८८०,०००
छ) लघुवित्त वित्तीय संस्था			
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,०८८	८,०५०,२२४
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	४५,६७२	३२,५२३,०३१
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१,०००	९४८,०००
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२६,१००	१७,७४५,३९०
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	११,०००	९,१३०,०००
६	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१०९	३१५,२७२
ज) उत्पादन तथा प्रशोधन			
१	शिवम् सिमेन्ट्स लिमिटेड	२०,५००	१३,५०९,५००
२	सर्वोत्तम सिमेन्ट लिमिटेड	१७,५००	१५,७८५,०००
३	सागर डिष्टिलरी लिमिटेड	७१४	१,४०३,०१०
४	एसवाई प्यानल नेपाल लिमिटेड	१,७४७	३,२३१,९५०
५	श्रीनगर एग्रीटेक इन्डष्ट्रीज लिमिटेड	१,१७६	१,५९९,३६०
६	रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड	४७१	४२०,७४४
७	हिमालयन डिष्टिलरी लिमिटेड	१,५००	१,८००,०००
झ) अन्य			
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१२,०००	१५,०१२,०००
२	झापा इनर्जी लिमिटेड	२६६	३८९,४२४
ञ) होटल एण्ड टुरिजम			
१	बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड	३,९७८	३,८३८,७७०
२	चन्द्रागिरी हिल्स लिमिटेड	१२,२४०	१०,६४८,८००
३	ओरियन्टल होटलस लिमिटेड	९,०००	६,७०५,०००
४	सोल्टी होटल लिमिटेड	१५,०००	७,६६५,०००
५	होटल फरेष्ट इन लिमिटेड	१,३५७	१५१,७१३
	जम्मा	**५,४४६,४८१**	**८०१,८६९,५४५**

कोष प्रवर्द्धक:
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११९७७/७८/८८, फयाक्स: ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी:
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

श्री राष्ट्रिय माध्यमिक विद्यालय पहरिया

कृष्णपुर-१ कञ्चनपुर

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद (भन्सार छुट सहित) गर्ने सम्वन्धी सूचना स्थगित सम्बन्धमा

प्रकाशित मिति : २०८२/१२/१० गते

यस विद्यालयले मिति २०८२/१२/०४ गतेमा बस खरिदका लागि बोलपत्र अह्वान गरिएकोमा विषय विज्ञबाट पेश भएको स्पेसिफिकेशन संसोधन गरीदिन हुन भनी आपुर्तीकर्ताबाट निवेदन पेश भएकोमा सो बारेमा बुझ्नु पर्ने भई केही समय लाग्ने भएकाले र कृष्णपुर न.पा.को मिति २०८२ / १२ / १० को च.न. १५२२ को खरिद पक्रिया स्थगित गर्ने सम्वन्धमा पत्रानुसार, अर्को सूचना प्रकासन नभएसम्मका लागि खरिद पक्रिया स्थगित गर्ने निर्णय भएको सम्वन्धित सबै पक्षलाई जानकारी गरिन्छ।

पुष्कर सिंह महरा
प्रधानाध्यापक

कर्णाली डिष्टिलरी प्रा. लि., खजुरा, नेपालगंज

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८२/१२/१५ देखि निम्न बमोजिम मुल्यमा विक्रि गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ । यसमा उल्लेखीत सबै तहका कमिशनहरुमा मु.अ.कर समाबेश छ ।

Brand	U. P.	Size	Dealers		Wholesalers		Retailers		Consumers Price	
			Price	Comm.	Price	Comm.	Price	Comm.	Per C/S	Per Bott.
New Land / Karnali Black	70	300 ML	1,560.53	75.71	1,636.24	49.72	1,685.96	744.04	2,430.00	81.00
2007 Premium / Wonder 17	70	300 ML	1,354.87	70.06	1,424.93	31.64	1,456.57	763.43	2,220.00	74.00
Vibe	70	300 ML	1,344.70	70.06	1,414.76	31.64	1,446.40	743.6	2,190.00	73.00
Resham Ultra Premium	70	300 ML	1,325.49	67.80	1,393.29	31.64	1,424.93	735.07	2,160.00	72.00
Karnali Blue Premium / Karnali Blue	70	300 ML	1,325.49	67.80	1,393.29	31.64	1,424.93	735.07	2,160.00	72.00
Resham Premium Flavour/ Royal Soul	70	300 ML	1,305.15	67.80	1,372.95	31.64	1,404.59	725.41	2,130.00	71.00
Karnali Gold	70	300 ML	1,235.09	59.89	1,294.98	31.64	1,326.62	713.38	2,040.00	68.00
Karnali Deluxe / Sitara	70	300 ML	1,204.58	59.89	1,264.47	31.64	1,296.11	713.89	2,010.00	67.00
Karnali Special / Resham	70	300 ML	1,204.58	67.80	1,272.38	31.64	1,304.02	705.98	2,010.00	67.00
Karnali Sofi / Takkar	70	300 ML	1,165.03	59.89	1,224.92	31.64	1,256.56	303.44	1,560.00	52.00

Gandaki Provincial Government
Ministry of Health

Provincial Health Logistics Management Centre

Pokhara, Kaski

Invitation for Electronic Bids
Single Stage Two Envelope Procedures

Date of publication:25th March, 2026 (Chaitra11, 2082)

IFB No: PHLMC/G/NCB-13/2082-83

1. The Provincial Health Logistics Management Center, Gandaki invites electronic bids from eligible bidders for the Procurement of Nutritional Commodities under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the technical bid and the other (ii) the price bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document

IFB no:	Item Description	Bid Security in NPR	Bid Security Validity
PHLMC/G/NCB-13/2082-83	Procurement of Nutritional Commodities	120000	25 August, 2026

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Provincial Health Logistics Management Center or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Director General

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

यस बैंकबाट तहाँ जमानतकर्ताले ऋणीले लिएको कर्जाको लागि व्यक्तिगत/संस्थागत जमानतदिनु भएकोमा उक्त कर्जा वापतको धितो सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री/गैर बैंकिङ सम्पतिको रुपमा बिक्री/सकार गरि सो वापत प्राप्त भएको रकमले कर्जा खातामा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको ऋण कर्जा, साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ९०(नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९०(नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी लिलाम बिक्री/गैर बैंकिङ सम्पति बिक्री/सकार वापतको रकमले कर्जा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको रकम कर्जा साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाकौ ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पत्तिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं. २५८५११/०७७/०७८ अर्न्तगत मिति: २०७७/११/२६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७ स्थित **काठमाडौं किंङ्गस मार्ट प्रा.लि.** ।
	जमानीकर्ताहरु: १) रबि श्रेष्ठ, ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : राजेश श्रेष्ठ, बाजे : भक्तमान श्रेष्ठ, **२) भक्तमान श्रेष्ठ, स्थायी ठेगाना** : काठमाण्डौ जिल्ला, बलम्बु गा.पं. वडा नं. ४, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : किर्तिमान श्रेष्ठ, बाजे : शक्तीमान श्रेष्ठ, **३) राजेश श्रेष्ठ,** स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, बलम्बु गा.वि.स. वडा नं. ७, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : भक्तमान श्रेष्ठ, बाजे : किर्तिमान श्रेष्ठ, **४) नरेस श्रेष्ठ,** स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, बलम्बु गा.वि.स. वडा नं.४, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, चावहिल, बाबु : भक्तमान श्रेष्ठ, बाजे : किर्तिमान श्रेष्ठ, **५) रबीन श्रेष्ठ,** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : राजेश श्रेष्ठ, बाजे : भक्तमान श्रेष्ठ, **६) बिमला नयाजु (श्रेष्ठ),** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : शिबलाल नयाजु, ससुरा : भक्तमान श्रेष्ठ, पति : राजेश श्रेष्ठ, **७) तुलसी कुमारी लामीछाने,** स्थायी ठेगाना : रसुवा जिल्ला, धैबुङ गा.वि.स. वडा नं.३, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, बाबु : कृष्ण प्रसाद लामीछाने, ससुरा : भक्तमान श्रेष्ठ, पति : नरेश श्रेष्ठ
२	प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २ नेपाल, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ५१७२/२०७२/०७३, स्थानीय व्यापार अन्तर्गत मिति २०७३/०१/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, लहान गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३) स्थित **सिटी ट्रेडर्स ।**
	जमानीकर्ताहरु: १) शिव नारायण चौ. कल्वार, स्थायी ठेगाना : सप्तरी जिल्ला, पन्सेरा गा.प. वडा नं. ३, हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु : सिन्ती चौधरी कलवार, बाजे : मोति लाल चौधरी, **२) जिवछ कुमार चौधरी,** स्थायी ठेगाना : सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु : शिव नारायण चौधरी, बाजे : सिन्ती चौधरी कलवार, **३) तारा देवी चौधरी,** स्थायी ठेगाना : सप्तरी जिल्ला, पंसेरा गा.प. वडा नं. ३, हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु : दरवारी चौधरी, ससुरा : सिन्ती चौधरी कलवार, पति : शिव नारायण चौधरी कल्वार, **४) सुमित्रा कुमारी चौधरी,** स्थायी ठेगाना : सप्तरी जिल्ला, पंसेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु : महेन्द्र प्रसाद चौधरी, ससुरा : शिव नारायण चौ. कल्वार, पति : जिवछ कुमार चौधरी
३	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं १०६२७/१३३८ अर्न्तगत मिति २०७७/१०/२२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, मौलापुर न.पा वडा नं ७, स्थित **सुनिल किराना पसल ।**
	जमानीकर्ताहरु: १) कृष्णा देवी, स्थायी ठेगाना : रौतहट जिल्ला, पथरा बु. गा.वि.स. वडा नं. ९, हालको ठेगाना : रौतहट जिल्ला, मौलापुर न.पा वडा नं ७, बाबु : सौदागर साह कानु, ससुरा : रामचन्द्र साह कानु, पती : ब्रहमदेव साह कानु, **२) ब्रहमदेव साह कानु,** स्थायी ठेगाना : रौतहट जिल्ला, पथरावुधराम गा.वि.स. वडा नं. ९, हालको ठेगाना : रौतहट जिल्ला, मौलापुर न.पा. वडा नं ७, बाबु : रामचन्द्र साह कानु , बाजे : लक्ष्मण साह
४	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ४४२४/०७२/०७३ अर्न्तगत मिति २०७२/१०/१८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ स्थित **जि.एम. ट्रेडर्स ।**
	जमानीकर्ताहरु : १) एकराज दाहाल, स्थायी ठेगाना : सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ३, हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४, बाबु : तिलक बहादुर दाहाल, बाजे : डम्बर बहादुर दाहाल २) **सिंजना कार्की,** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १६, हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४, बाबु : चन्द्र बहादुर कार्की, ससुरा : तिलक बहादुर दाहाल, पति : एकराज दाहाल

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

बुधबार ११ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

राखेपको स्पष्टीकरणलाई चुनौती दिँदै एन्फा पदाधिकारी चुनावका लागि झापातिर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राखेपको खेलकुद विकास विभागले मंगलबार एन्फालाई निर्वाचन रोक्न २४ घण्टाभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको थियो, तर एन्फा पदाधिकारी भने सातदोबाटोको कार्यालय बन्द गरी निर्वाचनमा सहभागी हुन झापातिर लागेका छन्

अखिल नेपाल फुटबल संघ (एन्फा)को 'अर्ली इलेक्सन' को विषयमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले स्पष्टीकरण सोधेको छ। परिषद्का खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले मंगलबार एन्फालाई पत्राचार गर्दै पत्र प्राप्त भएको २४ घण्टाभित्र सफाइ पेस गर्न निर्देशन दिएका छन्। तर, एन्फा प्रशासनले १३ चैतमा साधारणसभामा सहभागी हुन मंगलबारै सूचना प्रकाशित गरी कार्यालय बन्द गरेको जानकारी दियो।

'एन्फाको १३ चैतमा झापामा हुने साधारणसभा तथा निर्वाचन प्रयोजनका लागि १० चैतदेखि संघको केन्द्रीय कार्यालय सातदोबाटो ललितपुर सचिवालय बन्द रहने जानकारी गराउन चाहन्छु,' एन्फाको प्रशासनको जारी विज्ञप्तिमा उल्लेख छ। एन्फाको विज्ञप्तिमा जारी मिति छैन। यसमा केवल एन्फा प्रशासनको लोगो मात्र छ।

एन्फा प्रशासनले बिहानै कार्यालय बन्द रहने भनेपछि राखेपका कर्मचारी स्पष्टीकरण पत्र बुझाउन सकेनन्। एन्फा मुख्यालयमा पत्र बुझाउन गएका राखेपका कर्मचारी एन्फाका सबैजसो पदाधिकारी तथा कर्मचारी चुनावका लागि झापा गइसकेका थिए। आफूहरू एन्फाको आधिकारिक व्यक्ति नभएकाले राखेपको पत्र लिन नसक्ने प्रतिनिधिलाई जवाफ दिएका थिए। अहिले एन्फा कार्यालयमा सुरक्षा गार्डलगायतका अन्य कर्मचारी मात्र छन्। जसका कारण राखेपका प्रतिनिधिले एन्फामा पत्र बुझाउन पाएनन्।

साधारणसभामार्फत केन्द्रीय कार्यसमितिको निर्वाचन गर्न लागेको एन्फाले परिषद्को निर्देशन पालना नगरेको तथा प्रचलित कानुनविपरीत काम गरेको खेलकुद विकास विभागका प्रमुख पोखरेलले बताएका छन्। 'कार्यकारी समितिले सफाइ पेस गर्न निर्देशन दिने निर्णय गरेको थियो, यसैअनुसार एन्फालाई पत्र प्राप्त भएको २४ घण्टाभित्र स्पष्टीकरण दिन भनिएको हो,' पोखरेलले भनेका छन्। यसअघि राखेपले ५ चैतमा एन्फा चुनाव स्थगित गर्न राखेपलाई तेस्रोपटक पत्र काटेको थियो।

तर, एन्फाले बारम्बार फिफा र एएफसीको निर्देशन, एन्फाको विधान तथा पाटन उच्च अदालतको आदेशलगायतका कारण चुनाव रोक्नुनपर्ने भन्दै चुनावमा सहयोग गर्ने आह्वानसहित राखेपमा पत्राचार गरेको छ। अन्तर्राष्ट्रिय फुटबलको सर्वोच्च संस्था फिफा र एसियाली फुटबल महासंघ (एएफसी)बाट निर्वाचनको प्रक्रियामा साथ पाएको पंकजविक्रम नेम्वाङ समूहले झापा निर्वाचनको अन्तिम तयारी गरिसकेको छ।

परिषद्ले एन्फाले गर्न लागेको निर्वाचनलाई स्वीकृति दिएको छैन। निर्वाचन गर्नका लागि विधान संशोधन गर्न निर्देशन राखेपले दिएको अवस्था छ। एन्फाले अन्तर्राष्ट्रिय निकायबाट स्वीकृति पाए अवस्थामा निर्वाचन रोक्न नमिल्ने भनेको छ। एन्फाको वर्तमान कार्यसमितिको कार्यकाल आगामी ६ असारमा सकिँदै छ। कार्यकाल सकिनुअघि नै एन्फाले निर्वाचन गर्न लाग्दा जिल्लाबाट तहगत नगरी सिधै केन्द्रीय कार्यसमितिको मात्र निर्वाचन गर्न लागेको हो। यसपटकको निर्वाचनमा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र उपाध्यक्ष दीर्घबहादुर केसीबिच प्यानलबिच प्रतिस्पर्धा हुँदै छ।

प्रशासनिक र कानुनी कारबाहीको चेतावनी

राखेपको मंगलबार काटिएको पत्रमा राखेपले एन्फालाई तोकिएकै समयसीमाभित्र उचित कारणसहित लिखित स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ। विभागका प्रमुख पोखरेलले एन्फालाई आवश्यक कागजात, निर्णयको आधार र प्रक्रियागत स्पष्टतासमेत समावेश गर्न भनेका छन्। एन्फाबाट २४ घण्टाभित्र सन्तोषजनक जवाफ नआए थप प्रशासनिक तथा कानुनी प्रक्रिया अगाडि बढाउने चेतावनी राखेपले दिएको उनले बताए।

'नियामक निकायसँग पटक-पटक भएको छलफल र निर्देशनको परिपालना नगरेको हुँदा परिषद्को कार्यकारी समितिको ९ चैतको बैठकबाट ऐनको दफा २८ को (ङ) र दफा २९ (१) को बमोजिम निर्देशन कार्यान्वयन नगरी प्रचलित कानुनविपरीत कार्य रहेको हुँदा दफा २९ (२) बमोजिमको कारबाही किन नहुनु हो ? दफाको (७) बमोजिम पत्र प्राप्त भएको २४ घण्टा भित्र सफाइ पेस गर्न पत्राचार गरिएको छ,' पोखरेलले एन्फालाई काटेको पत्रमा भनिएको छ, 'कानुनबमोजिम प्रक्रिया पूरा नहुँदासम्म संघको साधारणसभा र निर्वाचनसम्बन्धी कार्य स्थगित गर्न पत्रबाटै जानकारी गराइएको छ।'

क्लबहरूले तोडे नौ दिनदेखिको अनशन



सहिद स्मारक लिगका क्लबहरूले नौ दिनदेखिको अनशन मंगलबार तोडेका छन्। 'होम एन्ड अवे' लिगको माग गर्दै क्लबका प्रतिनिधि सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको गेटबाहिर अनशन बसेका थिए। तर, उनीहरू जुस पिएर उक्त अनशन तोडेका हुन्। 'विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै जारी रहेको रिले अनशन हाललाई स्थगित गरिएको जानकारी गराइन्छ। साथै, भविष्यमा थप सशक्त र प्रभावकारी ढंगले हामीबिच भएको होम एन्ड अवे प्रणालीसम्बन्धी सम्झौताको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कार्यक्रम बनाई अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं,' क्लबहरूले संयुक्त रूपमा निकालिएको विज्ञप्तिमा भनिएका छन्।

क्लब प्रतिनिधिहरूले राष्ट्रिय लिग र सहिद स्मारक महिला लिगमा सहभागी खेलाडीहरूको व्यवस्थापन, बिदाइ, र क्लबको आर्थिक व्यवस्थापनसम्बन्धी असहज अवस्था समाधान गर्नुपर्ने भएकाले अनशन स्थगन गर्ने निर्णय लिएको बताए। एन्फा तथा सहिद स्मारक क्लबहरूबिच भएको सम्झौता कार्यान्वयनको माग राख्दै सहिद स्मारक क्लबहरूले २ चैतदेखि रिले अनशन सुरु गरेका थिए। यसअघि नेपाल फुटबल खेलाडी संघसँगको वार्तामा 'ए' डिभिजन लिग ३० चैतदेखि गर्ने सहमति भएको थियो। त्यहीअनुरूप एन्फाले क्लबहरूलाई पत्राचार गरेको थियो। तर, क्लबहरूले यो सहमतिलाई एकलौटी भनेका छन्।

पुलिसको जितमा दिनेशको अलराउन्ड प्रदर्शन

नयाँ पत्रिका

विभागीय डर्बीमा नेपाल पुलिस क्लबले मंगलबार दोस्रो प्रधानमन्त्री कप (पिएम) क्रिकेट प्रतियोगितामा एपिएफ क्लबमाथि एक सय ८५ रनको फराकिलो जित निकालेको छ। जितसँगै पुलिस दुई खेलमा दुई अंक जोडेर दोस्रो स्थान उक्लिएको छ। एपिएफ पनि दुई खेलमा समान जित र हार सामना गरी दुई अंकका साथ पाँचौं स्थानमा रह्यो। शीर्ष स्थानमा रहेको लुम्बिनी प्रदेशले दुई खेलमा तीन अंक जोडेको छ। मूलपानी मैदानमा भएको प्रतिस्पर्धामा पुलिसले पहिलो ब्याटिङ गरी नौ विकेट गुमाएर ३५५ रनको विशाल योगफल बनाएको थियो।

पिएम कपमा पहिलोपटक कुनै पनि सहभागी टोलीले तीन सय ५० रनको माथि योगफल बनाएको हो। कीर्तिमान लक्ष्य पछ्याएको एपिएफ ४४ ओभरमा सबै विकेट गुमाएर १७० रनमै सीमित भयो। पुलिसको जितमा दिनेश खरेलले अलराउन्ड प्रदर्शन गरेका थिए। उनले ब्याटिङ क्रममा ५२ बलमा ६२ रनको योगदान दिए। यसक्रममा उनले ६ चौका र चार छक्का प्रहार गरेका थिए।

बलिङमा पनि उनी प्रभावशाली देखिए। उनले बलिङ स्पेलमा आठ ओभर गरी एक मेडन राखी ३६ रन दिँदै दुई विकेट हात पारे। दुईमध्ये एक विकेट उनले एपिएफका कप्तान रोहितकुमार पौडेलको लिएका थिए। इनिङ्सको ११.३ ओभरमा दिनेशले रोहितलाई दिल्सादबाट विकेटपछाडि क्याचआउट गराए। त्यसपछि दिनेशले ३२.५ ओभरमा पूर्वविकको विकेट हात पारे।



एपिएफविरुद्ध पूरै मैदानमा छाएका दिनेशले फिल्डिङमा पनि उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले अमेर रोटेला र अभिनाश गौतमको क्याच लिएका थिए। यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच भए। गत सिजनमा उनी पुलिसमा आबद्ध हुँदै टोलीलाई उपाधि दिलाउन महत्त्वपूर्ण योगदान दिएका थिए।

एकै इनिङ्समा चार अर्धशतक

पुलिसले दोस्रो प्रधानमन्त्री कपमा सर्वाधिक योगफल बनाउने क्रममा चार ब्याट्सम्यानले अर्धशतकीय इनिङ्स खेलेका थिए। दोस्रो ओपनर दिनेशसँगै शंकर राना, कप्तान आरिफ सेख तथा विकेटकिपर दिल्सान अलीले अर्धशतकीय इनिङ्स खेल्दा पुलिसले एपिएफलाई विशाल योगफल दिएको हो। शंकरले ५४ बलमा पाँच चौका र चार छक्का प्रहार गरी सर्वाधिक ६१ रन जोडेका थिए। यसैगरी, आरिफले ४२ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ५० रन जोडे। दिल्सादले केवल ३० बल सामना गरी पाँच चौका र ती छक्का प्रहार ५१ रन जोडेका थिए। यसैगरी, अमित श्रेष्ठले ३९ बलमा ३९ रन तथा रसिद खानले ४२ बलमा ४४ रनको योगदान दिए। पुलिसका खेलाडीले एपिएफका बलरविरुद्ध समग्रमा १६ छक्का र ३१ चौका प्रहार गरेका थिए।

शुक्लागण्डकी र आयोजक भिड्ने

कास्की/ चौथो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप खेलकुदअन्तर्गत पुरुष तथा महिला भलिबलसँगै छेलो हान्ने प्रतियोगितामा २४ टोलीले प्रतिस्पर्धा गर्ने भएका छन्। माछापुच्छ्रे गाउँपालिका भलिबल संघको संयोजनमा ११ देखि १४ चैतसम्म हुने प्रतियोगितामा पुरुषतर्फ १६ र महिलातर्फ आठ टोलीले प्रतिस्पर्धा गर्ने आयोजक माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले जानकारी दिए। उद्घाटन खेलमा शुक्लागण्डकी नगरपालिका तनहुँ र आयोजकको निलो टोली भिड्ने भएको छ। पुरुषतर्फको दोस्रो खेलमा कास्कीको अन्नपूर्ण गाउँपालिकाको सामना गर्नेछ।

एरिका बनिन् सद्भावना दूत

काठमाडौं/ नेपाली राष्ट्रिय कराँते टोलीकी एरिका गुरुङलाई तमु धी एसोसिएसन युकेले आफ्नो सद्भावना दूत नियुक्त गरेको छ। एरिकालाई अप्रिलदेखि लागू हुने एक वर्षका लागि सद्भावना दूत नियुक्त गरिएको तमु धी एसोसिएसन युकेका अध्यक्ष जुमकाजी गुरुङ र उपाध्यक्ष कमल गुरुङले बताए। सम्झौतापत्रमा एरिका, नेपाल कराँते महासंघका महासचिव दावा गुरुङ र प्रशिक्षक कुशल श्रेष्ठले हस्ताक्षर गरेका छन्। कराँतेकी अन्तर्राष्ट्रिय निर्णायक तारा गुरुङको पहलमा एरिका र तमु धी एसोसिएसन युकेबिच सहयोगका लागि सहकार्य भएको हो।

टाइम्ससँग कीर्तिपुर झिनो अन्तरले पराजित

काठमाडौं/ हिमालयन जाभा नेसनल बास्केटबल लिग २०२६ अन्तर्गत मंगलबार टाइम्स इन्टरनेसनल क्लबले कीर्तिपुरमाथि रोमाञ्चक जित हात पारेको छ।



राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको खेलमा टाइम्सले अन्तिम समयमा रिबाउन्डमा दुई अंक स्कोर गरेपछि कीर्तिपुरलाई ८१-७९ ले हराएको हो। अधिकांश समयपछि परेको टाइम्सले अन्तिम समयमा बराबरी गर्न सफल भएको थियो। अन्तिममा एकपटक टाइम्सले अग्रता लिए पनि कीर्तिपुरले बराबरी गर्‍यो। अन्तिममा टाइम्सले पाएको मौकामा दुई स्कोर गरेपछि खेल जित्न सफल भयो। १२ सेकेन्ड समय बाँकी रहँदा टाइम्सका कप्तान सदिश प्रधानले हानेको थ्री प्वाइन्टको प्रयास सफल भएन। त्यसैको रिबाउन्डमा कमल थापाले दुई स्कोर गर्दै टाइम्सलाई रोमाञ्चक जित दिलाए। टाइम्सका मनीष केसीले सर्वाधिक ३१ स्कोर गरे।

लिगमा टाइम्सको यो लगातार सातौं जित हो। ८ खेलमा ७ जित र १ हारकाट १५ अंक जोडेर टाइम्स अंकतालिकामा शीर्ष स्थानमा उक्लेको छ। प्रतियोगिताको विजेताले चार लाख र उपविजेताले दुई लाख रुपैयाँ पाउनेछन्।

भूपेन्द्र र सुजन सम्मानित

काठमाडौं/ नेपाल उमा कुङफु संघले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल आफ्ना खेलाडीलाई मंगलबार सम्मान गरेको छ। विश्व मञ्चमा नेपालको प्रतिष्ठा अभिवृद्धि गर्न भूमिका निर्वाह गरेका भूपेन्द्र गुरुङ र सुजन कक्षपतिलाई सम्मान गरिएको हो। भूपेन्द्रले अमेरिका, जर्मनी, थाइल्यान्ड र युकेमा भएका विभिन्न प्रतियोगितामा हालसम्म १२ स्वर्ण र दुई रजत पदक जितेका छन्। सुजनले जर्मनीको रेजेन्सवर्गमा भएको ब्याटल अफ बभेरियामा दुई स्वर्ण जितेका थिए। भूपेन्द्रले प्रशिक्षकबाट पाएको सही प्रशिक्षणले गर्दा उपलब्धि हासिल गर्न सम्भव भएको बताउँदै आगामी दिनमा पनि राष्ट्रलाई पदक दिलाउन निरन्तर क्रियाशील रहने बताए। सुजनले पहिलो अन्तर्राष्ट्रिय सहभागितामै स्वर्ण जित्न सफल भएकोमा खुसी व्यक्त गर्दै मनोबल उच्च भएको बताए।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त २०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८२ फागुन मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सुचिकृत धितोपत्रमा लगानी		
१	शेयर	८६९,०७५,१९२	७५२,५६८,१२२
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१५,७६१,२१९	१३,९३६,६९३
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	-	-
	कुल लगानी (क)	**८८४,८३६,४१०**	**७६६,५०४,८१५**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	८३,३४२,२६१	१५४,९३२,६९४
२	अन्य सम्पत्ति	२०६,५२३	१६१,१३५
	जम्मा (ख)	**८३,५४८,७८४**	**१५५,०९३,८३०**
	चालु दायित्व		
१	चालु दायित्व	१५६,३६५	१,८०९,१५३
२	भुक्तानी दिनुपर्ने शुल्क	१,३१५,४२५	-
	जम्मा (ग)	**१,४७१,७९०**	**१,८०९,१५३**
	कुल सम्पत्ति (क+ख-ग)	**९६६,९१३,४०५**	**९१९,७८९,४९२**
१	योजना व्यवस्थापक शुल्क	१,१९२,०८५	१,०९६,१८७
२	डिपोजीटरी शुल्क	१५८,९४५	१४६,१५८
३	कोष सुपरीवेक्षक शुल्क	७९,४७२	७३,०७९
	खुद सम्पत्ति	**९६५,४८२,९०३**	**९१८,४७४,०६७**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.६७**	**१०.१५**

२०८२ फागुन मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	३८,७२७,४०८	३६,३१३,८८३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	१,२३२,४१०	(४५,१२९,५१२)
	जम्मा आम्दानी	**३९,९५९,८१८**	**(८,८१५,६३०)**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१४८,२२०	१२७,२२०
२	बैंक शुल्क	९१९	८५९
३	योजना व्यवस्थापन शुल्क	९,१८१,२३४	७,९८९,१४९
४	डिपोजीटरी शुल्क	१,२२४,१६५	१,०६५,२२०
५	कोष सुपरीवेक्षक शुल्क	६१२,०८२	५३२,६१०
६	योजना लेखा परीक्षण शुल्क	७५,३३३	६५,९१७
७	सिडिएससि वार्षिक शुल्क	७६,८७०	६६,४३६
८	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	३२,०३०	२७,६८२
९	अन्य खर्च	१,३८०,९२७	१,०१०,०७६
	जम्मा खर्च	**१२,७३१,७८०**	**१०,९६५,१६८**
	कुल नाफा/(नोक्सान)	**२७,२२८,०३८**	**(१९,७८०,७९८)**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ फागुन मसान्तसम्म गरेको लगानीको परल मूल्य रु.८८३,७४२,०९७।२३ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुनसक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क) वाणिज्य बैंक			
१	कृषि विकास बैंक लिमिटेड	३०,९९९	९,७९५,६८४
२	एभरेष्ट बैंक लिमिटेड	७,०००	४,९४२,०००
३	ग्लोबल आइएमई बैंक लिमिटेड	३५,०००	८,५५०,५००
४	नबिल बैंक लिमिटेड	७९,९९८	४२,३१८,९४२
५	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	५२,६९५	११,३३४,६९५
६	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड संस्थापक	१२,३२६	१,९९८,०४५
७	नेपाल एसबिआई बैंक लिमिटेड	११,५२०	४,८२६,८८०
८	एनएमबि बैंक लिमिटेड	४८,३००	१२,४१३,१००
९	प्रभु बैंक लिमिटेड	६२,०००	१३,२१८,४००
१०	प्राइम कमर्सियल बैंक लिमिटेड	३३,०३५	८,३५७,८५५
११	सानिमा बैंक लिमिटेड	४६,८७५	१६,४७६,५६३
ख) विकास बैंक			
१	गरिमा विकास बैंक लिमिटेड	६४,४९७	२७,१२०,९८९
२	कामना सेवा विकास बैंक लिमिटेड	२३,०००	११,२२४,०००
३	लुम्बिनी विकास बैंक लिमिटेड	३१,३५१	१५,८५४,२०१
४	मुक्तिनाथ विकास बैंक लिमिटेड	१०२,९३३	४०,११२,९९०
५	सालपा विकास बैंक लिमिटेड	६४८	६१४,६९३
६	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	७३,३७१	३१,२३४,०३५
ग) हाइड्रोपावर कम्पनी			
१	अपि पावर कम्पनी लिमिटेड	३,१३७	१,०५४,९७३
२	अरुण काबेली पावर लिमिटेड	१५,०००	४,४२५,०००
३	बुङ्गल हाइड्रो लिमिटेड	१,०७२	७१२,८८०
४	बुटवल पावर कम्पनी लिमिटेड	२०,०००	१४,८७८,०००
५	दरमखोला हाइड्रो इनर्जी लिमिटेड	१,५१८	१,२२९,५८०
६	माबिलुङ इनर्जी लिमिटेड	७८०	६०८,४००
७	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१८,०००	११,२४४,६००
८	नेपाल हाइड्रो डेभलपर्स लिमिटेड	२,५०४	१,७३७,७७६
९	डादी ग्रुप पावर लिमिटेड	७,०००	३,२२०,०००
१०	साहस उर्जा कम्पनी लिमिटेड	१३,०००	८,००८,०००
११	सोलु हाइड्रोपावर लिमिटेड	३,७५०	३७५,०००
घ) लघुवित्त समूह			
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३,०००	२,४९०,०००
२	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	५,०००	३,३९९,५००
३	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,९७६	२६,३१४,८४८
४	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१२०	३४७,०८८
ङ) जीवन बिमा कम्पनी			
१	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,७७१	१६,५२६,२०२
२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	४८,७७२	१८,८५०,३७८
३	एशियन लाईफ इन्स्योरेन्स लिमिटेड	९०,३९१	४३,४९६,१४९
४	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३७,०००	२२,६४४,०००
५	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३९,६०५	१९,२१२,३८६
६	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४०,८६६	१८,८३९,२२६
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	३३,२७२	१६,६०२,७२८
८	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२९,२५०	१४,३३२,५००
च) निर्जीवन बिमा कम्पनी			
१	नेको इन्सुरेन्स लिमिटेड	४६,९५६	३०,९४४,००४
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	६०,३२८	३१,३७६,५९३
३	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	३७,१५०	१८,४६३,५५०
४	आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४०,५४०	१८,४४९,७५४
५	प्रभु इन्स्योरेन्स लिमिटेड	४७,९६०	३६,७३२,५६४
६	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	६३,५००	४६,४१८,५००
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४५,०००	२४,०३४,५००
छ) म्युचुअल फण्ड			
१	सिटिजन्स सन्तुलित योजना	१००,०००	९७०,०००
२	गरिमा समृद्धि योजना	६५०,०००	६,४०२,५००
३	कुमारी सबल योजना	३,०००,०००	२८,७४०,०००
४	मुक्तिनाथ म्युचल फण्ड १	२५०,०००	२,५००,०००
५	एनआईबिएल स्टेबल फण्ड	१,५००,०००	१४,४००,०००
६	एनएमबि हाइब्रिड फण्ड २	५००,०००	४,८०५,०००
ज) उत्पादन तथा प्रशोधन			
१	हिमालयन डिष्टिलरी लिमिटेड	३,०००	३,६००,०००
२	रिलायन्स स्पिनिङ मिल्स लिमिटेड	५१६	४६०,९४३
३	सागर डिष्टिलरी लिमिटेड	७९१	१,५५४,३१५
४	सर्वोत्तम सिमेन्ट लिमिटेड	१४,९९६	१३,५२६,३९२
५	शिवम् सिमेन्ट्स लिमिटेड	१५,१२५	९,९६७,३७५
६	श्रीनगर एग्रीटेक इन्डष्ट्रीज लिमिटेड	१,२७३	१,७३१,२८०
७	एसवाई प्यानल नेपाल लिमिटेड	१,९०१	३,५१६,८५०
झ) होटल एण्ड टुरिज्म			
१	चन्द्रागिरी हिल्स लिमिटेड	१५,०००	१३,०५०,०००
२	बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड	२,७४०	२,६४४,१००
३	होटल फरेष्ट इन लिमिटेड	१,४९१	१६६,६९४
४	ओरियन्टल होटल्स लिमिटेड	३,७३०	२,७७८,८५०
५	सोल्टी होटल लिमिटेड	८,६००	४,३९४,६००
ञ) अन्य			
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	३०,७९५	२७,३१५,१६५
२	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	७,०००	८,७५७,०००
३	झापा इनर्जी लिमिटेड	२९५	४३१,८८०
	जम्मा	**७,६४६,०१५**	**८६९,०७५,१९२**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११११७/८८/८८, फ्याक्सः ९७७-०१-५१११११८०
टोल फ्री नं. : १६६०-०१-७७७७७

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५१०५९९४, फ्याक्सः ९७७-१-५१०६६४८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

नेमारले विश्वकप गुमाउन सक्ने

एजेन्सी

घुँडाको चोटले सताइरहेका ब्राजिलियन नेमार जुनियरले फिटनेसकै कारण अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गर्ने विश्वकप फुटबल गुमाउन सक्ने प्रशिक्षक कार्लोस एन्सोलोटीले बताएका छन्

ब्राजिलका स्ट्राइकर नेमार जुनियरले आगामी फिफा विश्वकप फुटबल प्रतियोगिता गुमाउने निश्चित भएको छ। प्रशिक्षक कार्लोस एन्सेलोटीले अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्न लागेको विश्वकपमा नेमारलाई राष्ट्रिय टोलीमा समावेश नगर्ने संकेत गरेको ब्राजिलियन समाचार संस्था सिएनएनले खुलासा गरेको छ। ब्राजिल फुटबल संघ (सिबिएफ)ले पनि खेलाडीको चयनमा अन्तिम निर्णय प्रशिक्षकले गर्ने भनेको छ।

सिबिएफले प्रशिक्षकको खेलाडी चयनमा कुनै हस्तक्षेप नहुने हुँदा नेमार सम्भवतः विश्वकप टोलीबाट बाहिरिन सक्ने सिएनएनले जनाएको छ। पछिल्लो समयमा नेमार चोटग्रस्त छन्। उनको फिटनेसमाथि बारम्बार प्रश्न भइरहेको छ। ब्राजिलियन क्लबबाटै व्यावसायिक फुटबल खेलिरहेका नेमार यस सिजनमा खासै मैदानमा देखिएनन्। एन्सोलोटीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा उत्कृष्ट प्रदर्शन गरेका र फिटनेस भएका खेलाडीलाई मात्र जुन-जुलाईमा हुने विश्वकपमा स्थान दिने प्रस्ट पारेका छन्।

'अहिलेको अवस्था हेर्दा नेमारको विश्वकप खेल्ने सम्भावना छैन,' ब्राजिलको सिएनएनले भनेको छ, 'विशेष गरी उसको फिटनेसमाथि नै प्रश्न खडा भएको छ। यसैले टोलीमा स्थान बनाउन मुस्किल परेको देखिएको हो।' विश्वकपअगाडि प्रशिक्षक एन्सेलोटीले अभ्यास खेलका लागि टोली घोषणा गर्दा नेमारले स्थान बनाउन सकेनन्। विश्वकपको तयारीअगाडि ब्राजिलले फ्रान्स र क्रोएसियाविरुद्ध खेल्दै छ।



अन्तिमपटक विश्वकप खेल्ने इच्छा

नेमारले यसै साता ब्राजिलको एक स्थानीय टेलिभिजनमा अन्तर्वार्ता दिँदै आफू अन्तिमपटक विश्वकप खेल्ने इच्छा व्यक्त गरेका थिए। सन् २०१४ मा घरमै आयोजना भएको विश्वकपमा नेमार उत्कृष्ट फर्ममा थिए। त्यसवेला गम्भीर चोट बोकेका कारण उनले विश्वकप गुमाए। नेमारकै उत्कृष्ट प्रदर्शनमा ब्राजिलले १२ वर्षअघि भएको विश्वकपको सेमिफाइनल स्थान बनाए। त्यसयता नेमारको फर्म उतारचढाव भइरहेको छ। 'मेरो चाहना सन् २०२६ मै हुने विश्वकप अन्तिम खेल्ने हो,' नेमारले भने, 'यो इच्छा अब पूरा हुन गाह्रो छ। विश्वकप खेल्न नपाउँदा वा टोलीमा स्थान बनाउन सकिएन भने मानसिक रूपमा तनाव सधैं रहिरहनेछ।' ब्राजिलियन फुटबल संघले प्रशिक्षकको निर्णयमा केही नबोल्ने र हस्तक्षेप नगर्ने भनेपछि उनी झनै निराश बनेका हुन्।

खुसी छैनन् प्रशिक्षक एन्सेलोटी

प्रशिक्षक एन्सेलोटीले सिनियर खेलाडीका रूपमा नेमारलाई समावेश गर्ने योनजा नबनाएका होइनन्। तर, एन्सेलोटी नेमारको फिटनेस र खेलबाट खुसी हुन सकेनन्। गत साता सान्तोष एफसी र मिरासोलबिचको प्रतिस्पर्धा हेर्न स्पेनबाटै ब्राजिल निजी विमानमा पुगेका थिए। नेमार भने सो खेलमा उपस्थित भएनन्। उनले विशेष कारण देखाउँदै मैदानमा आउन नसक्ने विज्ञप्ति निकालेका थिए। एन्सोलोटीले नेमारको फिटनेस उत्कृष्ट नभएकाले प्रतिस्पर्धा नगरेको बताए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com